वर्ष : १५, अंक : ३७, काठमाडौं, २०७६ पुस २५ गते शुक्रबार, 10 January 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## सहकार्य बढ्दै जान्छ : कर्ण



काठमाडौं । राजपा नेपालका नेता लक्ष्मणलाल कर्णले सभामुख वा उपसभामुखमा आफूहरूको कुनै दाबी नरहेको स्पष्ट पारेका छन् । उनले भने, 'सभामुख वा उपसभामुखमा हाम्रो पार्टीको दाबी छैन । किनकी हाम्रो सामर्थ्य छैन् । यदि बहुमत हुनेले हामीलाई सभामुख वा उपसभामुख दिन तयार भए हामी पनि लिन तयार छौं । तर बहुमत हुनेले समर्थन वा प्रस्ताव नगरे हामी दाबी गर्दैनौं ।' प्रदेश २ को सरकार परिवर्तनबारे अनुमानको भरमा हल्ला चलाईएको भन्दै कर्णले गुनासो पोखे । उनले प्रदेश २ मा सरकार फेरबदल नहुने जिकिर गरे । उनले भने, 'राष्ट्रियसभा सदस्यको लागि माघ ९ गते निर्वाचन हुँदैछ । चुनाव सकिएलगत्तै थप सहकार्यको बारेमा छलफल हुन्छ । नेकपा विदेशी पार्टी होइन । यो पनि यही देशको पार्टी हो । हामी अहिलेपनि साथमै छौं । हामीबीच सहकार्य बढ्दै जान्छ ।'

## 'राजपा र सपा मधेशी दल होइनन्'



काठमाडौं । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले समाजवादी पार्टी र राजपा नेपालप्रति कडा टिप्पणी गरेका छन् । एक निजी टेलिभिजनलाई दिएको अन्तर्वार्तामा उनले ती दुवै पार्टी नयाँ भए पनि खेलाडीहरू पुरानै अनुहारको भएको टिप्पणी गरे । उनले राजपा र समाजवादी पार्टी मधेशको पार्टी नै नभएको पनि जिकिर गरे । पार्टीको नामबाट 'मधेश' शब्द नै हटाएर उनीहरूलाई जबरजस्ती मधेशी पार्टी भनिरहनुको कुनै तुक नभएको अध्यक्ष राउतले तर्क गरे । राउतले ती पार्टीले आफनो सिद्धान्तबाट मधेशवाद नै हटाएको पनि बताए । समाजवादी र राजपाको व्यवहार मधेशी दल जस्तो नभएको उनीहरूकै गतिविधिले प्रमाणित भएको पनि उनले जिकिर गरे । समाजवादीका नेताहरू पुरानै ब्रान्डको भएको भन्दै उनले एमालेमा ठाउँ नपाएर फोरमको नाममा आफनो पसल चलाएको पनि उनले टिप्पणी गरे । उनले मधेशका नाममा बनेका दलहरू अवसरवादको राजनीति गरेको आरोप लगाए । जनमत पार्टी सच्चा नेपाली जनताको पार्टी भएको दाबी गर्दै उनले भने, 'हामी कतैबाट फुटेर बनेका होइनौं । लाखौं रूपैयाँको तलब छाडेर पार्टीका लागि काम गर्ने कार्यकर्ता छन् ।' राष्ट्रिय सभाको निर्वाचनमा राजपाभित्र पैसाको भरमा उम्मेदवार छानिएको दाबी पनि उनले गरे ।

# गठबन्धनले राष्ट्रिय सभामा राजपालाई फाइदा

## नेकपा र राजपाको जीत सुनिश्चित, कांग्रेस र समाजवादीलाई 'नो चान्स'

**मधेशवाणी डेस्क**

काठमाडौं । राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि मनोनयन दर्ता भइसकेको छ । ५९ सदस्यीय राष्ट्रिय सभाका सदस्यमध्ये १९ जनाको आउँदो २० फागुनमा पदावधि सकिँदैछ । त्यसमध्ये १८ जनाको निर्वाचनको माध्यमबाट र एक जना सरकारको सिफारिशमा राष्ट्रपतिबाट मनोनित हुने छ । १८ जनाको निर्वाचन माघ ९ गते हुँदैछ ।

२०७४ मा सम्पन्न भएको प्रदेश सभा सदस्य र स्थानीय तहको निर्वाचित भएका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता रहेको राष्ट्रिय सभा सदस्यको निर्वाचनमा कुनै चमत्कार भएन भने नेकपाको १६ स्थान र राष्ट्रिय जनता पार्टीले दुई स्थानमा विजयी हुने छन् ।

राजपा नेपालको दुई स्थान कायमै रहेमा नेकपाले हालको नौ स्थानबाट आठ थपेर १६ स्थानमा जित्न सक्ने दलीय मतदाताको तथ्यांक छ । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस सहित समाजवादी र अन्य दलले यस निर्वाचनमा विजयी हुने अवस्था छैन ।

राष्ट्रिय सभाका सदस्यको पहिलोपटक एकतिहाइ सदस्यको पदावधि दुई वर्ष, अर्को एकतिहाइको चार वर्ष र बाँकी एकतिहाइको छ वर्षमा पदावधि समाप्त हुने संवैधानिक व्यवस्था छ । दुईवर्षे कार्यकाल पूरा गर्ने सदस्यको खाली पदका लागि यो निर्वाचन हुन लागेको हो । राष्ट्रिय सभाको सदस्यको पदावधि सकिनुभन्दा ३५ दिनअगाडि नै निर्वाचन गरिसक्नुपर्ने कानूनी व्यवस्था छ ।

राष्ट्रियसभामा १८ मध्ये २ स्थानमा राष्ट्रिय जनता पार्टी र १६ सांसद नेकपाकै निर्वाचित हुने निश्चित छ । कांग्रेसले पहिलो दुई वर्षपछि सात सदस्य राष्ट्रियसभामा गुमाउँदैछ । ५९ सदस्यीय सभामा कांग्रेसले १३ सांसद पाएको थियो । जसमा ७ जनाको कार्यकाल सकिएको छ । निर्वाचन आयोगका अनुसार राष्ट्रियसभा निर्वाचनमा ७५३ स्थानीय तहका १५०६ र प्रदेशसभा सदस्य ५५० गरी २०५६ मतदाता छन् । जसमा महिला मतदाता ९०७ र पुरूष मतदाता ११४९ रहेका छन् ।

स्थानीय तहमा ७१८ महिला र ७८८ पुरूष मतदाता छन् भने प्रदेश सभामा १८९ महिला र ३६१ पुरूष मतदाता छन् । जसमा सत्तारूढ दल नेकपाको बलियो उपस्थिति छ । राष्ट्रिय सभामा कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे, सचेतक सरिता प्रसाई, बिन्दादेवी आले, बद्री पाण्डे, मुक्ताकुमारी यादव, दुर्गाप्रसाद उपाध्याय र धनकुमारी खतिवडाको कार्यकाल सकिँदैछ । १३ जना मध्ये ७ जनाको कार्यकाल सकिएसँगै राष्ट्रियसभामा कांग्रेस अब ६ सांसदमा सीमित हुनेछ । किनकी माघ ९ गते हुने निर्वाचनमा कांग्रेसबाट एक जना पनि विजयी हुने सम्भावना देखिदैन ।

प्रदेश २ बाहेक ६ वटा प्रदेशमा नेकपाकै सरकार छ । प्रदेश २ मा भने समाजवादी पार्टी र राजपाको संयुक्त सरकार छ । प्रदेश सरकारमा कमजोर रहेको कांग्रेस स्थानीय तहमा पनि संख्यात्मक हिसाबले कमजोर छ । यही कारण पनि राष्ट्रियसभामा कांग्रेसको उपस्थिति विस्तारै घट्दै जानेछ ।

यद्यपी प्रदेश २ मा कांग्रेस र समाजवादी पार्टी नेपाल तथा नेकपा र राजपाबीच चुनावी तालमेल भएको छ । त्यहाँको नतिजा अनुमानविपरित नआउला भन्न सकिदैन ।

नेकपा भने १६ सांसदमार्फत थप बलियो बन्ने देखिन्छ । कुनै पनि प्रदेशमा सरकार बनाउन नसकेको प्रमुख प्रतिपक्षी कांग्रेसको स्थानीय तहमा पनि कमजोर उपस्थिति छ ।

राष्ट्रियसभा सदस्यका लागि प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्नेछन् । प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एकजना दलित र एकजना अपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित आठ जना गरी निर्वाचित गर्नुपर्ने हुन्छ ।

राष्ट्रियसभामा पहिलो दुई वर्षको कार्यकाल पूरा हुने सदस्यहरूमा सरिता प्रसाईं, सुरेन्द्रराज पाण्डे, हरिचरण शिवाकोटी, रामप्रीत पासवान, बिन्दादेवी आले, वृषेशचन्द्रलाल, बद्रीप्रसाद पाण्डे, बलरामप्रसाद बाँस्कोटा, मीना बुढा, मुक्ताकुमारी यादव, डा युवराज खतिवडा, युटोल तामाङ, रमेशप्रसाद यादव, राजकुमार यादव, दुर्गाप्रसाद उपाध्याय, धनकुमारी खतिवडा, कमलाकुमारी ओली, कालीबहादुर मल्ल र खेमराज नेपाली छन् । २० फागुनमा दुईवर्षे कार्यकाल पूरा गर्ने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नौ, नेपाली कांग्रेसका सात, राजपाका दुई र समाजवादी पार्टीका एक जना सदस्य छन् ।

राष्ट्रियसभा सदस्यका मतदाता गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, नगरपालिकाको प्रमुख र उपप्रमुख, प्रदेशसभाका सदस्य हुन् । यो निर्वाचनमा पहिलो हुने निर्वाचित हुने अर्थात् धेरै मत प्राप्त गर्ने नै विजयी हुने निर्वाचन प्रणालीबाटै उम्मेदवारको चयन हुनेछ । राष्ट्रियसभाको आगामी निर्वाचनबाट महिला सात, दलित

बाँकी अन्तिम पृष्ठमा

### मतदाताको अवस्था

| प्रदेश | राजनीतिक दल | मतदाता |
|---|---|---|
| प्रदेश १ कूल मतदाता ३६७ | नेकपा | २३६ |
| | नेपाली काँग्रेस | ११७ |
| | अन्य | १४ |
| प्रदेश २ कूल मतदाता ३७९ | नेकपा | ११५ |
| | नेपाली काँग्रेस | ९४ |
| | समाजवादी पार्टी | ८१ |
| | राजपा नेपाल | ७९ |
| | अन्य | १० |
| प्रदेश ३ कूल मतदाता ३४८ | नेकपा | २४६ |
| | नेपाली काँग्रेस | ८९ |
| | अन्य | १३ |
| गण्डकी प्रदेश कूल मतदाता २३० | नेकपा | १२० |
| | नेपाली काँग्रेस | ९६ |
| | अन्य | १४ |
| प्रदेश ५ कूल मतदाता ३०५ | नेकपा | १९२ |
| | नेपाली काँग्रेस | ८५ |
| | समाजवादी पार्टी | १६ |
| | राष्ट्रिय जनमोर्चा | ५ |
| | अन्य | ७ |
| कर्णाली प्रदेश कूल मतदाता १९८ | नेकपा | १४३ |
| | नेपाली काँग्रेस | ४६ |
| | अन्य | ९ |
| सुदूर पश्चिम प्रदेश कूल मतदाता २२९ | नेकपा | १४१ |
| | नेपाली काँग्रेस | ८६ |
| | राजपा | २ |

## राजपा र नेकपाबीचको सहकार्य समयानुकूल : शेखर कुमार सिंह



अन्तर्वार्ता पृष्ठ ३ मा

# मधेशमा आँखा लगाउँदै चीन

काठमाडौं । चीनले मधेशको विकासका लागि लगानी गर्ने प्रतिवद्धता जनाएको छ । राजपाका शीर्ष नेताहरूसँगको भेटमा चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरूले मधेशको विकासमा लगानी बढाउने प्रतिबद्धता जनाएका हुन ।

राजपा नेपालको केन्द्रीय कार्यालयमा नै पुगेर चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरूले मधेशको समग्र विकासका लागि चिनियाँ सरकारले लगानी बढाउने जनाए ।

चिनियाँ कम्युनिस्ट पार्टीका एसिया ब्युरोका जनरल डाइरेक्टर मा सियु सङ तथा सोही पार्टीका नेपाल-भारत विभागका निर्देशक च्याङ ज्यू क्विङले राजपा नेपालका संयोजक राजेन्द्र महतो र नेता महन्थ ठाकुरसँग भेट गरेका हुन ।

छलफलमा राजपाका शीर्ष नेतृत्वले पहाडमा मात्रै लगानी नभई सन्तुलित विकासका लागि सबै क्षेत्र र भूगोलमा लगानी बढाउनुपर्नेमा जोड दिएका थिए । राजपाको प्रस्तावमा चिनियाँ टोली सकारात्मक जबाब दिएका थिए । उक्त भेटमा वैदेशिक सहयोगसमेत सन्तुलित हुन नसकेको विषयमा राजपा नेपाल र चिनियाँ कम्युनिस्ट पार्टीका प्रतिनिधिबीच गम्भीर छलफल भएको थियो ।

चिनियाँहरूले पहाडमा मात्रै विकासमा जोड गर्दा सन्तुलित विकास हुन नसकेको गुनासो राजपा नेपालका अध्यक्षद्वय ठाकुर र महतोले गरेका थिए ।

पछिल्लो समय चीनले पनि मधेशको गतिविधिमा संलग्नता बढाउँदै आएको छ । मधेशमा हुने चीनविरोधी गतिविधि नियन्त्रणका लागि पनि राजपा नेपालसँग सबन्ध बढाएको हुन सक्ने अनुमान गरिएको छ ।

# प्रदेश २ को आधारपत्र सार्वजनिक

जनकपुरधाम । प्रदेश सरकारको पहिलो पञ्चवर्षिय आवधिक योजनाको आधारपत्र २०७६ बुधबार सार्वजनिक गरिएको छ । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले पहिलो पञ्चवर्षीय आवधिक योजना सार्वजनिक गर्दै नीति तथा कार्यक्रममा समेटिएको योजनाहरू यसैलाई टेकेर अगाडी बढाउने बताए । आवधिक योजनाको आधारपत्रलाई टेकेर योजनाहरू ल्याउने मुख्यमन्त्री राउतले थपे । प्रदेश नीति आयोगका अध्यक्ष समेत रहनुभएका मुख्यमन्त्री राउतले आउँदो आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि आवधिक योजनाको आधारपत्रलाई टेकेर योजनाहरू समावेश गर्ने बताए । बुधबार आयोजित पत्रकार सम्मेलनमा नीति आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झाले आउँदो पाँच वर्षपछि प्रादेशिक आर्थिक वृद्धि दर ११ प्रतिशत पुर्‍याउने लक्ष्य लिएको बताए । प्रदेश २ को आर्थिक वृद्धि दर ६.५३ बाट आउँदो पाँच वर्षमा ११ प्रतिशत पुग्ने लक्ष्य राखिएको उनले बताए । २७.७ प्रतिशत रहेको गरिबी दर घटाएर २१ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । प्रदेशको कुल ग्राहस्थ उत्पादन ४ सय ८८ अर्बबाट ६ सय अर्ब पुर्‍याउने लक्ष्य लिएको उपाध्यक्ष डा. झाले बताए ।

## समय सन्दर्भ

निमिष झा



# भ्रमण वर्षको आलोकमा मधेशको पर्यटन

**अब 'अतिथि देवो भव' को मन्त्र जपेर मात्र नेपालमा पर्यटक भित्रिने छैनन् । हामी सबैले आफ्नो दैनिक व्यवहारमा पर्यटकलाई पृथक रूपमा नेपालीपनको सेवा दिने शैलीमा परिवर्तन गर्न जरूरी छ ।**

नेपाल भ्रमण वर्ष २०२० औपचारिक रूपमा प्रारम्भ भइसकेको छ । २०२० लाई नेपाल भ्रमण वर्ष मनाएर २० लाख पर्यटक भित्रयाउने लक्ष्य रहेको छ । सरकारको यो ठूलो महत्वाकांक्षी अभियानमा भने आन्तरिक पर्यटन विकास उदासिन देखिएको छ । राष्ट्रिय अर्थतन्त्रमा आन्तरिक पर्यटनको कस्तो योगदान रहदै आएको छ, यसका सम्भावना र चुनौती के के हुन प्राथमिकताका साथ यसको सुक्ष्म अध्ययन, विश्लेषण गरेको देखिदैन् ।

देशभरी घुम्नपर्ने ठाउँहरूको नाम सार्वजनिक गर्नु, त्यस ठाउँमा जानका लागि हवाई र सडक मार्गको जानकारी संकलन गर्नु, विभिन्न देशहरूमा भ्रमण वर्षको विषयमा केन्द्रित भई मेला, उत्सव, महोत्सवहरूको आयोजना गर्नु, बासस्थानको लागि होटेल, लजको व्यवस्था कस्तो छ भनेर होटेर व्यवयासीहरूसँग छलफल गर्नु, विभिन्न निजी क्षेत्रलाई पनि समेटेर अगाडि बढ्ने योजना बनाउनु जस्ता काम भ्रमण वर्षलाई लक्षित गरी पर्यटन मन्त्रालय र भिजिट नेपाल बर्ष संस्थाले गर्दै आएको छ । के यतिले भ्रमण वर्षको लक्ष्य भेट्टाउन सकिएका ल त?

प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक र ऐतिहासिक सभ्यताले सम्पन्न रहेको नेपालमा विश्वका धेरै देशहरूबाट पर्यटकहरू आउने गरेका छन् । मुख्यत: मनोरञ्जनका लागि पर्यटकहरू यहाँ आएता पनि धार्मिक र ऐतिहासिक स्थलहरूको बारेमा जानकारी लिन, राजनीतिक व्यवस्थामा भएको परिवर्तनको विषयमा बुझ्न, खोज तथा अनुसन्धानको गर्नका साथै हाम्रो संस्कृति र पुरात्ताविक वस्तुहरूलाई हेर्नको लागि बढी पर्यटन आउने गरेका हुन । प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक र ऐतिहासिक सभ्यताले सम्पन्न रहेको नेपालमा विश्वका धेरै देशहरूबाट पर्यटकहरू आउने गरेका छन् ।

संघीय व्यवस्था अपनाइसकेको हाम्रो मुलकले स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा पर्यटन क्षेत्रको विकास गर्न सक्ने हो भने त्यसबाट देश विकासका लागि आधार तय हुन सक्ने निश्चित छ ।

**मधेशको सम्भावना**

मधेश र विशेष गरी प्रदेश २ पर्यटकीय स्थलहरू र पर्यटनका सम्भावनाहरूको धनी क्षेत्र हो । झापादेखि कञ्चनपुरसम्म दर्जनौं चर्चित पर्यटकीय स्थलहरू रहेका छन् । हिमाली तथा पहाडी जिल्लामा पर्यटन व्यवसायबाट स्थानीय जनताले राम्रो आम्दानी गर्न थालिसकेको परिप्रेक्षमा मधेशमा त्यो संस्कृतिको अझ राम्ररी विकास हुन सकेको पाइदैन । घुम्न आएका पर्यटकलाई आफ्नो ठाउँमा कसरी टिकाउने र उनीहरूलाई मनोरञ्जन दिएर कसरी आफ्नै ठाउँमा खर्च गर्न लगाउने भन्ने विषयमा न त स्थानीय जनताले सोचेको पाईन्छ न पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले नै ठोस कदम चालेको देखिन्छ ।

प्रदेश २ मा पर्ने जनकपुर धार्मिक हिसाबले महत्वपूर्ण पर्यटकीय स्थान हो । भारतबाट मात्र हजारौं पर्यटक यहाँ आउने गरेका छन् । उनीहरूलाई जनकपुर लगायत प्रदेश २ का अन्य स्थानहरू घुमाउन सकेमा यहाँ पर्यटकलाई २ दिन टिकाउन सकिन्छ तर उनीहरू बिहान आएर बेलुका फकर्ने गरेको पाईन्छ । जनकपुरमा बासस्थानको मुख्य समस्या रहेको देखिन्छ । आफूले खाजेको जस्तो होटेल, लजको व्यवस्था नहुने भएपछि अधिकांश पर्यटकहरू त्यहाँ नबसी अयन्त्र ठाउँमा जाने गरेका छन् । जनकपुर बाहेक प्रदेश २ को बाराको गढीमाई मन्दिर, रौतहटको शिवनगर मन्दिर, बडेवाताल, राजदेवी मन्दिर, छिन्नामस्ता, जलेश्वर मन्दिर जस्ता धेरै धार्मिक स्थलहरू यहाँ रहेका छन् । प्रदेश २ सरकारले धार्मिक पर्यटनलाई मात्र प्रबर्द्धन गर्न सक्ने हो भने यो प्रदेश एउटा नमुना प्रदेशको रूपमा विकास हुनसक्छ तर यो क्षेत्रको विकासका लागि न संघीय सरकारले ध्यान दिएको पाईन्छ न प्रदेश सरकारले नै ध्यान दिएको छ ।

ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्तित्वक दस्तावेजले बाराको सिम्रौनगढलाई इतिहासको खुल्ला संग्रहालयको रूपमा लिने गरिएको छ । बलि नचढाइने संसारकै एकमात्र हिन्दु धर्मावलम्बीको शक्तिपीठको नामले परिचित कंकाली मन्दिर यसै क्षेत्रमा पर्छ । १२ औं शताव्दीमा तत्कालीन राजा शिवसिंहद्वारा निर्माण गरिएको महत्वपूर्ण राष्ट्रिय सम्पदा रानीबास मन्दिरले पनि आफ्नो छुट्टै पहिचान बोकेको छ । राष्ट्रकै सबभन्दा ठूलो पोखरा

बाँकी अन्तिम पृष्ठमा



## सम्पादकीय

# किसानलाई लोकतन्त्र खै ?

भनिन्छ नेपाल कृषिप्रधान देश हो र यहाँ कुल जनसंख्याको ६७ प्रतिशत जनता कृषि पेसामा आबद्ध छन् । कृषिले कुल ग्राहस्थ उत्पादनको ३३ प्रतिशत योगदान दिएपनि यो पेसा अझैसम्म मर्यादित, सम्मानित र राज्यको मुख्य बन्न सकेको छैन । जसका कारण कृषकले वर्षेनी समस्या भोग्दै आउनु परेको छ । तीसको दशकसम्म नेपाल चामल, खुर्सानी, घ्यु, जुट, मह निर्यात नदथ्यौ । तर आज नेपाल बार्षिक २ खर्बभन्दा बढीको अन्न निर्यात गरिरहेको छ । राज्यले ठोस नीति नियम ल्याउन नसक्दा नेपालको कृषि प्रणाली नै ध्वस्त बनेको छ । यस्तोमा किसानलाई हेरि दिने को ?
किसानको भावना बिपरित मौलाएको विचौलिया पद्दतिका कारण पनि किसानहरू कृषि पेशाबाट पलायन भइरहेका छन् । जसको जवलन्त उदाहरण हालै सर्लाहीका उखु किसानहरूले काठमाडौंमा गरेको आन्दोलन हो ।
भनिन्छ सर्वहारा र किसानको आँसु कम्युनिष्टहरूले पिउँछन् । तर जहाँ दुई तिहाइको बलियो सरकार छ, उसकै पालामा किसानहरूले आन्दोलन गर्नु भनेको अझै किसानहरूका लागि लोकतन्त्र नआएको जस्तो नै हो ।
उखु किसान राजधानी आएर सरकारलाई गुहारिरहँदा पनि कम्युनिष्ट सरकारले हलका रूपमा लिनुभनेको निश्चय पनि लोकतन्त्रको उपहास हो । नेपाली कम्युनिष्टलाई भ्रष्टाचारको फोहरमा आहाल बस्ने बानी परिसकेका कारण यस्तो भएको हो ।

**कृषकका लागि काम गर्ने सर्वहाराको व्याख्याता कृषि मन्त्री घनश्याम भुसालको मौनता उनकै समाजवाद र कृषि क्रान्तिलाई गिज्याइरहेको छ ।**

भनिन्छ आँसुले पोल्छ । शायद अरूलाई पोल्ला, कम्युनिष्टलाई आँसुले तातोन्यानो आउनेरहेछ ।१७ हजारको हत्या हुने जनयुद्ध गरेका कम्युनिष्टहरू सत्तामा छन, उनीहरूलाई हिजो आँसुले पोलेन, यस्ता निरीह किसानको आँसुले कसरी पोल्थ्यो र ? एमालेमा रहँदा समाजवादको वकालत गर्ने घनश्याम भुषाल अहिले कृषि मन्त्री छन् तर किसानहरूले पुसको सिरेटोमा माइतीघर मण्डलमा आफनो हकका लागि लडाइँ गरिरहँदा कहाँ गयो उनको समाजवाद । त्यसैले समाजवाद अहिले कम्युनिष्ट सरकार र पार्टीको लागि फगत देखाउने वस्तु मात्र बनेको छ । कृषकका लागि काम गर्ने सर्वहाराको व्याख्याता कृषि मन्त्री भुसालको मौनता उनकै समाजवाद र कृषि क्रान्तिलाई गिज्याइरहेको छ ।
घनश्याम भुसालको कृषि क्रान्ति भनेको आफ्नो उब्जनीको मूल्य नपाएर सडकमै यसरी रूनु, कराउनु, चिच्याउनु र मर्नु रहेछ हो ? भुसालको सर्वहारावाद भनेको किसानको जीवन हरण गर्नु हो ?
यसो पनि भनिन्छ सिंहदरबारको अधिकार गाउँ गाउँ पुगेको छ । यदि सिंहदरवार गाउँ पुगेको भए किन किसानहरूले सिंहदरवारलाई गुहार्नु पर्ने अवस्था आएको हो ? गुलियो चिनीको तीतो यथार्थमात्र होइन यो । यो लोकतन्त्रको मृत्यु हो । किसानले ऋण लिएर उखु उत्पादन गरेको यर्थाथ बुझ्न नसक्ने सरकारको कमजोरी हो । त्यसैले नेपालमा लोकतन्त्र छ भनेर कसैले भन्छ भने पहिला यी किसानको आँसु र पीडा हेर्नुपर्छ ।
उखु किसानका पीडा अलि बढी मार्मिक रहेको छ । यो वर्ष पनि किसान त्यही विडम्बनापूर्ण नियति भोग्न बाध्य छन् । चिनी उद्योगीले ठगेको कुरा सार्वजनिक भएपनि प्रधानमन्त्रीसमेत यस मामिलामा गम्भीर हस्तक्षेप गर्न नसक्नु किसानहरूको अपमान हो ।
देशका राजनीतिक दलहरू, तिनका नेता एवं कार्यकर्ता तथा कतिपय किसान नेताहरू पनि किसानमैत्री नभएर उद्योगपतिकै संरक्षक र शुभचिन्तक साबित भएका कारण पनि उखु किसानहरूको समस्या समयमा सम्बोधन हुन नसकेको हो ।

# अधिकार आन्दोलनमा मधेशको भूमिका

## विचार-विश्लेषण भाग-५४



उपेन्द्र झा

**राजनीतिक अधिकार, जनताको मौलिक हक, समानता, मानवाधिकारबारे जनतामा व्यापक चेतनाको विकास भएकोले अधिकारवादी आन्दोलन सशक्त भएको थियो ।**

मधेशसँग चर्को अन्तर्विरोध राखेपनि नेपालको हरेक आन्दोलनमा मधेशको सक्रिय सहभागितालाई पहाडी शासकवर्गले नकार्न सकेन । मधेशको सघन बसोवास तथा पहाडी शासकवर्गको काइते भाषासँग कुनै शंका नलिई विश्वास गर्ने मधेशीहरूले शासकहरूलाई सहयोग गर्नेदेखि लिएर शहादत दिएर आन्दोलनलाई उत्कर्षमा लैजानेसम्म मधेश कहिल्यै पछि हटेन ।

भारतमा पनि ब्रिटीश उपनिवेशबाट मुक्ति पाउनका लागि आन्दोलन चलि रहेको थियो । नेपालपनि एकतन्त्री राणा शासनबाट मुक्त हुन छटपटाई रहेको थियो । दुबैतिर आन्दोलनको अपरिहार्यताले आम जनतामा चेतनाको लहर बढाई रहेको थियो । यही चेतनाले दुबैतिरका नेता, आन्दोलनकारी शक्तिबीच तादात्मय स्थापित गरेको थियो । दुई देशको सिमानाले पनि अधिकारवादी आन्दोलनको पारस्परिक सहयोगलाई छेक्न सकेको थिएन । यसको ठूलो उदाहरण वि.सं. १९९९ (सन् १९४२) मा ब्रिटीश सरकारविरूद्ध "भारत छाडौं" आन्दोलन चलाई रहेको केही भारतीय स्वतन्त्रता सेनानीहरू भागेर नेपाल प्रवेश गर्दा सप्तरी कोइलाडीका ५ विशिष्ट व्यक्तिहरू जयमंगल प्रसाद सिंह (जंगली बावु, रामराजा प्रसाद सिंहका पिता) चतुरानन्द सिंह, रामेश्वर सिंह, तारणी प्रसाद सिंह र वीर बहादुर सिंहहरूले भारतीय क्रान्तिकारीहरूको आवास, खानपानको व्यवस्था मिलाएका थिए ।

जयप्रकाश नारायणको नेतृत्वमा आएका स्वतन्त्रता सेनाहरूमा अच्युत पटवर्द्धन, बहिनी बिजया पटवर्द्धन, डा. राम मनोहर लोहिया, डा. बैजनाथ झा, बावा श्यामनन्द, ब्रजकिशोर शास्त्री र कार्तिक प्रसाद सिंह थिए । सरदार नित्यानन्द सिंहको नेतृत्वमा "आजाद दस्ता" गठन गरि कुशहा जंगलमा आम्से ट्रेनिङ दिलाउने व्यवस्था नेपाल सरकारका बागी जामिन्दार दलबहादुर सिंहलाई सुम्पियो ।

ब्रिटीश सरकारका आज्ञापालक दलाल राणा सरकारले ती सबै स्वतन्त्रता सेनानीहरूलाई सप्तरीको कुशहाबाट पक्राउ गरी हनुमाननगर जेलमा राख्यो । भारतका क्रान्तिकारी पाहुनाहरूलाई गिरफ्तारीबाट बचाउन नसक्दा ती व्यक्तिहरू शर्मिन्दा भए । जेलबाट रिहा गराउन सबै बवुआनहरू बडा हाकीमलाई ५०,००० को प्रलोभन लिएर जाँदा उल्टै गाली बेइज्जती सहनु पऱ्यो । त्यसपछि नेपाली क्रन्तिकारीहरूले हनुमाननगर जेल तोड्ने निश्चय गरी वि.सं. २००० सालको अषाढ महिनामा जेल तोडेर भारतीय स्वतन्त्रता सेनानीहरू सबैलाई रिहा गरी भारत पठाइयो । कोइलाडीका रामेश्वर प्रसाद सिंह, जयमंगल प्र.सिंह र तारणी प्रसाद सिंहद्वारा गठित "संघर्ष समिति" का सयकडौं मधेशी युवाहरू सो ऐतिहासिक घट्नामा गिरफ्तार भए ।

तारणी प्र.सिंह, मीन बहादुर सिंह, शखडाको अब्दुल मियाँ, कुशहाको कृष्णबीर कामी, किशन दुसाध, शमशेरपुरको सेवक माझी, दल बहादुर सिंहको पोतीहा कारिन्दा रामजी सिंह, शभुहन प्रसाद सिंह, रामेश्वर प्रसाद सिंह, चतुरानन्द प्रसाद सिंह, जयमंगल प्रसाद सिंह, मीन बहादुर सिंह, विन्देश्वरी प्रसाद सिंह, अखण्ड नारायण सिंह, रामदत्त कोईराला, जे.सी. समर बहादुर प्रजापति, कामानन्द मिश्र, नेबु मण्डल, विष्णुध्वज श्रेष्ठ, बैजनाथ उपाध्याय, आनन्दी प्रसाद सिंह, चन्द्रनारायण सिंह, देवनारायण सिंह, आदि सबै १५० जना जति गिरफ्तार भए । सन् १९४४ वि.सं. २००१ मा सबै महात्मा गान्धीको अनुरोधमा सबै रिहा भए । अब्दुल मियाँ, कृष्णवीर कामी र नेबु मण्डल जेलमा मारिए ।

भारतीय स्वतन्त्रता आन्दोलनमा नेपाली जनता तथा नेपालका स्वतन्त्रता आन्दोलनमा भारतको जनताको सहयोग भई नै रह्यो । नेपालका क्रन्तिकारीहरू प्रतिवन्धित अवस्थामा भारतमा नै शरण लिएर क्रन्तिकारी गतिविधी संचालन गर्थे । दुबैतिरको स्वतन्त्रता आन्दोलनले मधेशी जनतामा राजनीतिक चेतना बढेर आयो । यसरी आफ्नो अधिकारप्रति आवाज उठाउने क्षमताको विकासले नै हरेक आन्दोलनको उर्बर भूमि मधेश बन्यो ।

राणाहरूको निरंकुश शासनबाट मुक्ति पाउन नेपाली जनता छटपटाई रहेको परिस्थितिले चारैतिर क्रान्तिको मशाल बाल्ने राजनीतिक चेतना फैलिसकेको थियो । भारत स्वतन्त्र भएपछि राणा सरकार धेरै कमजोर भईसकेको थियो । ब्रिटीशको कृपापात्र रहेको राणा सरकार बेसहारा भएको र भारत पनि नेपाली राजनीतिमा सक्रिय भएको अवस्थामा राणा सरकारले ३ वर्ष आफ्नै बूतामा सरकार चलाएर २००७ सालमा ढल्यो ।

राजनीतिक अधिकार, जनताको मौलिक हक, समानता, मानवाधिकारबारे जनतामा व्यापक चेतनाको विकास भएकोले अधिकारवादी आन्दोलन सशक्त भएको थियो । निरंकूशतन्त्रमा कुण्ठित रहेका मानवाधिकार र यसबाट सृजित समस्याको पीडाबाट मुक्त भई २००७ सालको उज्यालोमा आई सकेको नेपाली जनता पटक पटक शासकीय प्रवृतिको जालझेलमा परि पीडाबोध गरि नै रहे ।

राणा शासन विरूद्ध ५ मई १९३५ (वि.सं.१९९२) मा जनकपुरमा युवाहरू पं. रामाकान्त झाको नेतृत्वमा २२ युवाहरूले पापमोचनीमा भेला भई रगतबाट हस्ताक्षर गरि "संघर्ष समिति" बनाएर शपथ लिए । ती थिए-पं. रामाकान्त झा, अनिरूद्ध प्र. सिंह, बोध प्रसाद उपाध्याय, कमलकान्त चौधरी, देवशंकर गिरी, जमुना प्रसाद सिंह, श्रीकान्त ठाकुर, बलभद्र चौधरी, बौएलाल झा, राम दुलार साह, पं. रामचन्द्र झा, राजेश्वर निधी, महंथ गोकुल गिरी, गंगेश्वर झा, गुलाब नारायण झा, कुँवर झा, रामनन्द ठाकुर, पं. सूर्यकान्त झा, यिनी भूमिगत रूपमा संघर्षमा होमिएका थिए ।

वि.सं. १९९३ मा काठमाडौंका पहिलो मधेशी पत्रकार रघुनाथ प्र. गुप्ता राणा सरकार विरूद्ध जन चेतना फैलाउने उद्देश्यले दिल्लीबाट पत्रिका प्रकाशन गरि काठमाडौंमा प्रचारप्रसार गर्थे । वि.सं. १९९३ मा विरगंज मोर्चाका युवा क्रन्तिकारी राजलाल कलवारलाई राणा सरकारले गिरफ्तार गरि ५ सालको लागि जेल चलान गरेको थियो । वि.सं. १९९५ सालमा शुक्रराज शास्त्रीद्वारा राणा सरकार विरूद्ध "नेपाली नागरिक अधिकार समिति" स्थापना गर्दा सोही समितिमा राजलाल कलवारको नाम उल्लेख छ ।

राणाविरोधी आन्दोलनमा इकाई समितिहरू नेपालमा भूमिगत तथा भारतमा सर्वत्र गठन भईरहेका थिए । देहरादूनमा रहेका नेपालीहरू, असम, गोहाटी, डिबुगढ, दार्जिलिङ आदि ठाउँमा धमाधम संघर्ष समिति गठन हुने क्रम जारी थियो । मधेशमा बृहद रूपमा युवाहरू संचालित थिए । भारत भूमि प्रयोग गरेर नेपालमा भूमिगत गतिविधी संचालन गर्न सहज भएकोले मधेशका युवाहरू बढि सक्रिय रहन्थे । भारतको सहयोग सजक उपलब्ध हुने सुविधाले संघर्षको केन्द्र मधेश नै बनेको थियो । क्रमशः

janukjha24@gmail.com

## सताको सात बात



वैदेशिक सहयोग लिँदा राष्ट्रिय स्वार्थका लागि हित हुनेछ भने त्यसमा अवरोध गर्न हुँदैन । कुन देशले सहयोग सहयोग गर्छ भन्ने कुरालाई सैद्धान्तिकीकरण गर्न हुँदैन । चिनियाँ सहयोग परियोजना सैन्य गतिविधिसँग सम्बन्धित नभई विकास परियोजनासँग सम्बन्धित हो । **ईश्वर पोखरेल, उपप्रधान तथा रक्षामन्त्री**



जेका लागि सरकारमा गएका थियौं, त्यो नहुने भएपछि बाहिरिएका हौं , अब सदन र सडकबाटै संविधान संशोधन गर्न बाध्य पाछौं । नेकपासँग मिलेर राजपा प्रदेश २ को सरकार परिवर्तनको दिशामा गयो भने त्यो उसका लागि आत्मघाती कदम हुनेछ । **उपेन्द्र यादव, अध्यक्ष, समाजवादी पार्टी**



सर्वसम्मतबाट राष्ट्रियसभा उम्मेदवार चयन गरिएको हो । उम्मेदवार चयनमा सबैको सहमति छ र पार्टीमा योगदान गरेका र क्षमताका आधारमा छनोट गरिएको छ । पार्टीको विधान र नीति अनुसार निर्णय भएकोले अब चुनाव जित्ने गरी अगाडि बढिएको छ । **राजेन्द्र महतो, संयोजक, राष्ट्रिय जनता पार्टी**



संविधानको मर्म विपरीत प्रेस स्वतन्त्रता कुण्ठित हुने अवस्था आए म आफैं राजीनामा दिएर आन्दोलनमा उत्रने तयार छु । सरकारले समृद्ध नेपाल, गरीब पत्रकारिता' को अवधारणा लिएको छैन, अबको पत्रकारितालाई स्वर्ण युगमा बदल्नुपर्छ । **गोकुल बाँस्कोटा, सूचना तथा संचारमन्त्री**



'प्रदेशको नामाकरण र राजधानी चयन पार्टीका शीर्ष नेताको निरंकुशताको बन्दी हुने यो कस्तो तरिका हो ? कम्युनिष्ट पार्टीका नेताको निरंकुशताले कार्यकर्ता आँसु बगाउँदैछन् । लोकतान्त्रिक प्रक्रियाप्रति आस्था छ भने यो समस्या तत्काल हल गर्नुपर्छ । **जितेन्द्र देव, नेता, नेपाली कांग्रेस**



तीन तहका सरकारले संविधानको मर्म र भावना अनुसार आ-आफ्नो अधिकारलाई प्रयोग गर्नुपर्छ । साझा अधिकार प्रयोग सम्बन्धी कानून निर्माणमा संघीय सरकार संवेदनशील बन्नुपर्छ । स्थानीय तहले कानून निर्माण, कार्यान्वयन र जनतामा नजिता पस्कन सक्नुपर्छ । **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**



समानुपातिक समावेशिताको नारा लगाउँदै आएका मधेशकेन्द्रित दलले समेत दलितलाई उम्मेदवार बनाउन नसक्नुले उनीहरू राज्यसँग सक्दो अधिकार लिने तर आफु भने मधेशभित्रको विवधतालाई सम्बोधन गर्न नचाहने प्रमाणित भएको छ । **भोला पासवान, दलित अभियान्ता**

# मनमोहक छ मधेश



सुधा मिश्र

ऋतु र मौषम अनुसार पर्व मनाउनु मधेसको एउटा विशेष पहिचान हो।मौषम अनुसारको संस्कृति र त्यही अनुसारको खानपिनले हरेक पर्व र त्योहारमा विशेष उत्साह र उमंग मधेसमा देखिन्छ । हेमन्त ऋतुको बिदाइ र गृष्म ऋतुको आवगनको सुवागतमा माघ १ लाई मधेसमा माघे संक्रान्तिको रूपमा मनाइने गरिन्छ ।माघ १ मा तिलबा (तिलको लड्डु) खाने चलन भएको हुनाले माघे संक्रान्तिलाई तिला संक्रान्ति पनि भन्ने गरिन्छ ।

पौराणिक कथा अनुसार एक व्यापारीले राम्रो व्यापार गर्दै थिए । उसको तिलको राम्रो बिक्री थियो ।तर स्टक कहिले सकिएन । व्यापारीको मनमा उत्सुकता जाग्यो र उसले यसको लागि खोजी गर्दै जाँदा एक दिन भण्डारको थुप्रो सफा गर्दा उनले भगवान विष्णुको मुर्ति तिल मुनि भेट्टाए। त्यसपछि त्यस मुर्तिलाई तिल माधवको रूपमा पुजा गर्न थालियो । भनिन्छ तिल माधवको पुजा गर्दा अन्न, समृद्धि र धनको आपूर्ति हुन्छ ।

हिन्दुहरूको महान महाकाव्य महाभारत अनुसार माघे संक्रान्तिबाट सुर्य मकर राशिमा प्रवेश गर्छन् । यस दिनबाट सुर्य आफ्नो दक्षिण स्थान छोड्छ र उत्तर दिशाको यात्रा सुरू गर्दछ। हिन्दु धर्म अनुसार सुर्य उत्तर दिशातिर लाग्नु भनेको शुभ दिनको शुरूआत हुनु हो। महाभारतमा भीष्म नदी गंगा र राजा शान्तनुका छोरा थिए । उनलाई इच्छा मृत्युको वरदान थियो । भीष्म मृत्यु धारण नगरी अर्जुनले प्रहार गरेको वाणको खाटमा सुतिरहेका थिए ।माघे संक्रान्तिका दिन सुर्य मकर राशिमा प्रवेश गर्दा उनले देह त्याग गरे। यस राशिमा मर्ने व्यक्ति स्वर्गमा जान्छन् र जीवन , मृत्यु र पुनर्जन्मको कष्टबाट स्वतन्त्र हुने जनविश्वास रहेको छ ।

माघे संक्रान्ति थारू समुदायको सबैभन्दा ठुलो चाड हो ।उनीहरू यसलाई माघी पनि भन्छन् । माघीलाई उनीहरू नव वर्षको रूपमा पनि मनाउने गर्छन् ।धार्मिक तथा सांस्कृतिक रूपले महत्त्व मानिएको माघी पर्व थारू समुदायले पुसको अन्तिम साता देखि माघको पहिलो साता सम्म मनाउने गर्छन् । उनीहरू यो पर्वलाई नयाँ आर्थिक वर्ष , घर सल्लाह गर्ने पर्व, अगुवा चुन्ने पर्व , छोरी चेलीलाई उपहार दिने पर्व , सम्बन्ध प्रगाढ बनाउने पर्वको रूपमा पनि लिने गर्छन् । माघी पर्वमा तिलको लड्डु , सखरखण्ड, भक्का, बगिया, घोघी, मासु, माछा लगायतका थारू परिकार बनाई खाने चलन छ ।

मधेसमा तिला सकराइतको नामले प्रचलित माघ संक्रान्तिमा घर नजिकको पोखरी, तलाउ वा कुनै जलाशयमा डुबकी लगाएर नुहाउने चलन छ। आजकाल घरमै पुर्ण स्नान गर्ने गर्छन् । नुहाएर तिलको आगो ताप्ने चलन छ।तिलको धुवाँले पाप पखालिन्छ भने जनविश्वास रहिआएको छ। घरका श्रेष्ठले पुजा गरेर प्रसादको रूपमा तिल सखर बाँडने गर्छन् ।यो प्रसाद खाए पछि तिल बहने अर्थात आफ्नो कुरा मान्ने , बुढेसकालमा कालमा हेरचाह गर्ने विश्वास रहिआएको छ। माघ महिना भरि बिहानै ( सुर्यदय भन्दा पहिले ) नुहाएर पुजापाठ गर्ने गर्छन् जसलाई माघ स्नान भनिन्छ ।

माघ संक्रान्तिको दिन तिलको लड्डु पहिले खाएर त्यसपछि चुरलाई र लाई ( चिउरा र भुजाको लड्डु ) दही साथ खाने गर्छन् । माघ संक्रान्तिको दिनको खास परिकार मध्ये खिचडी एक हो । यो पर्वको दिन खिचडी बिहानको खानामा खाने गरिन्छ ।मधेसमा भन्ने गरिन्छ , " खिचडीके चारि यार

दही,पापड , घीअँचार" खिचडी सँगै दही, पापड, घ्यू ,आँपको अँचार र तरूवा (मधेसको प्रख्यात परिकार) खाने गरिन्छ ।

मधेसमा माघे संक्रान्तिको दिनमा पाहुनालाई खिचडी , तिलबा, दही र तरूवा लिएर सत्कार गरिन्छ ।चिसो मौषममा तिल र सखरको सेवनले न्यानो दिन्छ । वैज्ञानिक दृश्टिकोणले पनि यो परिकार लाभदायक छ ।

विभिन्न जात , वर्ग र समुदायले सुसज्जित मधेसमा सबैले आ( आफ्नो चलन अनुसार पर्व मनाउने गर्छन् । आफ्नो परम्परा र संस्कृतिलाई निरन्तरता दिनु महान काम हो । ई अति सुन्दर परम्परा र संस्कृतिका कारण मधेस मनमोहक छ । सुवासित छ ।

# राजपा र नेकपाबीचको सहकार्य समयानुकूल

## अहिले राजपा र नेकपाबीच सौहार्दपूर्ण वातावरण छ । मित्रताको अवस्था छ, कुनै पनि किसिमको तिक्तता छैन ।



**शेखर कुमार सिंह**

**वरिष्ठ उपाध्यक्ष तथा राष्ट्रियसभा सदस्यका उम्मेदवार, राष्ट्रिय जनता पार्टी नेपाल**

**० राष्ट्रियसभा सदस्यका लागि तपाईँलाई राजपाले सिफारिस गरेको छ, तपाईँको भिजन के छ ?**

– राष्ट्रिय जनता पार्टी नेपालको हामी एउटा सिपाही हौं । पार्टीको मूल्य र मान्यता मानेर हिंडेको व्यक्ति म भएकोले उच्चतम् मूल्यांकन गरेर राष्ट्रियसभा सदस्यको सम्मानित ठाउँमा पठाउनका लागि पार्टीबाट सिफारिस भएर निर्वाचनमा भाग लिँदैछु । पार्टीले कुन अवधारणाअनुसार हामीलाई खटाउँछ, त्यसैअनुरूप म खट्छु । जनताको सेवा गर्न उच्चतम् मनोबल राखेर अगाडि बढ्छु ।

**० तपाइँ राष्ट्रियसभामा निर्वाचित भइसकेपछि के-के मुद्दालाई प्राथमिकताका साथ उठाउनुहुन्छ ?**

– राष्ट्रियसभामा हामीले उठाउने मुद्दाहरू पार्टीले तय गर्छ । पार्टीले तय गरिसकेपछि मात्रै हामीले त्यो मुद्दालाई उठाएर अगाडि बढ्ने हो । आफ्नो बुद्धि-विवेकले पार्टीले दिएको निर्देशनलाई पालना गर्दै त्यो मुद्दालाई सहजताका साथ पास गराउने प्रयास गर्छौं ।

**० नेकपासँग चुनावी गठबन्धन गरेपछि राजपाको जीत सुनिश्चित जस्तै देखिन्छ । तपाईँको कतिको ढुक्क हुनुहुन्छ ?**

– पार्टीले संयुक्तरूपमा हामीलाई उम्मेदवार बनाएको छ । प्रदेश २ मा दुवै पार्टीको बहुमत त छर्लङ्गै छ । त्यसैले हामी निश्चिन्त छौं । पार्टीको नीति निर्देशन मान्ने सबै हुनुहुन्छ र उहाँहरूले निश्चितरूपमा हामीलाई विजयी बनाउनुहुन्छ ।

**० भनेपछि, अब औपचारिकता मात्रै बाँकी छ ?**

– निर्वाचन त निर्वाचन हो, यसमा दुईमतको कुरा छैन तर हामी दुवै पार्टीका उम्मेदवार तय भइसकेकोले परिणाम त सबैको अगाडि नै छ ।

**० अन्तर्घात हुने अवस्था छैन ?**

– बिल्कुलै अन्तर्घात हुने अवस्था छैन ।

**० विगतमा आन्दोलनका बेला तपाइँहरूले एमालेमुक्त मधेशको नारा दिनुभएको थियो, अहिले साँठगाँठ गर्नुभएको छ । विगतको तिक्तताले अन्तर्घात हुने सम्भावना छैन ?**

– प्रतिनिधिसभा निर्वाचनपछि मित्र शक्ति ( नेकपा) ठूलो आकारमा आयो । देशको राष्ट्रिय पार्टीको रूपमा हामी पनि तेस्रो स्थानमा आयौं । कुनै खास विषयमा तिक्तता बढ्दा त्यतिखेर त्यस्तो परिस्थिति सिर्जना भएको थियो । तर, अहिले ती सबै तिक्तताका विषयहरू गौण भएको छ । हामी समग्ररूपमा राष्ट्रिय हितको सर्वोत्तम स्थानमा राखेर अगाडि बढ्छौं । अब त्यस्ता तिक्तताहरू हामीबीच छैन ।

**० भनेपछि अहिले राजपा र नेकपाबीच कुनै तिक्तता छैन ?**

– अहिले राजपा र नेकपाबीच सौहार्दपूर्ण वातावरण छ । मित्रताको अवस्था छ, कुनै पनि किसिमको तिक्तता छैन ।

**० त्यसो हो भने, तपाइँहरूका मागप्रति नेकपा नेतृत्वको गम्भीरता किन देखिदैन ?**

– त्यसै प्रक्रियाअन्तर्गत हाम्रा राष्ट्रिय अध्यक्षज्यूहरू बुद्धिमतापूर्वक अन्यौलता चिर्नका लागि राष्ट्रियसभामा सम्झौता गर्नु भएको हो । सहकार्य गरेर त्यसैका लागि हामी अगाडि बढ्दैछौं । हाम्रा ध्यक्षहरूले निश्चितरूपमा आफ्ना मागहरू पूरा गराउनुहुन्छ ।

**० तपाइँहरूको आन्दोलनका सहयात्री दल समाजवादी पार्टी, नेकपाको सरकारबाट निराश भएर बाहिरियो, तपाइँहरूलाई कसरी विश्वास लाग्यो त ?**

– हाम्रा आन्दोलनका सहयात्री मित्र समाजवादी सरकारमा किन गयो र किन बाहिरियो, के कति मुद्दाहरू उठाए, यो उनीहरूको पाटो हो । हामी काम र कर्ममा विश्वास गर्ने भएकाले परिपक्व र किसिमले अगाडि बढेका छौं । हामी विश्वस्त छौं, यसको प्रतिफल तपाइँहरू छिटोभन्दा छिटो हेर्नुहुन्छ ।

**० नेकपासँग दुईबुँदे सहमतिसँगै अब राजपा संघीय सरकारमा जान लागेको चर्चा चलिरहेको छ, के छ वास्तविकता ?**

– यस्ता धेरै भ्रमात्मक प्रचारहरू भएका छन् । राजपा सरकारमा जान चाहेको भए जुन बेला हामीले बाहिरबाट यो सरकारलाई समर्थन दिएका थियौं, त्यहीं बेला जान सक्थ्यौं । राजपालाई सरकारमा आउन समाजवादीभन्दा पहिला राजपालाई नै प्रस्ताव आएको थियो । त्यसैले, यस्ता भ्रमात्मक प्रचारबाजी मात्रै हो । राजपाले नेकपासँग सहकार्य गर्ने बित्तिकै ठूलो अन्याय भयो भन्ने जस्तो हामीलाई महसुस भएको छैन । राजनीतिमा कोही कसैको स्थायी दुश्मन र मित्र हुँदैन । कोही सरकारमा बाहिरियो भने हामी सरकारमा जान लागेका छौं भन्ने होइन । हाम्रा अध्यक्षमण्डलले के निर्णय गर्नुहुन्छ, त्यसमा निर्भर छ ।

**० राष्ट्रियसभाको निर्वाचनपछि राजपा सरकारमा जाने कतिको सम्भावना छ ?**

– हामी राजपाको एउटा सिपाही मात्रै हौं, यसका निर्णायक तहमा अध्यक्षमण्डल नै हुनुहुन्छ । त्यसैले, अध्यक्षमण्डले के निर्णय गर्छ, त्यसबारे हामीले अहिले नै केही भन्न मिल्दैन । अध्यक्षमण्डले हामीलाई संयुक्त गठबन्धनमार्फत् राष्ट्रियसभाको चुनाव लड्न पठाएको छ । भोलीका दिनका निर्णयहरू उहाँहरूले नै लिनुहुन्छ । उहाँहरूले जे निर्णय गर्नुहुन्छ, त्यसलाई शिरोधार्य गरेर जान्छौं ।

**० भनेपछि, अध्यक्षमण्डले जेसुकै निर्णय गरेपनि तपाइँहरूलाई स्वीकार हुन्छ ?**

– नैतिकताको रूपमा हाम्रो अध्यक्षमण्डलबाट कहिल्यै पनि गल्ती भएको छैन । भोली पनि हुँदैन । उहाँहरूको निर्णयलाई हामीले शिरोधार्य गरेर नै हिंड्छौं । विविधतामा एकता भएको हाम्रो पार्टी हो ।

**० चुनावका बेला तत्कालीन एमालेको विरूद्धमा प्रचार गरेर जनताको सेन्टिमेन्ट लिएर आउनुहुन्छ, तर ती सेन्टिमेन्टलाई उनीहरूकै लागि प्रयोग गर्नुहुन्छ भन्ने आरोप छ नि ?**

– आरोप लगाउनेहरूको मुख बन्द गर्न सक्दैनौं तर आधारहीन आरोप नलगाओस् । हामीमाथि लगाइने आरोपहरूमा कुनै आधार छैन । परिस्थितिले राजनीतिक नारा सिर्जना गर्छ । यदि हामीले नेकपाको विरोध गरेको भए हामीले कसरी समर्थन गर्थ्यौं ।

**० तर, निर्वाचनका बेला त्यस्ता नाराहरू लगाइएको थिएन ?**

– रिसराग भएपछि कोही कसैको पछाडि फुलको माला लिएर जाँदैन । त्यो क्षणिक भएको होला कतै । यदि त्यस्तै नाराको पछाडि हामी हिंड्थ्यौं भने यो सरकारलाई किन समर्थन गर्थ्यौं । पछि केही तिक्तता भएपछि समर्थन फिर्ता लिने अवस्था बन्यो । तर, त्यसैलाई सच्याएर अहिले सहकार्य गर्न आएका छौं ।

**० दलहरूले आफ्नो राजनीतिक फाइदाका लागि जोसँग पनि जस्तोसुकै सम्झौता गर्ने परिपाटीको विकास भएको होइन ?**

– हामीले आफ्नो राजनीतिक फाइदाका मात्रै कोही कसैसँग सम्झौता गरेका छैनौं । समयको मागअनुसार हामी हिंडिरहेका छौं । हामीले जनताको हकअधिकार र राष्ट्रहितकै लागि सहमति गरेका छौं । हामी आफ्ना माग पूरा गराउनका लागि सहमति गरेका छौं । हाम्रा मागप्रति नेकपा सकारात्मक छ र पूरा गर्ने आश्वासन पनि दिएको छ । आगामी दिनमा राष्ट्रहितका लागि समसामयिक विषयवस्तुमा सहकार्य गर्नका लागि पनि सहमति भएको छ ।

**० भन्नका लागि तपाइँहरूको मुद्दा मिल्ने शक्ति दल समाजवादी हो तर, सहकार्य भइरहेको हुँदैन । किन ?**

– यदि हामीले मधेश कित्ताको राजनीतिक गरिरहेका छौं भने मधेशको माग र मुद्दालाई शिरोधार्य गरेर हिंड्नैपर्छ । समाजवादीसँग एकताका विषय धेरै प्रचारबाजी भयो । हिजो पनि हामी एकै ठाउँमा थियौं र आज पनि छौं । यदि एकता भइहाल्यो भने त्यो नौलो कुरा हुँदैन । तर, एकता गर्ने कि नगर्ने कुरा हाम्रो निर्णय नेताहरूको हातमा छ ।

**० समाजवादी पार्टी सरकारमा हुँदा एकता हुन सक्दैन भन्ने कुराहरू आइरहेको थियो । अहिले समाजवादी सरकारबाट बाहिरिसकेको अवस्था छ, एकताका बाधक के छ ?**

– समाजवादीसँग एकताका लागि वार्ता गर्न हाम्रो पार्टीका वर्तमान संयोजक राजेन्द्र महतोको संयोजकत्वमा टोली गठन भएको छ, उहाँले कुराकानी गरिरहनुभएको छ । अब एकताका बाधक के हो त्यसबारे उहाँलाई नै थाहा होला । यस विषयमा राजपाले गम्भीरतापूर्वक केही न केही त अवश्य नै सोचेको होला ।

**० एकता हुन्छ कि हुँदैन ?**

– यो कुरो मैले कसरी भन्न सक्छु । म राजपाको वरिष्ठ उपाध्यक्ष हुँदा पनि निर्णायक शक्ति होइन । यो हाम्रो खासियत हो कि हामी आफ्ना नेतालाई अभरटेक गर्दैनौं । हाम्रो पार्टीमा सर्वोपरि हो अध्यक्षमण्डल । हामी तबसम्म केही अभिव्यक्ति दिँदैनौं जबसम्म अध्यक्षमण्डलबाट कुनै निर्देशन आउँदैन । अध्यक्षमण्डलको निर्णयबिना कुनै अभिव्यक्ति दिनु राम्रो होइन । कोही साथी बोल्नुहुन्छ होला, तर म बोल्दिँन ।

**० नेकपासँगको चुनावी सहकार्यले प्रदेश २ को सत्ता समीकरण परिवर्तन हुने चर्चा भइरहेको छ नि ?**

– हामीबीच त्यस्तो कुनै किसिमको छलफल भएको छैन, कहाँबाट यस्तो चर्चा आयो, हामीलाई थाहा छैन । प्रदेश २ मा वर्तमान सत्ता समीकरण परिवर्तन हुने कुनै सम्भावना छैन ।

**० राजपाको महाधिवेशन गर्ने कुरा सेलाएको हो ?**

– सेलाएको छैन । अहिले हामी तयारीमा लागेका छौं । हामी यो देशको तेस्रो ठूलो पार्टी हौं । रातारात महाधिवेशन हुने अवस्था छैन ।

# वास्तविक मजदूरको पहिचान नै भएन

## नेपालमा ७० प्रतिशत जनसंख्या मजदुर क्षेत्रमा पर्छन् । यो जनसंख्या सामान्य किसानदेखि लिएर माथिल्लो स्तरका श्रमिकको आँकडा हेर्ने हो भने प्रतिशतको रूपमा ६५ देखि ७० प्रतिशत सम्म हुनजान्छ । अन्य ट्रेड युनियनका साथीहरूले भोट बैंक मात्र बनाए । राष्ट्रिय मजदुर संघ मजदुरहरूको लागि बनाइएको मजदुर संगठन हो ।



**गोपाल यादव,**

**महासचिव, राष्ट्रिय श्रमिक संघ, नेपाल**

**० तपाइहरूको राष्ट्रिय श्रमिक संघ कस्तो खालको संगठन हो ?**

–मजदुरहरूको हकअधिकार दिलाउने उद्देश्यले अथवा राजनीतिक पार्टी, ट्रेड युनियनको विङस्को रूपमा जनसंगठन खडा गर्ने दुइ प्रकारको मजदुर संगठन छन् । राष्ट्रिय श्रमिक संघलाई वास्तविक ट्रेड युनियनको रूपमा लिन सकिन्छ र यो हाम्रो तेस्रो संगठन हो । मजदरको रोजी रोटीको साथसाथ उनीहरूको हकअधिकार, उनीहरूमा राष्ट्रियताको भाव जगाउनु नै हाम्रो उद्देश्य हो । अरू ट्रेड युनियनका साथीहरूले एउटा समुहको मात्र कुरा गर्छन् । मेरो सोच चाँहि देशको सबै व्यक्तिलाई पनि गाँस, वाँस र कपासको साथसाथै संस्कारी, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवा पाउनुपर्छ । एउटा सामान्य रिक्सा चालकले पनि पाउनुपर्छ भन्ने हाम्रो उद्देश्य हो ।

**० जसरी विभिन्न पार्टीका संगठनहरू छन् खासगरी ट्रेड युनियनहरू छन् तपाइँहरू पनि कुनै पार्टीबाट अबद्ध हुनुहुन्छ की ?**

– शुद्धरूपले दलगत राजनीतिभन्दा माथि उठेर राष्ट्रको लागि काम गर्ने संगठन हो । कुनै पार्टीको लागि काम गर्ने उद्देश्य हाम्रो पक्कै पनि छैन र अहिलेसम्म छैन र भोलीका दिनमा हुनेवाला पनि छैन । हामी दलगत राजनीति भन्दा माथि उठेर राष्ट्रको लागि काम गर्ने उद्देश्य लिएर राष्ट्रिय श्रमिक संघको स्थापना गरेका हौं ।

**० यो संगठनको मूल उद्देश्य के हो?**

– नेपालमा ७० प्रतिशत जनसंख्या मजदुर क्षेत्रमा पर्छन् । यो जनसंख्या सामान्य किसानदेखि लिएर माथिल्लो स्तरका श्रमिकको आँकडा हेर्ने हो भने प्रतिशतको रूपमा ६५ देखि ७० प्रतिशत सम्म हुनजान्छ । ट्रेड युनियनका साथीहरूले भोट बैंक बनाएर जसरी एउटा मान्छेले दुईवटा काम गर्न सक्दैन त्यसैले हामीले शुद्धरूपमा कुनै पार्टीको झन्डा नलिएर एउटा संगठनको लागि राष्ट्रिय मजदुर संघहरूले मजदुरहरूको लागि बनाएको मजदुर संगठन हो ।

हाम्रो राष्ट्रिय श्रमिक संघमा सबै पार्टीहरूको साथीहरू हुनुहुन्छ तर संगठनको काममा, संगठनको गतिविधिमा राजनीतिक कुराकानी हुँदैन । संगठनको कुराकानी मात्रै हुन्छ ।

**० भनेपछि पूर्णरूपमा चाहे त्यो निजामती कर्मचारी होस् वा स्वरोजगार गर्ने रिक्सा चालकहरूको लागि पनि यो संगठन हो ?**

– सबै मजदुरको लागि यो मजदुर संगठन हो ।

**० सर्लाहीका उखु किसानहरू लामो समयसम्म माइतिघर मण्डलामा धर्ना दिएर, विरोध प्रदशन गरे । त्यसमा तपाइँहरूको उपस्थिति देखिएन ।**

– त्यस कार्यक्रममा हाम्रा साथीहरू पनि थिए । विराटनगर, राजविराज, नवलपरासी, जनकपुर जहाँजहाँ हाम्रो संगठन छ त्यहाँको जिल्लाहरूमा साथीहरूलाई भनेर सिडिओ कार्यालयमा जिल्ला प्रशासन कार्यालयमा ज्ञापन दिनेदेखि लिएर हामी यस आन्दोलनमा सहभागी भएका छौं र आफ्ना कार्यकर्ताहरूलाई सबै ठाउँका जिल्लामा भनेर हामीले ऐक्यवद्धता जनाउने काम गऱ्यौं । यो आन्दोलनमा हाम्रो पूर्णरूपमो सर्मथन थियो र आगामी दिनमा हुने पनि रहने छ ।

**० तराई मधेशका ठाउँमा जहाँ उखु खेती गरिन्छ त्यहाँका मिल मालिकहरूले बक्यौता बाँकी राखेका हुन्छन् । नवलपरासी, कपिलवस्तुमा यस्ता धेरै समस्याहरू छन् । यी समस्याहरूलाई समाधान गर्न कस्तो पहल छ ?**

– उखु किसान संघ समितिले आन्दोलन यहाँसम्म पुऱ्यायो र अहिले सरकारले वार्ता गरेर माघको ७ गतेसम्म भुक्तानी गर्ने सम्झौता गरेको छ । त्यो सम्झौताको हिसावले हामी हेर्दैछौं कि उद्योगपतीहरूले भुक्तानी गर्छन् कि गर्दैनन् । यदि गरेनन् भने आगामी रणनीतिहरू बसेर बनाउँछौं ।

**० अहिले जल्दोबल्दो मुद्दा उखु किसानको भखरैं सरकारले सहमति गरेको छ । पाँच बुँदे यो सहमति सरकारले पुरा गर्छ भन्ने विश्वस्त हुनुहुन्छ ?**

– सरकारले पुरा गर्छ भन्ने विश्वास छ र यदि गरेन भने हाम्रो बाटो खुल्ला छ । हामी आफ्नो कार्यक्रम जारी राख्छौं ।

**० नेपालमा श्रमिकहरूको अवस्था कस्तो देख्नुहुन्छ ? किनभने नेपालले युवा शक्तिहरूलाई विदेश मात्र पठाउँछ र यहाँ रोजगारीको सम्भावना देखिएको छैन ?**

– प्रतिदिन युवा शक्तिहरू खाडी मुलुकमा पलायन भइरहेका छन् र अहिलेको परिस्थितिमा बाहिरबाट आएको पैसाबाट यो देशको आर्थिक व्यवस्था चलिरहेको छ । युवा शक्ति जसले राष्ट्रको भार बोकेको हुन्छ, जसको काँधमा राष्ट्रको विकासको एउटा जिम्मेवारी हुन्छ उ नै बाहिर विदेशमा छ भने राष्ट्रको बारेमा कसले सोच्ने, विकासको बारेमा कसले सोच्ने ? व्यक्तिहरू नै यहाँ हुदैनन् भने राष्ट्रको विकास हुन असम्भव छ । राष्ट्रिय श्रमिक संघको भिजन जम्मा तीनवटा धारणा छ -१. देशमा औद्योगिकीरण २. उद्योगको श्रमीकीकरण र ३. श्रमिकको राष्ट्रियकरण । देशमा बढीभन्दा बढी उद्योगहरू हुनुपर्छ र त्यो उद्योगमा जसरी उद्योगपतीको लगानी लाग्छ र श्रमिकहरूको पसीना । यो दुवैको भाग्यदारीले राम्रोसँग उद्योग सञ्चालन हुन्छ र जुन देशमा राम्रोसँग उद्योग सञ्चालन हुन्छ भने त्यो देशको विकास हुन्छ । अर्थात श्रमिकहरू देशमा औद्योगिकीरण, उद्योगमा श्रमीकीकरण र श्रमिकहरूको राष्ट्रियकरण अर्थात् श्रमिकहरूको मनमा उसको देश, राष्ट्रियता, परम्परा, इतिहासप्रति पनि स्वाभिमान हुनुपर्छ कि म यो देशको लागि काम गरिरहेको छु । यो देशको पुनर्निर्माणमा मेरो पनि योगदान छ । यो भाव मजदुरहरूमा हुनुपर्छ । यही हो मजदुरहरूको राष्ट्रियकरण । यही काम हामी गरिरहेका छौं ।

**० श्रमिक संगठनले श्रमिकहरूको परिभाषा कसरी गर्छ ?**

– सामान्यरूपमा हेर्ने हो भने जसले काम गर्छ र देशको उत्पादनको लागि जे आवश्यकता छ त्यसको उत्पादकतामा त्यसको भूमिका छ र उसले केही न केही आफ्नो परिवार, जिविका चलाउनको लागि त्यसबापत उसले केही अर्थ लिन्छ त्यो श्रमिक हो । कसैको सरूवा, बढुवा, नियुक्ति, पदोन्नती जसको अधिकार हुदैन यी बाहेक सबै श्रमिक हुन् ।

**० नेपालमा श्रमिकहरूले आफ्नो श्रमको वास्तविक प्रतिफल पाउने गरेका छन् त ?**

– काठमाडौंमा बस्ने श्रमिकलाई परिभाषित गर्ने हो भने आमा, बुवा, लोग्ने, स्वास्नी र दुईवटा बच्चा गरेर जम्मा ६ जना हुन्छन् र छ जनालाई सरकारले १३४८५ रूपैयाँ न्युनतम बेतन तय गरेको छ । काठमाडौंमा बस्ने मजदुरले रू दस हजार घर भाडा नै तिर्नु पर्छ । सरकारले भन्छ कि यो मजदुरहरूको पार्टी हो र मजदुरहरूको पार्टीको सरकारले मजदुरहरूको हितमा केहि गरेकै छैन । सामाजिक सुरक्षादेखि लिएर तमामप्रकारका मजदुरहरूको समस्याहरू छन् । यो कृषिप्रधान देश हो भन्ने तर किसानको लागि सरकारले खाद्य, बिउ, प्राविधिक औजारको सुविधा दिदैन । अझ सिचाइँको पनि सुविधा छैन ।

हाम्रो उद्देश्य चार/पाँचवटा विषयमा छ । त्यो हो सामाजिक सुरक्षा लागू हुनुपर्छ, पर्यावरणमैत्री हुनुपर्छ, पर्यावरण ठिक हुनुपर्छ र जति पनि मजदुरहरूको सामाजिक सुरक्षादेखि लिएर पर्यावरणदेखि लिएर आर्थिक विसमताको फरक छ । यो समस्यालाई समाधान गर्नका लागि देशमा जति पनि श्रमिकहरू एक सामाजिक आन्दोलनको रूपमा ल्याउनुपर्छ श्रमिक आन्दोलनलाई ।

**० तपाइँको राष्ट्रिय श्रमिक संघ गठन भएको ७ वर्ष पुरा भइसक्यो र यस अवधिभरी श्रमिकहरूको हकमा के–कस्ता कामहरू गर्नुभयो ?**

– हामीले वृद्धाभत्ताको विषयमा काम थालेका छौं । हाम्रो देशको सरकारले आफ्नै देशका जनतालाई दुई प्रकारको आँखाले हेरिरहेको छ । मैले यसको विरोध गरेको होइन तर जसरी दलित र जनजातीहरू ६० वर्षमा पाउँछन् भने गैरदलित गैर जनजाति ७० वर्षमा पाउँछन् । यसरी आफ्नै देशको नागरिकसँग विभेद भएको देखिन्छ र गैरदलित र गैरजनजाति पनि ६० वर्षका हुन्छन् उनीहरूले पनि पाउनु पर्छ । त्यसैले सरकारले कसैलाई भेदभाव नगरेर सबैलाई समान रूपमा एकरूपताको हिसावले हेर्नुपर्छ । यो विषयमा हाम्रो शक्ति, क्षमता अनुसार हामीले सरकारमा ज्ञापन दिएका छौं ।

**० खासगरी श्रमिकका समस्याहरू के–के देख्नुहुन्छ अहिलेसम्म ?**

– श्रमिक समस्या भनेकै आर्थिक विसमता, सामाजिक सुरक्षा, बेरोजगारी हुन् । हाम्रो देशमा किसानको पहिचान, श्रमिकको पहिचान नै छैन र मुख्य समस्या भनेकै श्रमिकले न्यूनतम बेतन पाउनुपर्ने हो, सामाजिक सुरक्षा पाउनुपर्ने हो ।

**० निजामती कर्मचारी र पहिचान नभएका श्रमिकहरू जो आफ्नो जनजीवन चलाइरहेका छन् उनीहरूके लागि सरकारले के गर्नुपर्ने हो ?**

– कमसेकम सरकारले यो देशको नागरिक हो र यो देशको नागरिक देशभक्त भयो भन्ने बुझनुपर्छ र जनतालाई यहि आफ्नो देशमा काम दियोस् । ३६५ दिन काम दिन नसक्ने, १०० दिन काम दियोस् र युवा शक्तिलाई विदेश होइन आफ्नै देशमा रोजगारको वातावरण बनाइदियोस् ।

माघको पहिलो हप्तामा राष्ट्रिय कार्य समितिको बैठक हुँदैछ । हामी त्यही बैठकमा आगामी योजनाहरू बनाउछौं र केही विषयहरू विचार गरेका छौं । हाम्रो शक्ति, क्षमता अनुसार सरकारमा आफ्नो कुरा राख्छौं ।

**० श्रमिकहरूको लागि के भन्न चाहनुहुन्छ ?**

– खास गरेर बेतन भन्दा वतन ठूलो हुन्छ । मान्छे जन्मे पछि एकदिन मर्नु नै पर्छ तर उसले आफ्नो रोजीरोटीमा मात्र सिमित भएर बस्नुहुदैन । आफू जुन देशमा जन्मेको छ त्यो राष्ट्रको संस्कृति, परम्परा अर्थात् राष्ट्रको लागि काम गर्ने भाव हुनुपर्दछ । हामीसँग जुडेका श्रमिकहरूलाई हामी त्यो भाव दिन्छौं ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# उखु खेतीका चुनौती तथा उपायहरू



डा.श्रीभगवान ठाकुर

***उँखुको अवस्था***

नेपालमा चिनी दैनिक रूपमा प्रयोग हुने उपभोग्य वस्तुको कच्चा पदार्थ उखु नै भएकोले औद्योगिक तथा नगदे वालीको प्रमुख स्थानमा रहेको छ। यसको खेती औद्योगिक दृष्टिकोणले तराईमा गरीन्छ। नेपालमा उखुको उत्पादकत्व बर्षौ देखि ३६ देखि ४६ मेट्रिक टन प्रति हेक्टर मात्र रहेको छ। जुन छिमेकी राष्ट्र भारतको महाराष्ट्रको तुलनामा एक तिहाई मात्रै छ। हाम्रै देशका केही अनुभवी कृषकहरूले ९० देखी १०० टन प्रति हेक्टर उत्पादन गरेको रेकर्ड पनि पाईन्छ। नेपालमा कूल चिनीको आवश्यकता (माग) भन्दा थौरे चिनीको उत्पादन भई बाँकी ५० हजार देखि १ लाख क्वी.सम्म (लगभग ५५प्रतिशत) चिनीको माग बाहिरीमुलुकबाट आयात गर्नु परेको अवस्थाले धेरै मुद्रा विदेशीने गरेको छ। जबकी हाम्रो देशमा जम्मा १३ वटा चिनी मिलहरू मध्ये हाल १० वटा मात्र सुचारू रूपले चलिरहेको छ। उखु उत्पादनको सम्भावना हेर्ने हो भने प्रकृतीले तराईको लागी वरदान भनेर दिएको छ। हाम्रो माटो, मौशम, भूबनोट, सामाजिक, आर्थिक अवस्था आदी सबै उखुको लागी उत्तम रहेको छ। हाम्रो देशको तराईको जिल्लाहरू मध्ये उखु खेती गरीने जिल्लाहरूमा रौतहट, सर्लाही, सिराहा, महोत्तरी, बारा, पर्सा, नवलपरासी, कपिलवस्तु, रूपन्देही, धनगढी आदी हुन्। उक्त जिल्लाहरू मध्ये मध्यमाञ्चलका सर्लाही, रौतहट, महोत्तरी, बारा र धनुषा तथा पश्चिमाञ्चलका नवलपरासी, कपिलवस्तु जिल्लाहरू क्षेत्रफलको हिसावले बढी नै स्थान ओगेटेको छ। नेपालको कुल उखुं उत्पादन २००७ मा हालसम्मको बढी २५.९९ लाख मे.ट. ततपश्चात २००८ मा २४.८५लाख र २००९ मा २३.५४ लाख मे.ट. रहेको छ। २०१७।१८ मा ६४,४८३ हे. २९.३ लाख मे.टन उत्पादन भई उत्पादकत्व ४५.४ टन प्रति हे. रहेको छ। विश्वा क्षेत्रफलमा ३५ औं, उत्पादनमा ४१ औं र उत्पादकत्वमा ६७ औं स्थानमा रहेको छ। यसवाट यो प्रष्ट हुन्छ कि बर्षेनी उखुं उत्पादन घटने र पुन: मिलको संख्या बढदा बढेको अवस्था छ।

२०६७/६८ कसिंग सीजनमा श्रीराम सुगर मिल्स, गरूडा रौतहटले लगभग २० लाख क्वी., ईन्दु शंकर चिनी मिल, हरिऔनले २५ लाख क्वी तथा एभरेष्ट सुगर मिल्स, रामनगरले २२ लाख क्वी उखु पेलेको थियो भने गत वर्ष करीब ११ लाख श्री राम सुगर मिल्स, गरूडाले, ३५ लाख ईन्दु शंकर हरियोन र ३४ लाख क्वीनटल एभरेष्ट सुगर गौशालाले पेलेको थियो। हाल अन्नपूर्णा र महालक्ष्मी चिनीमिल सर्लाहीमा थप्दा उँखु आपूर्ति विभाजित भएको छ। २०६७ सालमा उखुको भाउ पनि सरकार, उखु उत्पादक, संघ तथा चिनीमिल मालिकको निणर्यले बृद्धि गरी रू. ४११.५ प्रति क्वीन्टल थियो भने हालमा सरकारी अनुदान सहित रू. ६३६ गरेकोले आर्कषक देखिन्छ। उखु उत्पादनबाट कृषक, मिल मालिक, कर्मचारी तथा उपभोक्ता सम्पूर्णको हकमा धेरै नै महत्वपूर्ण रहेको छ। तथापी कृषक, कर्मचारी, मिल मालिक तथा उपभोक्ता सबै वर्गमा समस्या नै समस्या रहेको छ जुन सरकार, मिलमालिक, उखु कृषक सबै संबेदनसील हुनु आवश्यक देखिन्छ। नेपालमा २४०,००० मे.ट. चिनीको उत्पादन हुन्छ। चिनी सन्मा २०१६।१७ मा रू. ३.६८ अर्वको ५६,१०० मे.ट. र २०१७।१८ मा रू. ५.७२ अर्वको १०६,२०० मे.ट. बाहिरबाट आयात गरिएको थियो।

***उँखु खेती तथा उत्पादनका फाईदाहरू :***

☐ ठूलो तथा मध्यम किसानले धान, गँहु खेतीमा पटक पटकको श्रमिक एवं खर्च लगाउने झन्झटिलो हुनबाट बच्न सकिन्छ।

☐ उँखुबाट सोझै एकमुष्ठ ठुलो रकम आउन सकिने नगदे बाली हो, जसबाट कुनै ठुलो नयाँ काम गर्न सहयोग मिल्दछ।

☐ उँखु रोपाई तथा कटाईको बेला कृषकहरूलाई फुर्सद रहने भएको हुनाले श्रमिक तथा कृषि औजारहरूको प्रयोगमा कुनै प्रतिष्पर्धा हुदैन।

☐ एक वर्ष लगाएपछि २/३ वर्ष सम्म काटन सकिने भएको एक रोपाई ३ कटाई गरीने बाली भनिन्छ। जसले गर्दा लागत कम आम्दानी बढी हुन्छ।

☐ उँखु खेतीबाट कटाईको बेला सुकेका पातहरूले गरीबहरूको दाउराको समस्या हल भई वन जंगल कटानीको नियन्त्रणमा पनि सहयोग पुऱ्याउछ।

☐ उँखुको हरीयो माथिल्लो टुप्पा तथा पात गाई, बस्तुको लागी पोषिलो घाँस मानिएको हुनाले दुध उत्पादन समेतमा सहयोग पुऱ्याउछ।

☐ यसवाट छाडा पशु पालन नियन्त्रण हुनुका साथै खाली जमीनको सदुपयोग हुन्छ।

☐ उँखुको सुकेका पात तथा पतिङ्गरबाट घर छाउनुका साथै राम्रो कम्पोष्ट मल बनाउन सकिने भएको हुनाले यसको खेती गर्न बाह्वय रसायनिक मल नभए पनि हुने बाली हो।

☐ उँखु चिनी मिलमा पठाउन नचाहे भेली बनाएर पनि ६०-६५ रू. प्रति के.जी को दरले बेचेर राम्रो आम्दानी गर्न सकिन्छ वा खादसारीमा पनि पठाएर आम्दानी गर्न सकिन्छ।

☐ उँखु खेती अरू बाली गर्न नसकिने जग्गा जस्तै पानी जम्ने, कम मलिलो, अम्लिए, क्षारीय माटो असिचिंत समेतमा गर्न सकिन्छ।

☐ उँखु खेतीलाई उम्रेको केही दिन पछि असिना, धेरै चिसो, छाडा गाईबस्तुले धेरै नोक्सान पुऱ्याउन सक्दैन।

☐ उँखु खेतीमा ढुवानी, कटानी, रोपाई माटो चलाउन तथा मिलमा कर्मचारी श्रमिकहरूको धेरै आवश्यकता भएको हुनाले बेरोजगारी समस्या समेत समाधान गर्न सकिन्छ।

☐ उँखु बालीको उम्रने अवधि लामो तथा बृद्धि विस्तारै हुने भएकोले दुई वटा पंक्तिको बीचमा अर्को नगदे बालीहरू जस्तै : तोरी, मसुरो, धनिया, खुर्सानी, हरियो मल बाली जस्तै : मुंग, बोडी उत्पादन गरी अतिरिक्त फाईदा लिन सकिने बाली हो

☐ धेरै रोग किरा नलाग्ने, लागे पनि एकदमै धेरै नोक्सान नहुने बाली हो।

☐ सिचांईको सुविधा मै भर नपर्ने बाली हो।

☐ उँखुबाट भेली बनाउदा लाग्ने सम्पूर्ण दाउरा उँखु पेल्ने मेशीनबाट निस्किने सिटीबाट प्राप्त गर्ने गरीन्छ।

☐ चिनी मिलले यसको उपउदपादहरू जस्तै: स्पिरिट, अलकोहल, मोलासीयस, कागज, प्रेसमड, विजुली तथा मल पनि बनाएर थप आम्दानी गर्ने गरिन्छ।

| उखु उत्पादन गर्ने प्रमुख जिल्लाहरूको विवरण (कृषि तथा सहकारी मन्त्रालय, २००९ -१०को तथ्यांक अनुसार) | | | |
|---|---|---|---|
| जिल्ला | क्षेत्रफल (हे) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट. /हे.) |
| सर्लाही | १६१०० | ७५९५०० | ४७.१७४ |
| रौतहट | ७४४५ | ३४०५७५ | ४५.७४५ |
| महोत्तरी | ५००० | २१७९९५ | ४३.५९९ |
| नबलपरासी | ७५२३ | ३२८७५० | ४३.६९९ |
| कपिलवस्तु | ५१२५ | २३९५२५ | ४६.७३७ |
| बारा | २२०० | ९२४०० | ४२.००० |
| धनुषा | ३४०० | १३७१५० | ४०.३३८ |

***उँखु खेती फस्टाउन नसक्नुका कारणहरू :***

**(क) कृषकस्तरका :**

☐ कृषकले एकदमै हेलचक्रयाई गरी उँखु खेती गरेको।

☐ गरीब कृषकहरूले रोप्ने बेला मल, वीउ, लेबरको बढी लागत धान्न नसकेको।

☐ सिफारिस अनुसारको उन्नत खेती प्रविधि अपनाउन नसक्नु।

☐ बीमा, ऋण तथा वितिय सुविधा प्राप्त नगर्नु।

☐ सिचांई, मल चाहिएको बेलामा उपलब्ध नहुनु।

☐ उखु ढुवानी गर्न चिनी मिलबाट दिईने पुर्जी (चलान) समयमा नपाउनु एकको चलान अर्कोलाई दिनु वा बेच्नु।

☐ उँखु ढुवानीका साधन नपाउनुका साथै ढुवानी साधन तौल हुने (संकलन केन्द्र) काँटा/मिलबाट छिट्टै खाली नहुनु।

☐ तौलको बेला जरतीको नाममा २ देखि २० प्रतिशतसम्म काटनु।

☐ उँखुको रकम पाउन धेरै समय लाग्नु।

☐ चिनी मिलको प्राविधिकबाट प्राविधिक सहयोग सरसल्लाह नपाउनु।

☐ उँखु ढुवानी फाल्गुन भित्र गर्न सकियो भने नि:शुल्क कटानी हुने, पछि गर्मीको कारण घाँस कम प्राप्त तथा मसुरो गहुँ कटानीमा व्यस्त हुने भएकोले पछि ढुवानी गर्न उचित नमान्ने।

☐ चिनी बढी पर्ने उदेश्यले मिलले समयमा मिल चालु नगर्नाले कृषकलाई अनावश्यक दु:ख हुनु।

**(ख) चिनीमिल स्तरका :**

☐ मिलले सही तथ्यांक (जात, किसान, क्षेत्रफल, अनुमानित उत्पादन) नराख्नु।

☐ मिल सुचारू रूपले नचली मेशिनरी समस्या हुनु।

☐ मिलमा दैनिक क्रसिङ्गको क्षमता बढी उखु मिल / काँटामा भीड लाग्नु।

☐ मिलमा कर्मचारीहरूद्धारा हडताल बन्दी हुनु।

☐ नियमीत तरीकाले उखु ढुवानी नहुनु।

☐ उखु प्राविधिकहरूले छिटो, मुख्य सिजन तथा ढिलो जातका उखुहरूको खेती न गराई जथाभावी गराउनु।

☐ नगदी किन्न सक्ने पुँजी नहुनु, चिनी तुरून्तै विक्री गर्न न सक्नु।

☐ धेरै चिनी पर्ने उखु/खुंटी जात व्यस्थित भएर मिलमा नपुग्नु।

☐ कहिले काही ट्रक, टैक्टर, विग्रेर जाममा पर्नुले मिल निरन्तर रूपमा नचल्नु।

☐ मिलमा क्षेत्रफल उत्पादन तथा मिलको कसिङ्गको क्षमताको तालमेल न मिल्नु।

☐ कर्मचारीहरूले कृषकबाट पैसा लिई चलान दिनु।

☐ काँटामा एकको उखु अर्कोमा थपेर वा बजन घट बढ गर्नु।

☐ उँखु सालै भरि प्राप्त नहुनुका साथै भंडारण गर्ने व्यवस्था नहुनु।

☐ मिलले आफनो एरीयाको उखु हुदाँ हुदै अर्को मिलका कृषकको उखु नगदी खरीद गर्नु।

☐ नियमित कृषकको रकम नदिइ अनियमित कृषकको रकम अनियमित तरीकाले भूक्तानी दिनु।

☐ संगठित र व्यवस्थित तरीकाको कमी तथा मीलबाट समयमा अनुगमन नहुनु।

☐ मोरहन र खुटी उखु उत्पादनका प्रविधि राम्रो किसिमले कृषकलाई नदिनु।

**(ग) नेपाल सरकार स्तरको :**

☐ सरकारको नितीमा उखुलाई प्राथमिकतामा न पार्नु तर अव उखुलाई राष्ट्रिय बालीको रूपमा घोषण भएको।

☐ सिचांई, उन्नत जातको विउ तथा मलको उपलब्धता समयमा न गराउनु।

☐ उखुमा अध्ययन अनुसंधान गराउन नठान्नुका साथै उक्त विषयमा उद्योगपतिलाई जिम्मेवारी हुने धारणा हुनु।

☐ बीमा, वितिय सुविधा अनुदान तथा ऋण विधिवत तरीकाबाट उपलब्ध गराउन नसक्नु।

☐ चीनी मिललाई रूग्न उद्योगको व्यवस्था नहुनु जसले मर्कामा परेको मिल धनीले सहुलियत पाउन सक्ने।

☐ कम उत्पादन लागत लाग्नका लागि उन्नत कृषि औजार ( जोत्ले, रोप्ने, कटाई) मेशिनरीको व्यवस्था न गराउनु।

☐ उखुंको भाउ निर्धारण, सम्झौता, चिनी आपुर्ती तथा आयात निर्यातको नितिगत व्यवस्था नमिलाउनु।

☐ स्थानीय तथा प्रदेश सरकारले उखु उत्पादन प्रविधि विकास, प्रवर्द्धन तथा समस्या समाधानमा सहयोग नगर्नु।

☐ कृषक, कर्मचारी तथा मिल बीचको द्धन्दको अनुगमन तथा सही सहजीकरण नगर्नु।

*(डा.ठाकुर कृषि विज्ञ हुन्।)*

## मधेश अपडेट

### वीरगन्जमा अभियन्ता सम्मेलन हुने

वीरगन्ज। नेपालमा अभियन्ता सम्मेलन २०२० आयोजना हुन लागेको छ। यो एउटा बृहत र एकीकृत अभियन्ता सम्मेलन हो। विभिन्न पेशामा आबद्ध रहे तापनि आफ्नो व्यक्तिगत, पारिवारिक तथा व्यवसायिक जीवनभन्दा माथि उठेर दिनदु:खि, समाज, देशको विकास तथा समृद्धिमा योगदान गर्न नि:स्वार्थ भावले विभिन्न अभियान संचालन तथा सामाजिक कार्य गरिरहेका दुई सय सामाजिक अभियन्ताहरूको अभियन्ता सम्मेलन आउँदो मार्च ८, २०२० का दिन वीरगंजमा आयोजना हुन गइरहेको छ। भोर र प्रदेश २ को आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिका लागि महाअभियानको नेतृत्वदायी पहलमा उक्त अभियन्ता सम्मेलन २०२० आयोजना हुनेछ। यस सम्मेलनमा प्रदेश २ का बासिन्दा भएर प्रदेश २ का लागि अभियान संचालन/समाज सेवा गरिरहेका तथा प्रदेश २ बाहिरका बासिन्दा (नेपालका बाँकी ६ वटा प्रदेशका, भारत तथा विश्वका अन्य मुलुकहरूका) भएर पनि प्रदेश २ का लागि अभियान संचालन/समाज सेवा गरिरहेका अभियन्ताहरू यस सम्मेलनमा सहभागी हुनेछन्।

### "दुर्व्यसनमुक्त युवा अभियान" संचालन गरिने"

जनकपुरधाम। प्रदेश २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादवले प्रदेशमा सुरक्षित बेटी अभियान र दुर्व्यसनमुक्त युवा अभियान सञ्चालन गर्न लागिएको बताएका छन्। सोमबार जनकपुरधाममा यूनिसेफको सहयोगमा लाईफ नेपालद्वारा संचालित बालबिवाह अन्त्य र यू रिपोर्टमा अन्तरपुस्ता संवादका लागी किशोर किशोरी र युवा सहभागिता कार्यक्रम अन्तर्गत भएको प्रदेश स्तरिय कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री यादवले सो कुरा बताएका हुन्। उनले सरकार, नागरिक समाज र निजि क्षेत्रको समान दायित्व बोध बिना समृद्ध समाजको परिकल्पना साकार गर्न नसकिने बताए। मन्त्री यादवले वर्तमान अवस्थाको ठोस विश्लेषणमा आधारित रणनीतिक कार्ययोजनाको तयारी र सरोकारवालाहरू विचमा तथ्यपरक रूपमा समन्वय र सहकार्य गरि सो कार्ययोजनाको कार्यान्वयन गरिए मात्र सामाजिक मुद्दाहरूमा सार्थक प्रतिफल सहितको काम गर्न सकिने बताएका हुन्।

### आत्मघात गरेको जनमतको आरोप

नेपालगन्ज। डा.सीके राउत नेतृत्वको जनमत पार्टीले समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी नेपालले मधेशीसँग आत्मघात गरेको आरोप लगाएको छ। जनमत पार्टी बाँकेले सोमबार नेपालगन्जमा आयोजना गरेको पत्रकार सम्मेलनमार्फत् यस्तो आरोप लगाएको हो। जनमतका बाँके जिल्ला इन्चार्ज तथा केन्द्रीय सदस्य इरफान अहमद शेषले पत्रकार सम्मेलनमा जारी गरेको विज्ञप्तिमा यस्तो आरोप लगाएका हुन्। विगतमा कांग्रेस र कम्युनिष्टको विरूद्धमा नाराबाजी लगाएर मधेशी जनतालाई सडकमा उतार्ने र अहिले त्यहीं कांग्रेस र कम्युनिष्टसँग गठबन्धन बनाएको भन्दै मधेशी जनतासँग ठूलो आत्मघात गरेको विज्ञप्तिमा उल्लेख छ। जनमत पार्टीले समाजवादी पार्टी र राजपा नेपाललाई मधेशी जनताले बहिष्कार गर्ने जनमतका नेता शेषले बताएका छन्।

### कपिलवस्तुका किसान पनि काठमाडौंमा आन्दोलन गर्ने

मणि प्रसाद गैह्रे, कपिलवस्तु। सरकारले ६ वर्ष अघि उखु कृषकहरूलाई प्रोत्साहन स्वरूप उपलब्ध गराउने भनेको अनुदान रकम जिल्लाका उखु किसानहरूले हालसम्म पनि नपाएपछि फेरी आन्दोलन गर्न बाध्य भएको किसानहरूले बताएका छन्। उखुको रकम पाउनका लागि सोमबार कपिलवस्तु किसान संघले इलाका प्रशासन कार्यालय चन्दौटामा ज्ञापन पत्रबुझाएको छ। जिल्लामा किसानले २ करोड ४८ लाख २३ हजार रूपैयो उखुको भुक्तानी नपाएको उनिहरूले बताएका छन्। जवाभारीस्थित महालक्ष्मी सुगर्स मिलले समयमा सरकारलाई रिपोर्ट नबुझाउँदा हालसम्म पनि कपिलवस्तुका उखु किसान आशैआशमा निराश बनेका हुन्। किसानहरूले पटक पटक आन्दोलन, चक्काजाम, धर्ना दिँदै आएको भएपनि रकमपाएका छैनन्। आर्थिक वर्ष ०७१/०७२ मा कपिलवस्तुका पश्चिमी भेगका किसानले सोही मिललाई दिएको उखुमा प्रति क्वीन्टल रू २५ का दरले सरकारबाट पाउने अनुदानको रकम हालसम्म नपाएको किसान संघका अध्यक्ष अनुपकुमार चौधरीले जानकारी दिए।किसानले रकम नपाए अन्दोलन गर्न काठमाण्डौ जाने तयारी गरेको चौधरीले बताए।

### नगरपालिकामा तालाबन्दी

रौतहट। तलब नपाएको भन्दै रौतहटको फतुवा बिजयपुर नगरपालिकामा शिक्षक तथा कर्मचारीहरूले तालाबन्दी गरेका छन्। नगरपालिकामा कार्यरत शिक्षक, स्वास्थ्यका र अन्य कर्मचारीहरूले बुधबार नगरपालिकाको ढोकामा ताला लगाइदिएका हुन्। तलबको माग राख्दै गत असोज ६ गतेदेखी शान्तिपुर्ण रूपमा आन्दोलन गर्दै आएपनि नगरपालिकाले बेवास्ता गरेको बिजयपुर माविका प्रधानाध्यापक सुदामा यादवले जानकारी दिए। तलब नपाएसम्म आन्दोलन जारी हुने उनले बताए। जनप्रतिनिधिहरूको विवादले कर्मचारीलाइ मार परेकाले जतिसक्दो चाँडो तलब उपलब्ध गराउन कर्मचारीहरूको माग छ। यो नगरपालिकामा १ सय ९३ जना शिक्षकसहित २ सय ८० भन्दा बढी कर्मचारी कार्यरत छन्। यी कर्मचारीले गत साउन महिनादेखिको तलब पाएका छैनन्। असार मै गरिसक्नुपर्ने नगरसभा समयमा नगरिदिदा कर्मचारीहरूले तलब खान नपाएका हुन। गत पुस ११ गते नगरप्रमुख गोपाल रायले नगरसभा गरेको भएता पनि उपप्रमुख कान्ती देबीले विरोध गर्दै आएकी छिन्। नगरसभा सकिनासाथ सो कार्यालयका प्रमुख प्रशासकीय अधिकृत जयचन्द्र साहको सरूवा गरिएको थियो। जसरी पनि प्रशासकीय अधिकृत ल्याउने भन्दै नगरप्रमुख राय अहिले काठमाडौं गएका छन्। कर्मचारीहरूले चाहिँ नगरपालिकामा अनिश्चतकालिन तालाबन्दी गरिदिएका हुन्।

### संस्कृति लोप हुन नदिन महोत्सवको आयोजना

बुटवल। थारू जातिको संस्कृति संरक्षण गर्ने उद्देश्यले रूपन्देहीको सैनामैना नगरपालिका-११, सालझण्डीमा माघी महोत्सव आयोजना गरिएको छ। थारू कल्याणकारी सभा सैनामैनाले तराईका आदिवासी जनजातिको पुरानो संस्कृति लोप हुँदै गएको भन्दै माघी महोत्सव आयोजना गरेको सैनामैना अध्यक्ष दुलबहादुर थारूले बताए। सैनामैनाको सालझण्डीमा पत्रकार सम्मेलन गर्दै अध्यक्ष थारूले पुस २४ देखि २६ सम्म तीन दिने हुने महोत्सवमा थारू समुदायको परम्परागत नाच, खानपान, रहनसहन लगायतको प्रस्तुति रहने जानकारी दिए। थारू समुदायले प्रत्येक वर्ष रूपन्देहीका विभिन्न स्थानमा माघी पर्वका अवसरमा माघी महोत्सव गर्दै आएका छन्। थारू कल्याणकारी सभाका केन्द्रीय पार्षद खुसीराम चौधरीलेमाघ १ लाई थारू समुदायले नयाँ वर्षका रूपमा मनाउँदै आएका छन्।




बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं।
मटिहानी नगरपालिका
महोत्तरी

# भारतलाई घेर्न नेपाललाई प्रभावमा लिईंदै



मनोज कुमार कर्ण

गत पौष १८ गते शुक्रबारको दिन नेपालस्थित चिनियाँ राजदूत होउ यान्छीले दूतावासमै पत्रकार सम्मेलन गर्दै भारतसंग पहिल्यै तय गरेर नेपालमा चीनियाँ राष्ट्रपतिले भारत भ्रमणपछि नेपालमा सुनाउन आएका नीति 'टु प्लस वान', जसलाई प्रम ओलीले नमान्ने र त्रीपक्षीय बराबर हैसियतको नै हुनुपर्ने माग गरेका, लाई त्रीपक्षीय नै हो प्रष्ट्याउंदै नेपालले अमेरिकि सहयोग एमसीसी करिब ५५ अर्बको न लिनलाई उच्चतम् कूटनैतिक दबाव दिनुभयो। यस अघि सत्ताधारी नेकपाको पार्टी बैठकमा नेताहरू देव गुरूङ, भीम रावललगायत अन्य कतिले ठोकुवा नै गरेर अमेरिकि सहयोग उसको सैन्य सहयोग अन्तर्गत हो भनी नलिन चीनको तर्फबाट भारतलाई घेर्न लिएको जिम्मा नेपाली राष्ट्रियताको 'रक्षा' गर्दै राम्ररी नै 'निर्वाह' गरिरहेको देखियो। चीनियाँ महामहिमले सैन्य रणनीति अन्तर्गत यदि हो भने चीनले स्वीकार गर्न सक्दैन र सार्वभौम देशका नेपाली सांसदहरू निर्णय लिन योग्य र स्वतन्त्र छन् भनेर उच्चतम मर्यादा मिचेर नेपाललाई नस्विकार भनी चेतावनी नै दिनु भयो। जबकि अमेरिकि राजदूतले पटकपटक यो गरिब तर लोकतान्त्रिक देशहरू विभिन्न ईन्डेक्स पार गरिसकेका लाई पूर्वाधार विकासको लागि नेपाल छनौट भएको हो भनि प्रस्ट्याउदै दूतावासले नेपालमा डिबेटमा ल्याएर आफ्नो अपमान गरेको सम्झी आवश्यक नभए नलिन पनि आग्रह गरिसकेको छ।

यस बीच नेपालबाट एमसिसि ल्याउन पहलदेखि हस्ताक्षर गर्ने सम्मका तत्कालीन नेपालबाट अमेरिकि राजदूत शंकर शर्मा तथा अर्थमन्त्रीको प्रष्टोक्तिहरू एमसिसिको पक्षमा आईसकेको छ। मिडियामा डिबेट र क्रस क्वेश्चन्स प्राय: नदेखेका चीनका नागरिक महामहिमले जब एमसिसि का संलग्न पक्षबाट सबै कुरा जनतामा छर्लङ्ग पारिसकिएको र अब नेपालले सहयोग लिन कसैले रोक्न नसक्ने देखे अनि आत्तिएर पत्रकार सम्मेलनसम्म रोक्नलाई ओर्लनु भयो। यसले चीनको 'अहस्तक्षेप'को नीतिलाई उदांगो पारिदिएको छ र यो प्रष्ट पारिदिएको छ कि ड्रैगनको बीआरआई वा जे सुकै सहयोग नेपालले आज किन नलेओस्, तर भोली पाकिस्तानलाई ब्याजमा ड्रैगनले आफ्नो आगोवाला सासमा लपेटेर उईगुर मुसलमानमाथि चरम् दमन गर्दापनि पाकिस्तानले चूईक्क बोल्न नसक्नु र पाक सरकारलाई आफ्नो कथित् पुरानो र भरपर्दो मित्र भनेपनि स्वयं पाक प्रधानमन्त्री ईमरान खान नियाजीले चीन भ्रमण गर्दा एयरपोर्टमा स्वागतकोलागि एउटा तल्लोस्तरको कर्मचारी पठाएर बेइज्जती गरेभन्दा पनि दुर्भाग्य नेपाली नेता र जनताको भोली आउँदैछ। चीनको बीआरआई यानिकि युरोपसंग चीनलाई पुरानो सिल्करोडको कन्सेप्टमा एशियाई देशसंग जोड्नु उसको अति महत्वकांक्षी व्यापारिक रणनीति तथा भारतलाई घेर्ने सैन्य तथा आर्थिक घेराबन्दी हो। हामीले यो कुरा ध्यानमा राख्नु पर्छ कि अमेरिकि एमसिसि सहयोगको फन्डमा अमेरिकाको केवल १० प्रतिशत सहयोग छ र अन्य जापान, भारतलगायत अन्य देशको त्यसमा सहयोग फन्ड छ। यो कुरा चीनीयाँ महामहिमले पत्रकार सम्मेलन गरेकै दिन सिङ्गापुरमा प्राध्यापनरत् तथा दक्षिण एशिया मामिलाका जानकार भारतीय प्राध्यापक सी राजा मोहनको एक दैनिक पत्रिकामा अति प्रष्ट अन्तर्वार्तापनि छापिएको छ जसले पनि एमसिसि नलिएपनि जापानसंग टेक्नोलौजीको क्षेत्रमा नेपालले एउटा संस्था बनाइदिन माग्न सक्छ मात्रै भनेका छैनन् कि चीन स्वयंपनि जापानलाई शत्रु मान्दापनि सहयोग लिएको भनेका छन्। नेपालबाट प्रो-चाईनिज केहि सांसद तथा नेताहरूले श्रीलंकाले एमसिसि नलिएको उदाहरण दिन्छन् तर विस्तृत कारणसहित नदिई केवल नेपाली जनताको अल्पज्ञानको लाभ उठाउंछन् तर चीनको बीआरआईको सहयोग लिएर ऋणमा डुबेको पाकिस्तानको प्याज, दूधका भाउ, त्यसको आर्थिक कम्मर भांचिएको र चीनले प्रतिष्ठासमेत सार्वभौम देशका रहन नदिएको भन्ने उदाहरण दिंदैनन्। यसले ती नेताहरू नेपाली राष्ट्रियताको पनि नभई चीनको कारिन्दा रहेको प्रष्ट्याएका छन्।

माथि बताइए झैं यस लेखको मूल ध्येय नेपाललाई पञ्चशीलको सिद्धान्तबाट विचलीत गराईकन कुनै अर्को देशविरूद्ध प्रयोग नगरियोस्, चीनको छिमेकी देशको आन्तरीक मामिलामा हस्तक्षेप नगर्ने नीति अब बदलि सकेको हो भन्ने प्रष्ट पार्नु हो। तर यहाँको कथित् राष्ट्रवादी प्रो-चाईनिज बर्चस्ववालाहरूले दुई-तिहाईको बहुमतको आडमा नेपाललाई अमेरिका र भारतविरूद्ध तानीरहेका छन् जसमा प्रचण्डजीले आफूविरूद्ध द्वन्द्वकालीन् मुद्दाको त्रास रहेको कुरा चीनीयाँ महामहिमलाई सुनाउंछन् भन्ने कुरोपनि दैनिक पत्रिकामा पनि आईसक्यो। अर्थात्, सो त्रास नभएको भए प्रचण्डजी चीनीयाँ प्रतिनिधि हालसम्म बनिसक्नु भएको हुन्थे जुन मिसनमा तत्कालीन सभामुख कृष्णबहादुर महरा थिए। संविधान घोषणा २०७२ सालमा हुंदा भारत-नेपाल सीमानामा मधेशीको धर्नाले सामान अवरूद्ध भएर मधेशीलाई विदेशी देख्ने नेपालका यस्ता प्रो-चाईनिज नेताका फलोअर प्राध्यापक र विद्यार्थी मधेशी र भारतीय नागरिकलाई एकै साथ एउटै शब्दले गाली गरि 'बरू आफूहरू चीनले लओस्!' भनी २४ क्यारेटको ठेट् नेपाली राष्ट्रियता क्याम्पस परिसर, बाटामा प्रकट गर्थे।

आज भारतमा नरेन्द्र मोदीको नेतृत्वमा बीजेपी-एनडिएको सरकारको पुन: बहुमतसहित वापसीले विश्वका धेरै राजनीतिक पण्डितहरू अपमानित भएर हीन भावमा बेरोजगार भएका छन्। स्वयं अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि पहिलो उनको आफ्नै निर्वाचन ताका नै 'आई लभ हिन्डू! आई लाईक मोडी!' भन्दै भारतीयमूलका नागरिकको मतले विजयी भए अनि सन् २०१९ को भारतीय संसदीय निर्वाचनको बेला भारतविरूद्ध पाकिस्तानको पक्षमा उनै ट्रम्पले बर्बराउन थालिसकेका थिए जो मोदी-शाहको जोडीको पुन:सत्तारोहणले बोलीमा लगाम बेलैमा लगाएर चेते। त्यही सन् २०१९ को भारतीय संसदीय निर्वाचनको बेला भारतका हाल विपक्षी दल कंग्रेस आईका राहुल गान्धिलगायत थुप्रै वामपन्थी नेताहरू काठमाडौंमा आएर राजनीतिक तथा मिडिया सपोर्ट मागे। काठमाडौंका कथित् २४ क्यारेटवाला विशुद्ध नेपाली राष्ट्रियतावाला प्रो-चाईनिज नेता तथा केही त्यसता मिडिया मण्डलीले यहाँको पाँचतारे होटलमा बसेर योजनाबद्ध नै बीजेपी-मोदीविरूद्ध लागे जसलाई सम्बन्धित पक्षले सोत्तर पारिदिए र नेपालका नेताहरूले संविधान घोषणाको बेला बोलेका 'नेपालको आन्तरीक मामिलामा मोदी सरकारबाट हस्तक्षेप'विरूद्ध स्वयं नेपालबाट कस्ता हस्तक्षेप गर्दा रहेछन्, त्यसको नाङ्गो नाच हेरेर भारतबाटै आनन्दपनि मुफ्तमा लिए। र, आज सोहि अनुसार व्यवहारपनि गर्दैछन्। तर विश्वमा आर्थिक तथा सुरक्षा शक्तिको दृष्टिकोणले उँभरिदो शक्ति भारत वा चीन वा अमेरिका नेपालका यस्ता जमीर (ईमान) बेचेका रकममुखी नेताका हर्कतले लामो कालखण्डमा मूल्यांकन शून्यमा झारिदिने छन् र घाटा समग्र निर्दोष आम जनतालाई हुनेछ।

आजको अवस्थामा भारतले विभिन्न आर्थिक तथा सुरक्षा अवरोध कथित् छिमेकी देशबाट व्यहोरिरहेको छ जसमा नेपाल अछूतो छैन। स्वयं अमेरिकि राष्ट्रपति ट्रम्प 'मोदी र हिन्दू'को कार्डले राष्ट्रपति बनेका छन् भने पाकिस्तान र नेपालमा पनि वर्तमान व्यक्तिहरू 'मोदी' नाम जपेर नै सत्तामा आएका छन् चाहे त्यो बाहिर सुनाउन चर्का गाली नै २४ क्यारेटको विशुद्ध राष्ट्रियताको नाममा किन न होस्! आजको कलियुगमा 'मोदी' शब्द अलिकति भएपनि 'श्रीकृष्ण' शब्दको पर्यायवाची बनेको हो किनकि श्रीकृष्णपनि भन्नु हुन्छ कि मेरो भक्तले मेरो नाम जसरी लिएपनि अन्त्यमा मलाई नै प्राप्त गर्छन् अर्थात्, मोदीलाई सरापेपनि सत्तारोहण गर्न यी नक्कलेबाज तथा विकास तथा राष्ट्रवादको नाममा हाई भोल्टेज ड्रामेबाजहरू सफलभएका छन्। हामीले बिर्सन हुन्न कि जब चीनमा सि- जिन्पिङ्गको पुन: राष्ट्रपति तथा पार्टी महासचिवमा आसिन हुने कुनै अस्त्र उनले फेला पारेन अनि दोक्लाम्मा भारतविरूद्ध सैनिकलाई धकम्म-धक्का टिभिमा देखाएर सजिलै ईच्छाएको कालसम्म पावरमा रहनेभएर आज सबै शान्ति छ र, मोदीजीको सन्देश सुनाउन भारतको भ्रमण गरि नेपालमा हुलाकीको काम अह्राई अनुसार गर्छन्! मोदी नामको असर हो यो।

दोक्लाम विवादको बेला जहाँ भारतीय सरकार, सेना, मिडिया र जनता चीनविरूद्ध एकत्रितभएर प्रदर्शन तथा हथियार गन्ति गरिरहेका थिए, त्यसबेला प्रमुख विपक्षी दलका नेता राहुल गान्धि स्वयंको कांग्रेसको नीति, धर्म, राष्ट्रियता आदि बिर्सेर भारतीय प्रो-चाईनिज कम्युनिष्टहरूसंग मिलेर कोलकातामा चीनीयाँ वाणिज्यदूतसंग घण्टौं रेस्टुरेन्टमा बिताए जहाँबाट त्यहाँका कथित् विपक्षी कंग्रेस र उसको नेतृत्वको कम्युनिष्ट सम्मिलित युपीए अलायन्सको कथित् धर्मनिरपेक्षताको नाममा गरिने राजनीति त भारतविरूद्ध शक्ति चीन र पाक तथा यी देशका कारिन्दा वा दलालहरूसंग छिमेकी देशहरूमा कनेक्सनरहेको बुझेर पछिल्लो संसदीय निर्वाचनमा सबैलाई मतदाताले सोत्तर पारिदिए! आजको दिनमा कथित् यी विपक्षीहरूले लोकतन्त्र र धर्मनिरपेक्षताको नाममा ती शक्तिलाई देशभित्र र बाहिर समर्थन गर्छन् जो प्रतिवर्ष भारत सरकारको ३ देखि ४ लाख स्कलरशीप विद्यार्थीको रूपमा खाएर दिल्ली तथा प्रमुख सहरका जेएनयु, जामिया ईस्लामिया, अलिगढ मुस्लिम विश्वविद्यालयहरूमा 'पाक जिन्दावाद! भारत तेरे टुकडे होंगे! हम छिनकर लेंगे आजादी!' जस्ता नारा लगाउंछन्! यी कथित् विश्वविद्यायलका विद्यार्थी तथा हैदरावादका सांदस असुदुद्दीन ओवैसी जस्ताले २६/११ को भारतमा पाक हमलावरलाई फांसी दिंदा 'हत्या' ठान्छन् भने कंग्रेसका पूर्वमन्त्री तथा जल्दाबल्दा नेता कपिल सिब्बल उसलाई फांसीबाट रोक्न 'वकालत' गर्न जान्छन्! यो आज भारतका विपक्षीमा कथित् धर्मनिरपेक्षता र आजादीको नाममा राष्ट्रभक्ति देखिन्छ जस कारणले अति सेन्सिटिभि भोटरले सोत्तर पारिदिए!

त्यहीं भारतविरूद्ध पाक, चीनले नेपाललाई रूटको रूपमा प्रयोग गर्दै आतंकी, नक्कली नोट, ड्रग्स् आदि सप्लाईमा प्रयोग गर्छन् र, हाम्रा सरकारका 'पञ्चशीलका तटस्थ'वाला सरकार र नेताहरूले चुप्की सांधेर चीनमा १२२ जनालाई एकचोटी अपराधी बुझाउंछन्! हालै गत आईतवार २० गते अर्थात् ५ जनवरीका दिन दिउंसो करिब १२ बजे भारतीय सुरक्षाकर्मीले दुई जना पाक आतंकीको नाम त्यहाँका विभिन्न टिभिहरूमा नाम र फोटो जारी गरेर उत्तरप्रदेशको गोरखपुर जोनलाई हाईअलर्टमा राखे यो भनेर कि उनीहरू पश्चिम बंगालबाट भागेर युपीभई नेपाल पस्नलागेका हुन्। यीनीहरू पहिलापनि कपिलवस्तुको सिद्धार्थनगर हुँदै दरभंगा, कोलकातामा पुगी अन्य आतंकीलाई लजिस्टिक सामान दिई लाखौं रूपैयाँको आर्थिक सहयोगपनि गरेका हुन्। यसरी नेपाल आज आफ्नो सरकारी, सुरक्षाप्रणाली, नेतृत्व, छिमेकप्रति सद्भाव र भलो चिताउने कर्तव्यबाट नेपालका केही नेताहरूको भारतविरोधी रवैयाले गर्दा च्यूतभएको छ र समग्र नेपाली जनताकै बद्नामीभएको छ, त्यहीं देशको अवस्था त खराब हुने नै भयो! सरकार चाहिं आफ्ना अलोकप्रिय, गैरकूटनैतिक प्रयोग तथा रकममुखी कसैलाई समर्थन वा विरोध गर्ने नीतिको पोल खुल्नबाट बच्न सवैधानिक प्रावधानलाई चुनौती दिंदै मिडिया कानूनमा वाक् स्वतन्त्रता निमोठ्न खोज्दैछ ताकि मोनोपली उसको जारी रहोस्। यो चीन होइन, नेपाल हो जहाँ राणा र राजा जहाँनियाँ ढले त्यहाँ यो कम्युनिष्टी उन्माद टिक्दैन भनेर यसमा लिप्तहरूले बेलैमा बुझ्दा हुन्छ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्)*

## सात वर्षका पारवहन सन्धि नवीकरण

काठमाडौं। गत वर्ष बैशाखमा भएको नेपाल-भारत वाणिज्य सचिव स्तरीय अन्तरसरकारी समितिको बैठकले गरेको सहमतिका आधारमा पारवहन सन्धि पुस २० गतेबाट सात वर्षका लागि स्वत: नवीकरण भएको हो। यसअघि सन् २०१३ मा यो सन्धि नवीकरण भएको थियो। सन् २०२० को जनवरी ५ सम्म लागू हुने गरी त्यतिबेला सन्धिको नवीकरण गरिएको थियो। पारवहन सन्धि नवीकरण हुनुअघि दुई देशबीचको पारवहन क्षेत्रमा अहिलेसम्म भएका समस्या समाधान, नयाँ विषय र लेटर अफ एक्सचेन्जलाई समेट्ने उद्देश्यसहित मंसिर दोस्रो साता काठमाडौंमा बैठकसमेत भएको थियो। मंसिर १० र ११ गते सम्पन्न नेपाल-भारत पारवहन सन्धिको विस्तृत पुनरवलोकन बैठकले दुई देशबीचको पारवहनका केही नयाँ विषयमा सहमति जुटाएको थियो। बैठकले खासगरी भारतले निर्माण गरेको 'इनल्यान्ड वाटरवेज'मा नेपाली ध्वजावाहक पानी जहाज सञ्चालन गर्न दिने विषयमा सहमति जुटाएको हो।

## विशाखापटनम्बाट ६५% कन्टेनटर कार्गो

काठमाडौं। तेस्रो मुलुकसँगको व्यापारमा लामो समयदेखि एक्लो विकल्प कोलकाता बन्दरगाह अब नेपालका लागि मुख्य 'ट्रान्जिट पोर्ट' रहेन। कोलकाताको स्थान विशाखापटनम्ले लिन थालेको छ। अहिले रेलमार्गबाट नेपाल भित्रिने ६५ प्रतिशतभन्दा बढी विदेशी कन्टेनर कार्गो आन्ध्र प्रदेशको विशाखापटनम्को बाटो आउन थालेको छन्। वीरगन्ज सुक्खा बन्दरगाहको तथ्यांक अनुसार ३५ प्रतिशतभन्दा कम कन्टेनर कोलकता भएर आइरहेका छन्। २०१९ को नोभेम्बरसम्मको सुक्खा बन्दरगाहको तथ्यांकअनुसार चार सय ९३ ऱ्याक कन्टेनर वीरगन्ज सुक्खा बन्दरगाहमा आएका छन्। यो भनेको करिब ३७ हजार एक सय ७० कन्टेनर हो। यसमध्ये दुई सय ६९ मा २४ हजार दुई सय १० विशाखापटनम्बाट आएका हुन्। एक सय ४४ ऱ्याकमा १२ हजार नौ सय ६० कन्टेनर कोलकाता भएर आएको देखिन्छ।

## संक्षिप्त समाचार

### वीरगञ्जमा क्रस बोर्डर जर्नालिस्ट मीट

वीरगञ्ज। वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले क्रसस बोर्डर जर्नालिस्ट्स मीट आयोजना गरेको छ। कार्यक्रममा नेपाल र भारतका मीडियासँग सम्बन्धित पत्रकारहरूको सहभागिता थियो। कार्यक्रमको एक्टिंग कौंसिल रमेश पी चतुर्वेदीले उद्घाटन गरे। मुख्य वक्ताका रूपमा भारतका प्रभात खबरका ब्यूरो चीफ ललित झा, हिमालिनी हिन्दी पत्रिकाकी सम्पादक डा. श्वेता दीप्ति, भारतीय पत्रकार सुजीत कुमार झासहित रहेका थिए। कार्यक्रममा नेपाल र भारतको सम्बन्धको चर्चा गरिनुका साथै दुई देशका साझा मुद्दाका बारेमा छलफल भएको थियो।

### कराते टोली भारतमा

रूपन्देही। नेपाली कराते टोली मंगलबार भारत प्रस्थान गरेको छ। बिहीबारदेखि सुरू भएको नवौं अन्तर्राष्ट्रिय कराते च्याम्पियनसीप २०२० तथा अन्तर्राष्ट्रिय स्पोर्ट्स एक्सलेन्स अवार्ड २०२० मा सहभागी हुन नेपाली कराते टोली भारत प्रस्थान गरेको हो। करातेका मुख्य प्रशिक्षक के.बि रानाको नेतृत्वमा २० खेलाडी र ७ अफीयिसल गरी २७ जनाको टोली भारततर्फ लागेको हो। कोलकत्तास्थित रबिन्द्र भवनमा पुस २६ गते शनिबारसम्म सो प्रतियोगिता चल्नेछ। टोलीलाई नेपाल-भारतको दशगजा क्षेत्र बेलहियामा तिलोत्तमा नगरपालिकाका प्रमुख बासुदेव घिमिरेलको टोलीले विदाई गरेको हो।

### बालिका हत्या गर्ने ४ जना पक्राउ

पर्सा। पोखरिया नगरपालिका-९ शिवबर्वा बस्ने १५ वर्षीया बालिकाको हत्या गरेको अभियोगमा ४ जनालाइ सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पोखरिया नगरपालिका( ९ शिवबर्वा बालिकाकी आमा ३० वर्षीया शिवकली देवी, सोही स्थान बस्ने ३९ वर्षीय राजेन्द्र महतो तत्वा, २८ वर्षीय संतोष महतो तत्वा र सुबोध भन्ने १९ वर्षीय जितेन्द्र यादव रहेका छन्। सो ठाउँ बस्ने बीरेन्द्र महतो तत्वाकी १५ वर्षीया छोरी पुनिता कुमारीको हत्या गरी घरबाट करिब २ किलोमिटर उत्तर खोला नजिकै गाडेको भन्ने सूचना प्राप्त हुना साथ जिल्ला प्रहरी कार्यालय पर्सा र ईलाका प्रहरी कार्यालय पोखरियाबाट संयुक्तरूपमा खटिएको प्रहरीले घटनास्थलमा शव जलाएको अवस्थामा शरीरको आंशिक भागहरू फेला पारेको हो।

### एक बोरा पटाका बरामद

बाँके। नेपालगञ्ज उपमहानगरपालिका-१४ चौलिका चोकमा रूपैडिहाबाट नेपालगञ्जतर्फ भन्सार छली ल्याउँदै गरेको करिब १ लाख रूपैयाँ बराबरको १ बोरा पटाका मंगलबार दिउँसो प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उक्त पटाका बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आगलागीबाट १० लाखको क्षति

कपिलवस्तु। कपिलवस्तु नगरपालिका-४ छोडकी तौलिहवास्थित देवेन्द्र कसौधनको किराना पसलको गोदाममा विद्युत सर्ट भई मंगलबार बिहान आगलागी हुँदा विभिन्न सामानहरू जलेर करिब १० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ट्याक्टरको ठक्करबाट बालकको मृत्यु

बाँके। नेपालगंज उपमहानगरपालिका-२० राँझा चोकस्थित सडकमा शनिबार दिउँसो भे.१ त ३२३० नम्बरको ट्याक्टरको ठक्करबाट गम्भीर घाइते भएका सोही स्थान बस्ने सुरज कुसबन्दियाको ५ वर्षीय छोरा काला कुसबन्दियाको नर्सिङ होम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको छ। फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ। दुर्घटना भएका स्थानहरूमा तत्काल खटिगएको स्थानीय प्रहरीले उद्धार गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### यौन दुर्व्यवहार गरेको अभियोगमा पक्राउ

रौतहट। ११ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा गुजरा नगरपालिका-५ हरिहरपुर बस्ने ६० वर्षीय महेन्द्र साहलाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ। साहले ती बालिकालाई यौन दुर्व्यवहार गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी हरिनगराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आगलागीबाट क्षति

मोरङ। उर्लाबारी नगरपालिका-९ छापन टोल बस्ने सकल रसाईलीको घरमा बिहीबार दिउँसो आगलागी हुँदा घर पूर्णरूपमा जलेर करिब ३ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। यसैगरी मोरङ, केरावारी गाउँपालिका-१० केराबारी बजार बस्ने मिन बहादुर बिकको घरमा बिहीबार राति आगलागी हुँदा घर पूर्णरूपमा जलेर करिब ९ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। सोलुखम्बु, माप्य दुधकोशी गाउँपालिका( ४ काकु रमिते बस्ने ६८ वर्षीय राम बहादुर राईको घरमा बिहीबार दिउँसो आगलागी हुँदा करिब ६ लाख २० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

### लागूऔषधसहित दुई पक्राउ

रूपन्देही। तिलोत्तमा नगरपालिका-३ जानकीनगरबाट अवैध लागूऔषध चरेश करिब १५ केजी सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा गुल्मी रेसुङगा नगरपालिका(८ बस्ने २७ वर्षीय संजय राउत र सोही ठाउँ बस्ने ३२ वर्षीय पदम थापा रहेका छन्। प्रदेश नं. ५ प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको लागूऔषधसहित आइतबार दिउँसो फेला पारी पक्राउ गरेको हो।

### हाजिरीजवाफ प्रतियोगितामा सम्पन्न

विराटनगर। विराटनगर महानगरपालिका र जिल्ला बाल कल्याण समितिको संयुक्त आयोजनामा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ। विराटनगर महानगरपालिका भित्रका ५५ सामुदायिक विद्यालय मध्ये ६ वटा सामुदायिक विद्यालयहरू हाजिरी जवाफ प्रतियोगितामा सहभागी भएका थिए। बाल मन्दिर विद्यालयमा आयोजित प्रतियोगितामा श्रीबाल माध्यमिक विद्यालयका रानी प्रथम भएको छ। त्यस्तै आदर्श माध्यमिक विद्यालय द्धितिय, मदननगर आधारभूत विद्यालय तृतीय भएको छ भने रघुपति आधारभूत विद्यालयले चौथो पुरस्कार प्राप्त गरेका छन्।

### घुससहित पक्राउ

धनगढी। अख्तियार दुरूपयोग अनुसन्धान आयोग सम्पर्क कार्यालय महेन्द्रनगरको टोलीले एक लाख ६० हजार रूपियाँ घुससहित सामुदायिक वनका पदाधिकारीलाई पक्राउ गरेका छ। अख्तियार टोलीले धनगढी उपमहानगरपालिका -१२ जुगेडास्थित सिद्धनाथ सामुदायिक वनका अध्यक्ष कुबेर थापा र कोषाध्यक्ष मोहनबहादुर सिंहलाई सोमबार पक्राउ गरेको जनाएको छ। सामुदायिक वनले समातेको ट्याक्टर छुटाइदिने भन्दै उनीहरूले घुस लिएको बेला सामुदायिक वनको कार्यालयबाटै पक्राउ परेको अख्तियारका सूचना अधिकारी टोपबहादुर विष्टले जानकारी दिए।

सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं। मञ्जुरीबिना भएको विवाह, हाडनातामा भएको विवाह, बालविवाह, बहुविवाह गर्नु/गराउनु अपराध हो। त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं। भेदभाव, छुवाछूत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं।

जलेश्वरनाथ नगरपालिका

महोत्तरी

**मलहम**

-डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# मधेशको जाडो र छालाको स्याहार

मानिसको एउटा परिचय भनेको छाला, छालाको रङ्ग, अनुहारको छालाको सौन्दर्यता पनि हो । तसर्थ छालाको स्यहार र स्वस्थ्यबारे सबैले जान्नु जरूरी छ । छाला सुन्दर भएर मात्र स्वस्थ्य हुन सक्दैन तर स्वस्थ्य छाला आफैमा सुन्दर भने हुन्छ । अत: छालाको सौन्दर्यता भन्दा पनि समग्र छालाको स्वास्थयमा हामी केन्द्रित हुनु बुद्धिमानि हुन्छ ।

देशभरी अहिले जाडो बढेको छ अझ मधेशमा जाडोको प्रकोप बढी नै हुन्छ । यस मौसमा छालामा अनेक समस्याहरू देखा पर्दछ । यसबाट बच्न छालाको विशेष स्यहार अति आवश्यक हुन्छ ।

**स्वास्थ एवं सौन्दर्य छालाको लागि जाडोमा स्नान**

जाडोमा छालालाई चिल्लो एवं नरम राख्ने प्रयत्न गर्नुपर्छ । हरसम्भव सुख्खा हुन दिन हुँदैन । जाडोमा हर्वल (निम, कागती, अमला, गुलाफ, आदि युक्त) पानिले नुहाउने वा हर्वल (चन्दन वा निम वा तुलसी वा एलोइभेरा वा पपाया, आदि युत्त) फेसवासहरूले मुख धुने गर्नुपर्छ । नुहाउने बित्तिकै सम्पूर्ण शरिरमा शुद्ध नरिवलको तेल दल्नु पर्छ, आयुर्वेद अनुसार छालाको लागि नरिवलको तेल सबै भन्दा उत्तम मोइच्राइजर मानिन्छ ।

तातो पानीले छालालाई झनै सुख्खा बनाउने गर्दछ । अत: सकेसम्म चिसै पानिले नुहाउनु पर्छ । अत्याधिक चिसो भए पानिलाई हल्ला मात्र तातो बनाएर (२५ देखि ३० डिग्रि सेल्सियस सम्म) नुहानु ठिक हुन्छ । आयुर्वेद अनुसार चिसो पानिमा अति तातो पानि मिसाएर प्रयोग गर्नु छालाको स्वास्थ्यको लागि राम्रो मानिन्न । यसो गर्दा व्यत्तिको स्वस्थ्य प्रतिरोधात्मक क्षमतालाई प्रत्यक्ष रूपमा हानि गर्दछ ।

**स्वास्थ एवं सौन्दर्य छालाको लागि जाडोमा पिउने पानि**

जडोमा चिसो हुन्छ भन्दै धेरैले कम पानी पिउने बानी हुन्छ । तर अनुहारको छाला स्वस्थ र चम्किलो राख्न प्रसस्त रूपमा पानी पिउने गर्नैपर्छ । साथै फलफूल तथा जुस पिउनु उत्तम मानिन्छ । जाडोमा पानी कम पिउनाले पनि छाला सुख्खा बनाउने गर्छ । त्यसैले पानीको पिउन ध्यान दिन आवश्यक छ ।

अनुहारमा धेरै तातोपानीको प्रयोगले पनि अनुहारको छाला सुख्खा बनाउँछ । बेलुका सुत्ने बेलामा दुई चम्चा कागतीको रस र एक चम्चा मह मिसाएर अनुहारमा लगाउने गर्नाले अनुहारको छाला सुख्खा हुनबाट जोगाउँछ । यसले अनुहारमा चमक ल्याउँछ ।

**जाडोमा अनुहारको छालाको स्यहार**

चायापोतो र चाउरिपना चिसो मौसममा धेरै मात्रामा हाम्रो अनुहारको छाला फुस्रो हुने तथा यसले चाउरीपना देखिन सक्छ । साथै अनुहारमा चायापोतो समेत देखिने गर्दछ । अझ कसै कसैमा त चिसोले गर्दा रातो रातो धम्बाहरू देखिने र चिलाउने समेत हुन्छ ।

साबुनले मुख धुने बानी धेरैको हुन्छ । तर जाडो मौसममा साबुनले मुख धुने गर्नु हुदैन यसले छाला फुस्रो र झन् सुख्खा बनाउँछ । तातो पानीले मुख धुनाले अनुहारमा चाउरिपना बढाउँछ । त्यस्तै धेरै चिसो पानीले पनि अनुहारलाई सुख्खा बनाइ चाउरी पार्न सहयोग गर्छ । अनुहारमा धेरै तातोपानीको प्रयोगले पनि अनुहारको छाला सुख्खा पनि बनाउँछ । अत: सकेसम्म अनुहार चिसो पानिले नै धोएको राम्रो मानिन्छ । न सके हल्का मात्र तातो पानि प्रयोग गर्नु ठिक हुन्छ । तर आयुर्वेद अनुसार चिसो पानिमा अति तातो पानि मिसाएर प्रयोग गर्नु छालाको स्वास्थ्यको लागि राम्रो मानिन्न ।

अनुहारको छालाको शुख्खापन हटाउनको लागि गुलाबजल, ग्लिसिरिन प्रयोग गर्न सकिन्छ । धेरै सुख्खा छालाको लागि सनब्लकसँगै लोसन प्रयोग गर्नु अनुहारको लागि धेरै लाभदायक हुन्छ । जसले अनुहारको छालालाई नरम राख्न सहयोग गर्दछ ।

सौन्दर्य विज्ञहरूका अनुसार हरेक दिन तीन चम्चा दुध र एक जम्चा जैतुनको तेललाई मिसाएर अनुहारमा लगाउनाले चाउरिपना कम हुन सक्छ । मेवाको गुदी नियमित रूपमा रूपमा १० मिनेट जति अनुहारमा लगाएर पखाल्ने गर्दा पनि अनुहारमा देखिने चाउरिपना हराउनुका साथै अनुहार चम्किलो बन्नेछ ।

छालाको चमक कायम राख्न र दाग घटाउन लागि कोजिक एसिडको प्रयोग गर्ने सल्लाह दिइन्छ । यो एसिड हामीले च्याउमा प्राप्त गर्न सक्छौं । यो प्रयोग गर्नु सबै उमेरमा उत्तम हुन्छ । बजारमा च्याउ र अनारको रस मिश्रित एन्टिएजिङ क्रिम पाइन्छ ।

एसी, हिटरको प्रयोग वा आगो ताप्नाले छाला झनै सुख्खा र फुस्रो बनाउँने भएकोले यी कार्य सकेसम्म कम गर्नुपर्छ ।

**ओठको छालाको स्वास्थ एवं सौन्दर्य**

हाम्रो शरीरमा हुने छालाहरूमध्ये ओठको छाला अत्यन्तै संवेदनशील हुन्छ । जुन अत्यन्तै कमलो हुन्छ । त्यसैले चिसोको कारण ओठ सुख्खा हुने, फुट्ने र कहिलेकाही रगतसमेत आउने गर्दछ । त्यसैले ओठलाई जोगाइ राख्न चिल्लोको मात्रा धेरै भएको लिपिष्टिकहरू लगाउनु पर्छ । कतिपयले ओठ सुख्खा भयो भन्दै जिब्रोले थुक लगाउने बानी हुन्छ, यस्तो गर्नु हुँदैन । जसले ओठलाई झनै सुख्खा गराउने गर्दछ ।

यस्तै ओठ फुटेको छ भने हरेक दिन बेलुका सुत्नु अगाडी काँक्रोको जुस १५ मिनेट ओठमा लगाएर धुने गर्नाले पनि ओठ नरम हुने गर्दछ । ओठलाई नरम बनाइ राख्न जैतुनको तेल, एलोबेराको रस, ग्लिसिरिन पनि लगाउन सकिन्छ । जसले ओठलाई नरम राखी राख्न सहयोग गर्दछ ।

**टाउकोको छाला एवं कपालको स्वास्थ एवं सौन्दर्यका लागि**

कपाल नुहाउनु अगाडि शुद्ध तोरीको तेलले १० मिनेट जति मसाज गरेर नुहाउँदा कपाल झर्ने र चाया पनि हट्ने हुने हुन्छ । जाडो मौसममा स्याम्पु प्रयोग गर्दा सकेसम्म केमिकल धेरै नभएको हर्वल स्याम्पुको प्रयोग गर्नु पर्छ । त्यस्तै कपाललाई चम्किलो र कोमल राख्न कन्डिसनरको प्रयोग गर्नु राम्रो मानिन्छ । जाडोमा सातामा २ पटक मनतातो तेलले हेयर ओयल मसाज गर्नु अत्यन्तै राम्रो मानिन्छ । जैतुन, बदाम र तिलको तेल मिसाएर तताई त्यसमा २ वटा भिटामिन इ क्याप्सुल मिसाई मसाज गरेमा केसमा चमक आउँछ ।

छालाको लागि आवश्यक सामग्रीहरू सोझै पसलमा गएर आफैं जथाभावी किन्नुभन्दा छाला तथा सौन्दर्यविद्को सल्लाह लिएर मात्र खरिद एवं उपयोग गर्नु उपयुक्त हुन्छ ।

**जाडोमा हात र खुट्टाको स्यहार**

हात, गोडा, ओठ र अनुहारको छाला ज्यादै पातलो, नरम र संवेदनशील भएकाले जाडो मौसममा फुट्नबाट बचाउन मुलायम पार्ने लिप क्रिमको प्रयोग गर्न सकिन्छ । अदुवा, बेसार, पुदिनाको पात, मह तथा काँक्राको प्याक पनि लगाउने ।

घुर ताप्ने, चुल्हो ताप्ने, एसी, हिटरको प्रयोग वा आगो ताप्नाले छाला झनै सुख्खा र फुस्रो बनाउँने भएकोले यी कार्य सकेसम्म कम गर्नुपर्छ ।

## पुस मसान्तसम्म भारतीय रेल आइपुग्ने

काठमाडौं । कोंकण रेलवे कर्पोरेसनले माघ १ गते नेपालका लागि रेल पठाउने भएको छ । कोंकणले नेपालका लागि बिक्री गर्ने रेल तयार पारिसकेको छ । रंरोगनको काम सकेपछि यो रेल नेपालका लागि हिँड्नेछ । यो रेल भारतको विजयवाडा, इटारसी, अलहावाद, पटना हुँदै जयनगर आउनेछ । जनकपुरमा रेल आएपछि नेपाल रेल्वेलाई हस्तान्तर गरिनेछ । सम्भवत: माघको दोस्रो साता नेपालमा रेल आइपुग्नेछ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्त नेम्वाङले नेपालले माघ १ गते नेपालका लागि भारतबाट रेल आउने जानकारी दिएका हुन् । नयाँ रेल जयनगर-जनकपुर सञ्चालन गर्ने तयारी गरिएको छ । यसको दूरी ५१ किलोमिटर छ । मन्त्रिपरिषद्ले २०७५ चैतमा कोंकण रेलवे कर्पोरेसनसँग ८४ करोड ६५ लाख रूपैयाँमा दुईवटा रेल खरिद गर्न विभागलाई सैद्धान्तिक सहमति प्रदान गरेको थियो । २०७६ वैशाख २७ गते भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र भारतीय राजदूतवासबीच रेल खरिद सम्झौता भएको थियो । नेपालले खरिद गर्ने कार पाँच डिब्बाको हुनेछ ।

## निधि त्रिपाठीको अन्त्येष्ठिमा सहभागी

काठमाडौं । नेपाली कांग्रेसका उपसभापति बिमलेन्द्र निधि भारतका राष्ट्रवादी कांग्रेस पार्टी (एनसीपी) का वरिष्ठ नेता डिपी त्रिपाठीको अन्त्येष्टिमा सहभागी भएका छन् । लामो समयदेखि अस्वस्थ त्रिपाठीको ६७ वर्षको उमेरमा नयाँदिल्लीमा निधन भएको हो । निधिले नयाँदिल्ली पुगेर स्वर्गीय त्रिपाठीप्रति श्रद्धान्जली अर्पण गरेका छन् । उत्तर प्रदेशको सुल्तानपुरमा जन्मिएका त्रिपाठीले तत्कालीन विद्रोही माओवादी र राजनीतिक दलहरूबीच १२ बुँदे सहमति गराउन भूमिका निर्वाह गरेका थिए । उनले 'नेपाल ट्रान्जिसन ए वे फरवार्ड'लगायतका धेरै किताबसमेत लेखेका छन् ।

## शाहविरूद्ध पक्राउ पुर्जी

कपिलवस्तु । नेपाली कांग्रेसको तर्फबाट कपिलवस्तु-३ का निर्वाचित प्रतिनिधिसभा सदस्य अभिषेकप्रताप शाहविरूद्ध पक्राउ पुर्जी जारी भएको छ । सांसद शाहविरूद्ध कुटपिट गरी ज्यान मार्ने उद्योगमा अनुसन्धानका लागि पक्राउ गर्न जिल्ला अदालत कपिलवस्तुले प्रहरीलाई अनुमति दिएको हो । गत पुस ५ गते श्याम मिश्रामाथि कृष्णनगरस्थित शाहको घरमा कुटपिट भएको आरोप लागेको छ । मिश्राले सांसद शाह र उनका सवारी चालक सोनु कहार भन्ने शशी कश्यपले आफूलाई ज्यान मार्ने उद्देश्यले कुटपिट गरेको आरोप लगाएका छन् । सांसद शाहले रमा गेस्ट रूममा ढोका थुनेर नशालु पदार्थ सुँघाएर अन्धाधुन्ध कुटपिट गरेको मिश्राको आरोप छ । कुटपिट गर्दै गर्दा सांसद साहले बन्दुक देखाएर ज्यान मार्ने धम्कीसमेत दिएको उनको आरोप छ ।

## उखु किसानद्वारा आभार प्रकट

काठमाडौं । पीडित उखु किसानहरूको संघर्षमा प्रत्यक्षरअप्रत्यक्ष साथ दिने सञ्चार जगत, सामाजिक संघसंस्था, नागरिक समाज, राज्यका प्रतिनिधिलगायत सम्पूर्ण पक्षप्रति उखु किसान संघर्ष समिति सर्लाहीले आभार प्रकट गरेको छ । समितिका सचिव हरिश्याम रायले आइतबार एक वक्तव्य जारी गर्दै, 'तपाइँहरूको सहयोग र सद्भावबाट मात्र हामी उखु किसानहरूको संघर्ष सम्भव भएको छ । तपाइँ सबैको सक्रिय सहयोग, सहभागिता र दबाबकै कारण सरकारले लिखित सहमति गरेको कुरामा दुईमत छैन ।' भनेका छन् । सरकारले गरेको सम्झौताबमोजिम २०७६ माघ ७ गतेसम्म उखु किसानहरूले आआफ्नो हिसाबबमोजिमको नगद प्राप्त गर्ने विश्वास समितिले व्यक्त गरेको छ । साथै, सम्झौतामाथि निगरानी र लागू गर्न थप सहयोग गरिदिन सबै पक्षलाई समितिले आग्रहसमेत गरेको छ ।

## डडेल्धुरामा पर्यटक

डडेल्धुरा । हिमपात भएपछि डडेल्धुरामा हिउँ खेल्ने आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्न थालेको छ । डडेल्धुरा सदरमुकामसहित साहुँखर्क, मेलखर्क र हगुल्टे लेक क्षेत्रमा हिउँ खेल्ने र हेर्ने आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्न थालेको हो । हिउँ हेर्न र खेल्न भारतको पलिया लखीमपुरबाट पनि पर्यटक आएका छन् । उनीहरू डडेल्धुरा आउँदा स्वीजरल्याण्ड नै आएजस्तो महसुस भएको बनाएका छन् । धनगढीबाट १२५ किलोमिटरको पक्की सडकको यात्रा गरेपछि हिउँ हेर्न पाइन्छ । अहिले भ्रमण वर्ष समेत चलिरहेको अवस्थामा सुदूरपश्चिम घुम्न आउने भारतीय पर्यटकको संख्या बढ्दै गइरहेको छ ।

## चेन्नईमा नेपाल आउने रेल बन्दै

काठमाडौं । जनकपुर-जयनगर-कुर्था खण्डमा माघ तेस्रो सातादेखि रेल सञ्चालन गर्ने तयारी भएको छ । नयाँ रेल बनाउने जिम्मा पाएको भारतको कोकन रेलवेज कर्पोरेसन लिमिटेडले नेपालका लागि रेल बनाउँदै छ । कोकन रेलवेजले भारतको चेन्नईमा नेपाल आउने रेल बनाइरहेको छ । रेल विभागका महानिर्देशक बलराम मिश्रका अनुसार जनवरी ३० सम्म कोकन रेलवेजले रेल हस्तान्तरण गर्नेछ । उहाँका अनुसार फेब्रुअरी पहिलो सातादेखि जनकपुर-जयनगर-कुर्था खण्डमा रेल चलाउने तयारीमा छ । जनकपुर-जयनगर-कुर्था खण्डमा चल्ने रेल भारतमा तयार भइसकेको छ । उनले भने, 'अहिलेसम्म निर्माणकर्ता कम्पनीले जनवरी ३० सम्म पहिलो रेल दिने बताएको छ । जसले गर्दा फेब्रुअरी पहिलो सातासम्म रेल चलाउनु पर्नेछ ।'


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


स्थानीय सम्वाद

# प्रदेश सांसदले "अर्कै" हिसाब मागेछन्



**कौशल किशोर यादव**
**मेयर, कबिलासी नगरपालिका, सर्लाही**

अब कुन हिसाव मागेका छन्, त्यो कल रेकर्ड सार्वजनिक भएपछि थाहा हुन्छ । विभिन्न किसिमका अपशब्द प्रयोग गरेर गाली पनि गरेका छन्, मार्छु, काट्छु लगायतका कुराहरू भनेका छन् । त्यसैले पुस ७ गतेको कल रेकर्ड सार्वजनिक हुनुपर्छ ।

**० कबिलासी नगरपालिका यति धेरै विवादित किन भइरहेको छ ?**

– यहाँबाट जितेका प्रदेश सांसद संजयकुमार यादवका कारण यो नगरपालिका विवादमा फस्दै गएको छ । उहाँले यो नगरपालिका कालोसूचिमा परेको भन्नुभएको छ, तर त्यो भ्रामक कुरा मात्रै हो । सूत्रमा नबाँधेकोले सर्लाहीका ११ वटा नगरपालिकाको अनुदान रोक्का गरिएको थियो । यसको कारक पनि ती प्रदेश सांसद नै हुन् । उहाँले आफ्नो काम कर्तव्य र अधिकार नबुझ्ने, अरू काममा बाधा खडा गर्ने काम गरेका छन् ।

**० संघीय सरकारबाट आउने अनुदान रोक्का भएको हो कि होइन ?**

– रोक्का भएको छैन । अनलाइन सूत्रमा नबाँधेको लिष्टमा कबिलासी नगरपालिका पनि परेको भन्ने समाचार आएको थियो । अनलाइन सूत्रमा नबाँधिनुको कारण पनि ती प्रदेश सांसद नै हुन् । उपमेयर उसको भाउजु हो, बलजबरजस्ती प्रस्ताव राखेर प्राविधिक सहायकलाई लेखामा राख्नैपर्ने भनेर राख्न लगायो । उसले केही पनि थाहा छैन । समयमा खर्चको फटबारी पेस नगरेकोले यस्तो अवस्था आयो । प्रदेश सांसदले प्रमुख प्रशासकीय अधिकृतलाई विभिन्न किसिमका धम्की दिने, काम गर्न नदिने लगायतका काम गर्दै आएका छन् । अहिलेका प्रशासकीय अधिकृतलाई मात्रै हैन, यसभन्दा पहिलाकालाई पनि धम्की दिएका छन् । प्रदेश सांसदको बाबुबाजे जिमदार थिए, उ आफूलाई पनि त्यस्तै ठानिरहेका छन् । अहिले जिमदारी छैन नि, संघीय लोकतान्त्रिक गणतन्त्र आइसकेको छ ।

**० प्रदेश सांसद यादवले त नगरपालिकाभित्र पारदर्शी छैन, खर्चको आयव्यय सार्वजनिक गरेको छैन भन्नुभएको छ नि ?**

– नगरपालिकाको आयव्यय सार्वजनिक नगरेसम्म नगरसभा हुन्छ त, हुँदैन नि । प्रत्येक आर्थिक मसान्तमा आयव्यय सार्वजनिक हुन्छ । त्यसपछि नगरसभा हुन्छ । प्रत्येक आर्थिक मसान्तमा नगरसभा भएको छ, त्यसमा खर्चको आयव्यय सार्वजनिक गरिएको छ । यो उहाँको आरोपमा कुनै आधार छैन ।

**० उहाँका पार्टीबाट निर्वाचित उपमेयर र वडाअध्यक्षहरूलाई सोध्नुहुन्न, एकलौटीरूपमा गर्नुहुन्छ भन्ने आरोप छ ?**

– हामीले हरेक निर्णयका प्रमाणहरू छन्, सबैमा उहाँहरूले हस्ताक्षर गर्नुभएका छन् । म त आफ्नो पार्टीबाट एकलै हुँ, अन्य पार्टीबाट आएकाहरूसँग सल्लाह वा सोधिँदैन भने नगरपालिका निर्णयहरू कसरी हुन्छ । प्रदेश सांसदले हैकमवादी चलाउन खोज्नुभएको छ । उसको हिसावले नगरपालिका चल्दैन नि ।

**० कबिलासीमा आर्थिक अनियमितता भएको छैन ?**

– नगरसभामा आयव्यय सार्वजनिक भएकै छ, सबै हिसाव पारदर्शीरूपमा राखिएकै छ, कसरी आर्थिक अनियमितता भएको छ भन्ने । बिना प्रमाण कसैमाथि आरोप लगाएर हुँदैन नि । त्यसका प्रमाणहरू पनि त ल्याउनुपऱ्यो ।

**० अन्य खर्चमा अनियमितता भयो, लेखापाल कार्यालय आउँदैन, होटेलमा गएर तपाइँहरू हिसाब मिलन गर्नुहुन्छ भन्ने आरोप प्रदेश सांसदले लगाउनुभएको छ ?**

– प्रदेश सांसदले जति पनि आरोपहरू लगाएका छन्, ती सबै आधारहीन हो । यसको केही पूर्वाग्राही छ । उहाँले हिसाव माग्नुभएको छ तर, कुन हिसाव ? त्यो प्रष्ट छैन । नगरपालिकाको त सबै हिसाव खर्च सार्वजनिक भएकै हो । कबिलासी कालोसूचिमा परेको उहाँको भनाइ छ तर कहाँ छ कालोसूचिमा त्यो देखाउनुपऱ्यो । प्रदेश सांसद यादव आफै ठूलो भ्रष्टाचारी हुन् ।

**० प्रदेश सांसद यादव कसरी भ्रष्टाचारी हुन्, यसका आधार छ तपाइँसँग ?**

– पहिला सलेमपुर गाविस हुँदा सांसद यादवले आव ०६८/०६९ मा तत्कालीन सचिव ध्रुव झालाई जबर्जस्ती समातेर गाविसको पैसा आफ्नो खातामा हाल्न लगाए । अहिले पनि अख्तियारमा यसको मुद्दा छ । उसले तारिख पनि बोकिरहेका छन् ।

**० नगरपालिकामा यस्ता विवादहरू भइरहँदा जनताले स्थानीय सरकारको अनुभूति गर्न पाएका छन् ?**

– अरू केही पनि विवाद छैन, प्रदेश सांसदले नै विवाद गराइरहेका छन् । यस्ता प्रदेश सांसदहरूका कारण संघीयता नै पर्दै गइरहेको छ । स्थानीय सरकार स्वायत्त हो । यो नगरपालिका सर्लाहीको चारवटै निर्वाचन क्षेत्रसँग जोडिएको छ । अन्य प्रदेश सांसद वा प्रतिनिधिसभा सदस्यले सहयोग गरिरहेका छन्, यो प्रदेश सांसदले आफ्नो फाइदाका लागि मात्र नगरपालिकामा विभिन्न विवादहरू खडा गरिरहेका छन् ।

**० प्रदेश सांसदले प्रमुख प्रशासकीयसँग कुन हिसाव मागिरहनुभएको छ त ?**

– पुस ७ गते प्रदेश सांसदले फोन गरेर प्रमुख प्रशासकीय अधिकृतलाई धम्की दिएका छन् । उसले कुन हिसाव मागिरहेका छन्, त्यो कुरा पुस ७ गतेको कल रेकर्डिङमा रेकर्ड भएको छ । त्यो सार्वजनिक भएपछि सबैलाई थाहा हुन्छ । प्रदेश सांसदले प्रमुख प्रशासकीय अधिकृतलाई अहिले नै यहाँबाट भाग लगायतका धम्की दिएका छन् । प्रमुख प्रशासकीय अधिकृतलाई प्रदेश सांसदले नियुक्ति दिएको होइन नि ।

**० पुस ७ गते प्रशासकीय अधिकृतलाई प्रदेश सांसदले फोन गरेर के भन्नुभयो ?**

– प्रशासकीय अधिकृतसँग प्रदेश सांसदले हिसाव मागे, अधिकृत कुन हिसाव दिनुपऱ्यो भने । अधिकृतले हिसाव सार्वजनिक गरिसकेको भन्नुभयो । तर सांसदले त्यो हिसाव मागेको होइन, सम्झौता गरेको थियो त्यो त गरिदिनु पऱ्यो नि भनेर भन्यो । अब कुन हिसाव मागेका छन्, त्यो कल रेकर्ड सार्वजनिक भएपछि थाहा हुन्छ । विभिन्न किसिमका अपशब्द प्रयोग गरेर गाली पनि गरेका छन्, मार्छु काट्छु लगायतका कुराहरू भनेका छन् । त्यसैले पुस ७ गते कल रेकर्ड सार्वजनिक हुनुपर्छ ।

**० प्रदेश सांसदले मागेको अर्कै हिसाव के हुनसक्छ ?**

– प्रमुख प्रशासकीय अधिकृतसँग कमिशन मागेको हुनसक्छ । पहिला अधिकृतहरूसँग पनि यस्तै व्यवहार गर्दा टिक्न सकेनन् ।

## विश्व परिवेश

# चीनमा इस्लाम विस्तार गर्दै पाकिस्तान

पाकिस्तानले आफूलाई 'इस्लामको रक्षक' भने पनि खुदै चीनमा रहेका मुसलमानहरूमाथि खुल्लेआम भै रहेको सांघातिक दबाबलाई समर्थन गर्दै आएको छ। यहाँसम्म कि धार्मिक दलहरू लगायतका संगठनहरूले नक्कली धर्मनिन्दाको आरोपमा अहमदी, शिया, ईसाई र हिन्दुहरूलाई छिट्टै मार्ने गरेपनि राज्यले कमजोर इस्लामका अनुयायीहरूमाथि गर्दै आएका ज्यादतीहरूमाथि आँखा चिम्लिने गरेको छ। करोडौं भन्दा बढी युधुर मुसलमानहरूलाई मुसलमान भएको कारण थुनामा राखिएको छ। विगत केही वर्षको अवधिमा चीनले मुसलमानहरूलाई दारी पाल्न, बुर्का लगाउन, सार्वजनिक रूपमा प्रार्थना गर्न रमजानमा उपवास बस्नबाट निषेधित गर्दै आएको छ। थुनामा राखिएका मुसलमानहरूलाई कक्षाहरूमा इस्लाम र इस्लामिक क्रियाकलापहरू मानसिक विमारी हो त्यसलाई मुटु-भित्रबाट फाल्नुपर्छ भन्ने उपदेश दिने गरिएको छ। पाकिस्तानको इस्लामप्रतिको विशेष आलोचनीय दृष्टिकोण स्पष्ट रहेको छ। त्यसलाई युरोपमा नराम्रो घटनाहरूको रूपमा टिप्पणीहरूसहित तेजीसाथ परित्याग गर्ने क्रममा राख्न थालिएको छ। तर, चीनले इस्लामलाई 'मानसिक रोग' भनिए पनि त्यसको बेवास्ता मात्र नगरी आधिकारीक मौन प्रक्रियाद्वारा सघाउने गरिएको छ। प्रधानमन्त्री इम्रान खानले छिमेकमा मुसलमानहरूमाथि नै रहेको व्यापक ज्यादती र दबाबको विरूद्ध कहिले पनि बोलेका छैनन्। यस वर्षको शुरूमा तुर्को टेलिभिजन चैनलसँग बोल्ने क्रममा उनले त्यस्तो घटनाहरू आफूलाई थाहा नभएको बताएका थिए। तर त्यसै व्यक्तिले कश्मीर सम्बन्धमा 'फासिस्ट' को अभिव्यक्ति दिन हतारिए पनि आफ्ना चिनियाँ मित्रहरूलाई उनीहरूको युधुर योजना सबभन्दा नराम्रो मध्येको एक रहेकोले धार्मिक हिंसाहरूप्रति मुसलमानहरूलाई लक्षित गरी संचालित हुँदै आएको बताएका थिए।

पाकिस्तानमा यस मुद्दामाथि विरोध नभएको हैन तर त्यो सीमित रहेको छ र सीमित संचारमाध्यमहरूमा अलिकति मात्र त्यसबारे लेख्ने गरिएको छ। उदाहरणका लागि युधुर महिलाले पाकिस्तानी नागरिकहरूसँग गरेको विवाह गर्दा त्यसलाई गिरफ्तार गर्ने विषयलाई लिएर गिलिगट बाल्टीस्थानमा व्यापक आक्रोश व्यक्त गरिएको थियो। यस वर्षको शुरूमा पाकिस्तानका नगरहरूमा चीनद्वारा सञ्चालित यौन दासी व्यवहार सञ्चालित रहेको फेला परेपछि व्यापक क्षेत्र र आक्रोश व्यक्त गरिएको थियो। हुन त पाकिस्तानी अधिकारीहरूले केही चीनका त्यस्ता कारोबारीहरूलाई गिरफ्तार गरेको थियो तर त्यो घटना न त सरकारको विरोधको विषयवस्तु बन्न सक्यो न त इस्लामका आत्मघोषित समुदायद्वारा नै मुसलमानहरूसँग कुनै खास चासो राख्ने गरिएको छ। राज्यको निकायहरूद्वारा निखार प्रताडित समुदायले गुनासो व्यक्त गर्दा पनि सरकार वा धार्मिक नेताहरूबाट कुनै सहयोग पाएका छैनन्।

यस वर्ष जुलाइमा चीनका नीतिलाई अधिकारीक रूपमा लागू गर्दा पाकिस्तानको जटिलताले गर्दा चिनियाँद्वारा हुने अपराधहरू विरूद्धको वातावरण स्थापित गरिएको थियो। संयुक्त राष्ट्र मानवअधिकार परिषद्मा एक संयुक्त पत्र पठाउने ३७ देशहरूमध्ये एक पाकिस्तान पनि रहेको थियो। चीनको ज्यादतीहरू सम्बन्धमा निम्न टिप्पणीहरूलाई समर्थन गरेको थियो- "विगत तीन वर्षमा सिन्चियाङ्गमा एउटा पनि आतंकवादी आक्रमण भएको देखिएको छैन र जनताले जबरजस्त रूपमा प्रसन्नता, उपलब्धि र सुरक्षा उपभोग गर्दै आएको छ।" संचार माध्यमले देशको नेताको रूपमा इम्रान खान पूर्ण असफल रहेकोले देशमा इस्लामको स्थिति चिन्तनीय रहेको आलोचना गरेको थियो। एक महिला अधिकारकर्मी पुर्निया आवानले 'एक्सप्रेस ट्रीब्यून' को अक्टोबर १२, २०१९ अंकमा प्रकाशित एक दुर्लभ लेखमार्फत यस्तो पश्न गरेकी छिन- "कश्मीरी मुसलमानहरूको दाँजोमा युधुर मुसलमानहरू सम्बन्धी कार्यान्वयन किन कम महत्वपूर्ण र हाम्रो ध्यान आकर्षित प्राय: नगर्ने खालको रहेको छ। प्रधानमन्त्री जति कश्मीरहरूप्रति सजक रहेका छन्, त्यती युधुर मुसलमानहरूप्रति निरिह किन तिनीहरू कम महत्वपूर्ण ठानेका छन्? प्रधानमन्त्री कश्मीरीहरू जस्तै निर्दोष नागरिहरूप्रति किन सजक रहेका छैनन्?" 'डान' पत्रिकाका प्रख्यात स्तम्भकार इरफान हुसैनले 'डान' को अक्टोबर १६,२०१९ अंकमा प्रकाशित लेख मार्फत आश्चर्य प्रकट गर्दै टिप्पणी गरेका छन् कि किन "चीनको मुसलमान समुदायलाई पूर्णरूपले दिग्भ्रमित पार्ने प्रयोजित प्रयास पश्चात् पनि इस्लामिक विश्वमा किन दंगा र विरोध देखिएको छैन?" मुसलमानहरू विरूद्ध चीनको कारबाहीविरूद्ध समचार च्यानलहरू र समाचारपत्रहरू समेतमा मुश्लिमले कुनै प्रतिक्रिया देखाएको छैन। प्रख्यात आलोचक अमित राना 'डान' मा लेखेको आतंकवाद सम्बन्धमा यस वर्षको जनवरीमा सन्चियाङ्गमा मुसलमानहरूमाथि हुँदै आएको कथित संकट तीव्र अतिवादलाई नियोजित गर्ने सफल योजना हो, जसलाई अन्य देशहरूले पनि नमुना स्वरूप अनुकरण गर्नुपर्छ।

धार्मिक तथा आतंकवादी संगठनहरूले समेत गल्तीहरू कब्जा गरेर त्यसमा जिहादको जोडदार घोषणा गर्नेहरू समेत चुप मात्र लागेर बसेको छैनन् बरू चीनले इस्लामलाई बेवास्ता गर्ने कार्यलाई समेत पन्छ्याउँदै आएको छ। उदाहरणका लागि इस्लामको अग्रणी संस्था भनेर आफूलाई दावी गर्ने जमात-ए-इस्लामीलाई फ्रेबुअरी, २००९ मा चीनले सिन्धियाङ्गका मुसलमानहरूलाई थिच्दै जान उक्साएको थियो। 'द न्युज इन्टरनेशनल' को अप्रिल, २०१७ को अंकमा सरताज खानले यस प्रकार स्पष्ट पारेको छ-"चीन र जमात-ए-इस्लामीका सरगनाहरूबीच भएको मिटीगंले अशान्त युधुरको मुद्दालाई दुबैले आदिवासीहरूको परिप्रेक्ष्यमा हेरेको छन्।" छोटकरीमा विश्वमा आज उपेक्षित र तिरष्कृत रहेका अन्यहरू भन्दा जमात-ए-इस्लामीको इस्लामसँग राम्रो सम्बन्ध रहेको छ। 'डेली टाइम्स' को डिसम्बर, २०१८ अंकमा स्तगर विश्वविद्यालयका पी.एच.डी. मा अध्ययनरत अस्लम ककरले "यस्तो बेवास्ता र जैतिक अपचलन" सम्बन्धमा पाकिस्तानका तर्फबाट दुई निष्कर्ष-पहिलो प्रधानमन्त्री इम्रान खानले चीन सरकारद्वारा बलोचर पश्तुन जस्ता धार्मिक अल्पसंख्यकहरू विरूद्ध लागू गरेको नीतिको निन्दा गर्न सकेको छैन। दोस्रो, पाकिस्तान भावी सरकारहरूले आफ्नो जनताको हकहित विश्वव्यापी स्तरमा संरक्षित गरी राख्ने वाचा गरेका छन्।

# अमेरिकी संसदप्रति कश्मिरी लेखकहरूको तिखो टिप्पणी

हिन्दुस्तान टाइम्सको नोभेम्बर १५, २०१९ को अंकबाट वाशिंगटनबाट यशवन्त राजले उल्लेख गरे अनुसार जम्मु र कश्मीरमा पाकिस्तान समर्पित आतंकवादप्रति सांसदहरूले स्वेच्छापूर्वक बेवास्ता गरेकोलाई कश्मीरी पण्डित र लेखक सुनन्दा वशिष्टले भर्त्सना गरेकोबाट उनी भारतको सबभन्दा राम्रो प्रतिरक्षा विशेषज्ञकी रूपमा देखिएकी छिन्। जम्मु र कश्मीरमा प्रतिबन्ध र थुनछेकको बीच हालै संसद निर्देशित मानवअधिकार संगठनद्वारा आयोजित सुनुवाई कार्यक्रमका भारतप्रति उग्रवादी रहेकाहरू सम्बन्धमा अमेरिकी सांसदहरूले त्यो असन्तुलितहरूको एक निकायद्वारा गरिएको विध्वंसक क्रियाकलाप हो एक पटक फेरि सार्वजनिक अभिव्यक्ति दिएका छन्। तिनीहरूद्वारा उठाईएका मुद्दाहरूको क्रममा अधिकांश साक्षी, पदाधिकारी तथा संचालककहरूमध्ये अधिकांश विगत महिनामा भएको संसदीय सुनुवाईका क्रममा रहनेहरू नै रहेका थिए, जसलाई स्वतन्त्र रूपमा भारतमा अशान्ति मचाउनेहरूको रूपमा ठानिएको कारण तिनीहरू मित्रवत् रहे पनि अवरोधक रहेको सांसदहरूले नै आश्चर्यको रूपमा लिएका थिए। त्यस अनुभवभन्दा बुद्धिमतापूर्ण र असल यस पटक भारतीय दूतावासले आयोजित कार्यक्रम रहेको थियो। त्यस क्रममा 'टौम लैनटोस ह्युमन राईटस कमिटिका ८० जना भन्दा बढी सांसदहरू समक्ष पुगेर हालै तिनीहरूको विचारधारा बुझ्ने प्रयास गरिएको थियो। त्यसमा कार्यालयका मुख्य गवाह, 'यु.एस कमीशन औन इन्टरनेशनल रेलिजियस फ्रीडम' को अरूणिमा भार्गवले भारतीय मूलका अमेरिकी र तिनी सम्वद्ध सांसदहरूलाई कम.से.कम एक यस्तो गवाह तयार पार्न भनिन जो-"स्पष्ट र सन्तुलित" रहन् सकोस। त्यो रणनीति कार्यान्वयनमा आएको देखियो। संयुक्तराष्ट्रस्थित भारतीय राजदूत हर्षवर्द्धन श्रृंग्लाले त्यस अनुरूप गर्ने प्रयास गरिएको जानकारी दिईन।

कश्मीरी पण्डित र लेखिका सुनन्दा वशिष्ठ सुनुवाईको क्रममा भारतको प्रतिरक्षाप्रति सबभन्दा राम्ररी प्रस्तुत भईन। एक पटक उनले "यो असन्तुलित निरीक्षकहरूको समूह हो" समेत समूहका साथीहरूको हस्तक्षेपहरू बीच स्पष्ट पारिन्। त्यसको लगत्तै उनले जम्मु र कश्मीरमा पाकिस्तान समर्थित आतंकवादलाई जानीबुझी बेवास्त ागर्ने सांसदहरूलाई समेत हप्काउँदै यसरी आफ्नो धारणा व्यक्त गरिन-"हामी तथ्यप्रति संवेदनशील हुनु पर्दछ। हरेक मृत्यु वा हत्याको कारण पाकिस्तान प्रशिक्षित आतंकवादीहरू रहेका छन् र तिनीहरूले नै सबै हत्या गर्दै आएका छन्। यो दोहरो वक्तव्यले भारतलाई कुनै प्रकारले मद्दत गर्ने छैन।" उनको त्यस प्रकारको टिप्पणीले गवहहहरूका समूहलाई नै प्रभावित पार्‍यो। आयोगका एक वरिष्ठ सदस्य-"जो भारत सम्बन्धमा छोटो अवधिमा दोस्रो पटक सुनुवाई" का लागि व्यापक रूपले समूहमा आलोचित भएका थिए, उनलाई पशिष्ठ समक्ष "क्षेमायाथवा" गर्न भनिएको भए पनि सुनुवाई पश्चात् वशिष्टले अन्य गवाह तथा सांसदहरूलाई चुनौती दिदै मानव मानव जीवन र मानव अधिकारबीच सन्तुलन राख्दै तर्क प्रस्तुत गर्न सुझाएकी थिईन। सुनुवाईको कममा भारतको रणनीति र उद्देश्य "सन्तुलन" कायम राख्न उग्र र अनुपयुक्त आवाजलाई निस्तेजित पार्नु रहेको थियो। भारत सरकारद्वारा अगस्त ५ का दिन धारा ३७० लाई एक्कासी परिवत्तित गरी त्यस्तै बेला देखि जम्मु र कश्मीर राज्यको सवैधानिक स्तर कायम गरिएपछि लोकतान्त्रिक सांसदहरू अन्तिम पटक व्यापक स्तरमा सहभागी भएका थिए। तीमध्ये अमेरिकी हाउस अफ रिप्रेजेन्टेटिभमा प्रतिनिधित्व गर्ने पाकिस्तानी वृत्तका प्रमुख शीला जेक्शन ली, डेमोकेटीक पार्टीका उदार अतिवादी घोषित गरिएका डेविड ट्रोन र डेविड सिसिलिन र भारतीय अमेरिकीहरू मध्ये सबभन्दा बढी उग्र रहेकी प्रमिला जयपालले भार्गवसंगको विचार आदान-प्रदान क्रममा यसरी भनेकी थिईन-"भारत सरकारको कश्मीर सम्बन्धी कारवाईसंग गहिरो रूपमा प्रभावित भएको छु किनकि बिना आरोपमा मानिसलाई थुन्नु, व्यापक रूपमा संचार सम्बद्ध गतिविधिहरूलाई सीमित पार्नु र त्यस्तो व्यक्तिलाई भेट्ने कार्यलाई अवरोधित गर्नु रहेको छ।"उनले यी प्रकियाहरू हाम्रो निकटतम् र आलोचनात्मक सम्बन्धका लागि हानिकारक रहेको छ। भार्गवले भारतले उनको केही मुख्य सरोकार भएको र भारतीय कूटनीतिज्ञहरू सम्बन्धमा भनेकी थिईन-"युनाईटेड स्टेट्स कमीशन औन इन्टरनेशनल रेलिजियस फ्रीडम अगस्तमा सुरू भएको प्रतिवेदनसंग सम्बन्धित रहेको छ, जस अनुसार भारत सरकारले जम्मु र कश्मीरमा सभा र आन्दोलन गर्ने स्वतन्त्रतालाई प्रतिबन्धित गरेको थियो, जनतालाई धार्मिक क्रियाकलापहरू र मानिसलाई प्रार्थना र धार्मिक कार्यक्रमहरूमा सहभागी हुन, धार्मिक लगायतका ठूला सभाहरूलाई सम्बोधन, स्वास्थ्य सेवा र अन्य आधारभूत सेवाहरू समेतलाई प्रतिवन्धित गरिएको थियो।" उनले थप्दै भनिन- "यू.एस.सी.आई.आर.एफ.ले मस्जिदहरू बन्द गरिएका प्रतिवेदनहरू देखेकी छिन, इमामहरू र मुस्लिम समुदायका नेताहरू गिरफ्तार गरेर थुनामा राखिएका तथा विशेषगरी व्यापकहरूसँग सम्वद्धहरूले हिंसा र चुनौतीसंग जुझ्दै आएको देखेकी छिन।" गोजीफोनहरूमाथि प्रतिवन्ध सामान्य जनजीवनको दैनिक कार्यहरू सुनुवाईको क्रममा पटक-पटक विशेष मुद्दाका रूपमा उठेका थिए। भार्गवले पछि आफ्नो आलोचनाको क्षेत्र विस्तारित गर्दे यस प्रकार भनेकी थिईन-"यदि भारत सरकार आफ्नो वर्तमान रणनीति, जीविका सम्बन्धी अधिकार र स्वतन्त्रताहरूलाई निरन्तरता दिन्छ भने त्यो ठूलो र गम्भीर खतराको विषयवस्तु हुन जानेछ।" त्यो संगठन वर्षैदेखि भारत सरकारको उसको वार्षिक प्रतिवेदनहरूप्रति आलोचक रहँदै आएको छ।

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन्। यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहनुपर्दछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेपाली नोटमा पृथ्वीनारायण शाहको चित्र अंकित गर्न माग




काठमाडौं। संयुक्त राष्ट्रिय शान्तिपूर्ण नागरिक आन्दोलनले विशाल नेपाल निर्माण गर्ने राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मदिन पुस २७ गतेलाई भव्यरूपमा राष्ट्रिय एकता दिवस मनाउन आग्रह गरेको छ। सो राष्ट्रिय एकता दिवसको अवसरमा सगौरव सार्वजनिक विदा हुनुपर्ने मागसमेत गरिएको छ। बाइसे चौबिसे राज्यमा बाँडिएको नेपालीलाई एकीकरण गरी विशाल नेपाल निर्माण गरेको भन्दै योगदान बिर्सिननहुने बताएको छ। संयुक्त राष्ट्रिय शान्तिपूर्ण नागरिक आन्दोलन केन्द्रीय संयोजन समितिले बुधबार मधेश मिडिया हाउसमा आयोजना गरेको पत्रकार सम्मेलनमा जारी गरिएको विज्ञप्तिमा राष्ट्रनिर्माता पृथ्वी नारायण शाहको योगदानको सम्झना एवं सम्मानमा अब छापिने नेपालका नोटहरूमा उनको चित्र अंकित हुनुपर्ने माग गरिएको छ। पत्रकार सम्मेलनमा रामराज्य परिषद्का अध्यक्ष जगत बहादुर थापाले राष्ट्र, राष्ट्रियता र धर्मसंस्कृति संरक्षण जस्तो ज्वलन्त विषयलाई अहिले एकदमै उपेक्षा गरिएको आरोप लगाएका छन्। राष्ट्र, राष्ट्रियता र धर्मसंस्कृतिको यथोचित संरक्षण गर्दै मुलुकलाई बलियो बनाउन संयुक्त राष्ट्रिय शान्तिपूर्ण नागरिक आन्दोलनको विकल्प नरहेको बताए।

थापाले नेपालको मूल समस्या धर्म परिवर्तन रहेको बताउँदै नेपालका कम्युनिष्टहरू त्रिश्चियन रहेको आरोप समेत लगाए। यसैगरी, वरिष्ठ अधिवक्ता तथा नेपालका लागि नेपाली अभियानका प्रमुख अभियन्ता बालकृष्ण न्यौपानेले नेपालको पहिचान रक्षाका लागि राजसंस्था अपरिहार्य रहेको बताए। उनले अहिलेको शासन व्यवस्था र नवराजाहरूले देशलाई बर्बाद गर्न लागेको भन्दै राजसंस्था आवश्यक रहेको बताए। नेपाललाई पुन: हिन्दूराष्ट बनाउनुपर्ने धारणा राख्दै उनले भने, 'संघीयताको नाममा अहिले टोलटोलमा भ्रष्टाचार बढेको छ। यिनीहरूका विरूद्ध अब सबै आआफ्नो ठाउँबाट लाग्नैपर्छ।'

**मुलुक बचाउने जिम्मेवारी हाम्रो हो : रायमाझी**

पुनरूत्थानवादी शक्ति नेपालका प्रमुख नेता शेखर जंग रायमाझीले मुलुक जोगाउने जिम्मा आफूहरूको काँधमा आएको बताएका छन्। उनले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले एकीकृत गरेको नेपालको अहिले खतरामा पर्दै गइरहेको टिप्पणी गरेका छन्। बुधबार संयुक्त राष्ट्रिय शान्तिपूर्ण नागरिक आन्दोलनले आयोजना गरेको पत्रकार सम्मेलनमा नेता रायमाझीले कांग्रेस र कम्युनिष्टले नेपाललाई बर्बाद गर्न लागेकोले यसको विरूद्धमा सबै सचेत नेपाली नागरिक लाग्नुपर्ने आह्वान गरेका छन्। उनले धर्मनिरपेक्षता, संघीय र गणतन्त्र जस्ता प्रत्युत्पादक विषयहरू राष्ट्रिय सूचीबाटै हटाउनुपर्ने माग गरेका छन्। उनले देशको हित प्रतिकूल हुने गरी लादिएको धर्म निरपेक्षता, संघीयता र गणतन्त्र जस्ता पश्चगामी विषयहरूको टुंगो लगाउन पनि संयुक्त राष्ट्रिय शान्तिपूर्ण नागरिक आन्दोलनमा सहभागी हुन आह्वान गरेका हुन्। उनले अहिले नेपालको हितका लागि एकजुट नभए हाम्रा सन्ततिले हामीलाई माफ नगर्ने बताए।

## जिल्ला समाचार

# बलिदानी दिवस समारोह वीरगन्जमा हुने

जनकपुरधाम। मधेश आन्दोलनमा बलिदानी दिएका शहीदहरूको सम्झनामा मनाईने बलिदानी दिवस प्रदेश सरकारले यस वर्ष वीरगंजमा विशेष समारोहको आयोजना गरि मनाउने भएको छ। प्रदेश सरकार मन्त्री परिषद्को बिहिबार सम्पन्न बैठकले माघ ५ गते बलिदानी दिवस भव्यताका साथ मनाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादवले जनाए। प्रदेश सरकारको आयोजनामा हुने उक्त कार्यक्रममा विभिन्न शीर्ष नेताहरूको समेत उपस्थिति रहनेछ। उक्त कार्यक्रममा मधेश आन्दोलनका शहीद परिवार एवं घाइतेहरूलाई सम्मान समेत गरिने जनाइएको छ। २०६३ साल यता मधेश केन्द्रित दलहरूले शहीदहरूको सम्झनामा मनाउँदै आएका बलिदानी दिवस गत वर्ष देखी प्रदेश सरकारले मनाउन थालेको हो। गत वर्ष माघ ५ गते सिरहाको लहानमा बलिदानी दिवसको विशेष समारोह आयोजना गरिएको थियो।

# विवाद तत्काल टुंग्याउन जोड

कञ्चनपुर। पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी वरिष्ठ नेता माधवकुमार नेपालले नेपाल-भारतबीको सीमा विवाद तत्काल टुंग्याउनुपर्ने बताएका छन्। उनले दुई देशबीचको मित्रतालाई अझ सुमधुर र बलियो बनाउन यस्ता समस्याहरू तत्काल सम्बोधन गर्न दुवै देशका सरकार गम्भीर हुनुपर्ने समेत बताएका हुन्। प्रेस संगठन नेपालले महेन्द्रनगरमा आयोगजना गरेको एक कार्यक्रममा पूर्वप्रम नेपालले यस्तो बताएका हुन्। 'नेपाल र भारतबीच देखिएको कालापानी लगायत क्षेत्रको सीमा विवाद तत्काल टुंग्याउनुपर्छ' उनले भने। कालापानी क्षेत्र लगायतको विषयमा तथ्य र प्रमाणका आधारमा टुंग्याउनु पर्नेमा उनले जोड दिएका हुन्।

# स्थानीय जनशक्ति उपयोग गर्न माग

विराटनगर। राष्ट्रिय जनगणना -२०७८ लाई विश्वसनीय बनाउन प्रदेश र स्थानीय तहको भूमिका महत्वपूर्ण रहने औंल्याइएको छ। 'मेरो गणना मेरो सहभागिता नारा' का साथ तथ्याङ्क कार्यालय मोरङद्धारा आयोजित कार्यक्रमका सहभागीले पालिकाको गणनामा स्थानीय जनशक्ति प्रयोग गर्न सुझाव दिएका थिए। जनगणना आगामी २०७८ जेठ २५ देखि असार ८ सम्म हुँदैछ। कार्यक्रममा जिल्ला समन्वय समिति मोरङका प्रमुख नरेश पोखरेलले राज्यको साधनस्रोतको समुचित बाँडफाँडमा यसले सहयोग पुऱ्याउने चर्चा गर्दै गणना पूर्वअभ्यास गर्नुपर्नेमा जोड दिए। कार्यालयका प्रमुख अशोकुमार भट्टराईले विदेशमा बस्नेको अनलाइन सूचना संकलन गर्नुका साथै ट्याब प्रयोग गरी सोही र विश्वासिलो गणना गर्ने विश्वास दिलाए। मोरङ जिल्लामा एक हजार ५०० गणकले जनगणना सङ्कलन गर्नेछन्।

# राष्ट्रिय च्याउ जागरण अभियान

धनगढी। 'देशभरिका च्याउ किसानहरू एक हौं भन्ने नाराका साथ विभिन्न मागसहित धनगढीमा राष्ट्रिय च्याउ जागरण अभियान आइपुगेको छ। राष्ट्रिय च्याउ जागरण अभियानमा सहभागी च्याउ उत्पादन किसानले बुधबार धनगढी उपमहानगरपालिका-१२ जुगेडामा रहेको केदार च्याउ फार्ममा एक कार्यक्रम आयोजना गरेको थिए। च्याउ उत्पादक किसान सङ्घ नेपालको आयोजनामा जारी जागरण अभियानमा स्वदेशमा गुणस्तरीय च्याउ उत्पादन र बजारीकरणमा सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने किसानमैत्री च्याउ नीति तथा च्याउ खेतीमा बीमाको व्यवस्था गर्नुपर्ने लगायतका माग अघि सारिएका छन्। देशभरका ३५ हजार बढी च्याउ उत्पादक किसान आबद्ध संस्थाले पहिलोपटक राष्ट्रिय जागरण अभियान सुरू गरेको सङ्घका अध्यक्ष प्रेमनारायण अधिकारीले बताए।

# प्रतिबन्धित सामाग्रीको निकासी रोकिएन

रौतहट। चुरे क्षेत्रबाट ढुङ्गा, गिटी र बालुवाजन्य प्राकृतिक सम्पदा निकासीमा प्रतिबन्ध लगाइएको भएपनि अहिलेसम्म त्यहाँबाट यस्ता सामग्रीको निकासी हुँदै आएको छ। डिभिजन वन कार्यलय, रौतहटको कडाइका साथ चुरे क्षेत्रमा ट्र्याक्टर प्रवेश निषेध गरे पनि ढुङ्गाको व्यावसायिक बिक्रीवितरण गर्ने समूहले चुरे फेदीका गाउँबस्ती नजिकका खोला नदीबाट ढुङ्गा, बालुवा निकासी गरिरहेको पाइएको हो। गत आइतबार मात्र डिभिजन वन कार्यलयको सशस्त्र वनरक्षक समूहको गस्ती टोलीले बारा र रौतहटको सीमावर्ती धनसार खोलामा ढुङ्गा लोड गरी ल्याइरहेको अवस्थामा सात वटा ट्र्याक्टर ढुङ्गासहित नियन्त्रणमा लिएपछि प्रतिबन्धित सामाग्रीको निकास भइरहेको खुलेको हो। डिभिजन वन कार्यालय, रौतहटका प्रमुख विनोद सिंहले चुरे क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन र ओसारप्रसार बर्जित रहेको जनाउँदै हालै नियन्त्रणमा लिइएका ट्र्याक्टर कारबाहीका क्रममा रहेको जनाए। चुरेबाट ढुङ्गाको चोरी निकासी दैनिकजसो हुने गरेको त्यस भेगका बासिन्दाको भनाइ छ।

# माघे संक्रान्तिमा दुई दिन बिदा

रूपन्देही। प्रदेश ५ सरकारले माघेसङ्क्रान्ति पर्वको अवसरमा दुई दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ। प्रदेश मन्त्रिपरिषद्को बैठकले माघेसङ्क्रान्तिका अवसरमा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको सरकारका प्रवक्ता तथा मन्त्री वैजनाथ चौधरीले जानकारी दिए। मगर तथा थारू समुदायको बाहुल्य रहेको प्रदेश ५ मा उनीहरूले मान्ने चाड माघीको अवसरमा आगामी १ र २ गते सार्वजनिक बिदा दिने निर्णय गरिएको हो। माघेसङ्क्रान्तिका अवसरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा यही पुस २९ गते मुख्यमन्त्री निवासमा शुभकामना आदान-प्रदान तथा चियापानको व्यवस्था गरिएको प्रवक्ता चौधरीले जानकारी दिए। बैठकले मन्त्री 'प्रदेश पदक नियमावली २०७६' स्वीकृत गर्नुका साथै प्रदेश चलचित्र निर्माण, प्रदर्शन तथा वितरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणा-पत्रलाई स्वीकृत गरेको छ।

# पर्यटक बढाउन महोत्सवको आयोजना

कैलाली। कैलालीको घोडाघोडी नगरपालिकामा माघ २ देखि १२ गते सम्म सांगीतिक तथा पर्यटन महोत्सव आयोजना गरिएको छ। घोडाघोडी नगरपालिका १ सुखडमा हुने महोत्सवको माध्यमबाट घोडाघोडी तालको प्रचारप्रसार गरी पर्यटक बढाउने उद्देश्यले महोत्सवको आयोजना गरिएको हो। 'विश्व रामसार क्षेत्रमा रहेको घोडाघोडी तालको प्रचारप्रसार गर्ने र आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न पर्यटन महोत्सवको आयोजना गरिएको हो महोत्सव मूल आयोजक समितिका संयोजक हरेन्द्र चौधरीले बताए। घोडाघोडी नगरपालिका भित्रका पर्यटकीय क्षेत्र घोडाघोडी ताल, चिडिया ताल, नकरोड बुढिया ताल, माघी होमस्टेको महोत्सवको माध्यम बाट प्रचारप्रसार गर्ने आयोजकको भनाइ छ। महोत्सवले घोडाघोडी क्षेत्रको मात्र नभई समग्र कैलाली जिल्लाको पर्यटन प्रवर्द्धनमा भूमिका खेल्ने प्रचारप्रसार समितिका संयोजक प्रकाश मिश्रले बताए।

# नि:शुल्क औषधी प्रदान

वीरगन्ज। वीरगन्ज महानगरपालिकाका नगर प्रमुख बिजय कुमार सरावगीको सक्रियतामा संचालन गरिएको मोतियाबिन्दु मुक्त समाज अभियानमा क्वेष्ट औषधी उद्योगद्धारा आर्थिक सहयोग प्रदान भएको छ। मानव सेवा नै ठुलो धर्म हो भन्ने सोचका साथ क्वेष्ट औषधी उद्योगका सचांलक पृथ्वी राजभण्डारीले नि:शुल्क मोतीयाबिन्दु कार्यक्रमलाई १ लाख २० हजार सहयोग प्रदान गरे। नि:शुल्क मोतीयाविन्दु उपचार कार्यक्रममा क्वेष्ट औषधी उद्योगद्धारा प्रदान गरिएको आर्थिक सहयोगको चेक बुझ्दै उद्योगका संचालक पृथ्वीराज भण्डारीलाई नगर प्रमुख सरावगीले धन्यवाद व्यक्त गरे। साथै नगर प्रमुख सरावगीले मंगलबार किरण अँखा अस्पतालमा शल्यक्रिया गरेका एक वृद्ध आमाबुवाहरूलाई बुधबार बिहान अँखामा लगाउने औषधी, चश्मा दिएर किरण आँखा अस्पतालबाट बिदाइ गरे साथै यो अभियानमा सहयोग गर्ने शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि, जगदम्बा एस.एस पाइप प्रा लि, सर्वोतम प्रा.लि का श्री राजेश अग्रवाललाई पनि नगर प्रमुख सरावगीले धन्यवाद दिए।

# खेल सामग्री प्रदान

नेपालगञ्ज। नेपालगञ्ज उपमहानगरपालिका-२२ का क्रिकेट खेलाडीलाई खेल अभ्यासमा सहयोग पुऱ्याउनका लागि वडा कार्यालयले क्रिकेट सामग्री प्रदान गरी सहयोग गरेको छ। वडा नम्बर २२ का अध्यक्ष विद्याराम वर्मा र वडा सचिव मातृका हरि न्यौपानेले संयुक्त रूपमा खेलाडीहरूलाई खेल सामग्री हस्तान्तरण गरेका हुन्। नेपालगञ्जमा आयोजना हुन लागेको दोस्रो अन्तर वडास्तरीय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउने वडा नम्बर २२ को क्रिकेट टोलीलाई सो क्रिकेट किट प्रदान गरिएको वडा अध्यक्ष बर्माले बताए। वडा नं. २२ का कप्तान रविस वर्माले खेल सामग्री पाएपछि अब अभ्यास सहज हुने बताए।

# राजपाकी सांसदले विद्यार्थीलाई भारतमा छात्रवृत्ति दिने



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालकी सांसद चन्दा चौधरीको नेपाल-भारत महिला मैत्री समाजले नेपाली विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिमा छिमेकी मित्रराष्ट्र भारतमा पढाइदिने भएको छ । समाजले महोत्तरी जिल्लाको पिपरा गाउँपालिकाका विद्यार्थीहरूलाई ब्याचलर र मास्टर्सका कोर्षहरू भारतमा पढाइदिने जारी गरिएको सूचनामा उल्लेख छ । यो छात्रवृत्तिको सम्पूर्ण खर्च समाजले नै व्यहोर्ने समाजकी अध्यक्ष चन्दा चौधरीले मधेशवाणीलाई बताएकी छन् ।

इच्छुक विद्यार्थीहरूले आफ्ना सम्पूर्ण प्रमाणपत्रहरूसहित १५ जनवरी अर्थात् माघ १ गतेसम्म सम्पर्क गर्नुपर्ने सूचनामा भनिएको छ । यो छात्रवृत्तिमा सहभागी हुनका लागि २.६ जीपीए अर्थात् ६५ प्रतिशत मार्क अनिवार्य हुनुपर्ने शर्त रहेको छ । समाजले पिपरा गाउँपालिकाका लागि आह्वान गरिएको छात्रवृत्तिमा कति जना विद्यार्थीलाई यो अवसर प्राप्त हुने भन्ने संख्या खुलाइएको छैन ।



पिपरा गाँउ पालिकाको लागि
Fully Scholarship Study In India For Different Subject.
Sponsored By Indo Nepal Mahila Samaj ; Recommended By Hon Parliament Mrs. Chanda Chaudhary (माननीय श्री चन्दा चौधरी, संघिय सांसद)
For Bachelor's Courses : Require Document's
1. SLC ( Mark shed , Charter, School Living ) Copy 2 Pics.
2. +2 ( Mark shed , Charter, School/ Campus Living) Copy 2 Pics.
3. Student Citizenship And Parent's Citizenship Xerox Copy 2 Pics.
4. Passport Size Photo 2 Pics.
For Master's Courses : Require Document's
1. SLC ( Mark shed , Charter, School Living ) Copy 2 Pics.
2. +2 ( Mark shed , Charter, School/ Campus Living) Copy 2 Pics.
3. Bachelor's ( Mark shed , Charter, Campus Living) Copy 2 Pics.
4. Student Citizenship And Parent's Citizenship Xerox Copy 2 Pics.
5. Passport Size Photo 2 Pics.
Mark's Required 2.6 GPA / 65%
Dead Line: 15th January 2020

**सराहनीय कार्य : सिंह**

नेपाल-भारत मैत्री युवा संघले समाजको सो कार्यको सराहना गरेको छ । संघका महासचिव कृष्णा सिंहले समाजको सो कार्य स्वागतयोग्य रहेको बताएका छन् । 'मधेशका युवाहरू जेहेन्दार भएपनि आर्थिक अभावका कारण उच्च शिक्षा हासिल गर्नबाट बञ्चत रहनुपर्ने अवस्था विद्यमान छ । यो छात्रवृत्तिले गर्दा गरीब जेहेन्दार विद्यार्थीका लागि राम्रो मौका भएको छ ।' महासचिव सिंहले मधेशवाणीलाई भने, 'मधेशका युवाहरू छात्रवृत्तिमा पढ्न पाउनु सकारात्मक कुरा हो । कमसेकम सांसद चौधरीको पहलमा मधेशका युवाहरू छात्रवृत्तिमा पढ्न पाउनु राम्रो कुरा हो ।'

# नेपाली अधिकारीको प्रशिक्षण भारतमा

काठमाडौं । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका २१ जना अधिकारीको दोस्रो ब्याचले भारतको गुजरातको गान्धीनगरस्थित गुजरात फरेन्सिक साइन्सेस युनिभरसिटीमा 'ठगी, घूसखोरी र भ्रष्टाचार निवारण' विषयमा ६ दिने प्रशिक्षण सुरू गरेका छन् । सोमबारदेखि सुरू भएको यस प्रशिक्षण कार्यक्रमले नेपाली अधिकारीको क्षमता विकासमा भारतको निरन्तर प्रतिबद्धतालाई पुष्टि गर्दछ । यसअघि अख्तियार दुरूपयोग अनुसन्धान आयोगकै २१ जना अधिकारीको पहिलो ब्याचल मंसीर ३० गतेदेखि पौष ५ गतेसम्म सोही विषयमा प्रशिक्षण लिइसकेका छन् । संकायका अनुभवी सदस्यहरूबाट संचालित सो प्रशिक्षण नेपाली अधिकारीले अत्यन्तै राम्रो र फलदायी रहेको पाए । नयाँ तथा उपयोगी विचारसहित अनुसन्धान कार्यलाई अघि बढाउन सो प्रशिक्षणले नेपाली अधिकारीलाई सक्षम बनाएको छ । नेपाल सरकारको आग्रहमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका कूल ४२ अधिकारीका लागि तयार पारिएको यो एक विशेष कोर्ष हो । नेपालमा भ्रष्टाचारका गतिविधिहरूमा अंकुश लगाउन एवम् सुशासन कायम राख्न यो कोर्षले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको संस्थागत क्षमतालाई सुदृढ पार्नेछ । मुख्यत: भ्रष्टाचारका कारकहरूको पहिचान, अर्थतन्त्रमा यसको प्रभाव तथा यसको पहिचान र रोकथामका लागि प्रयोग हुने विधिहरूमा यो कोर्ष केन्द्रित रहेको भारतीय राजदूतावासले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# नेपाल भ्रमण वर्ष उद्घाटन

काठमाडौं । नेपाली दूतावास भएका मुलुकहरूमा भ्रमण वर्षको उद्घाटन गर्ने कार्यक्रमअनुसार छिमेकी मित्रराष्ट्र भारतको राजधानी नयाँदिल्लीमा पनि नेपाल भ्रमण वर्ष २०२० को उद्घाटन गरिएको छ । भारतका लागि नेपाली राजदूत निलाम्बर आचार्य, भारतीय विदेश मन्त्रालयका नेपाल, भुटान डेस्क हेर्ने सहसचिव पियुष श्रीवास्तव, भारतीय पर्यटन मन्त्रालयकी महानिर्देशक मीनाक्षी शर्मा, भारतका लागि भुटानका राजदूत भेत्स्योप न्याम्ग्यालले संयुक्तरूपमा लोगो सार्वजनिक गरेर औपचारिक भ्रमण वर्षको उदघाटन गरेका छन् ।

## आर्थिक समाचार

ज्योति गौतम

# आईसीआईसीआई अब नेपालमा पनि

काठमाडौं । भारतको निजी क्षेत्रको सबैभन्दा ठूलो बैंक आईसीआईसीआईले नेपालमा प्रतिनिधि कार्यालय खोल्ने भएको छ । यसका लागि बैंकले गत जुनमा आशयपत्र (लेटर अफ इन्टेन्ट-एलओआई) पाइसकेको छ । एलओआई लिँदा ३ हजार अमेरिकी डलर तिर्नुपर्ने व्यवस्था छ । उक्त पैसा तिरेर अन्तिम स्वीकृतिका लागि राष्ट्र बैंकमा निवेदन दिइसकेको छ । आईसीआईसीआई भारतको अन्तर्राष्ट्रिय वित्तीय सेवाप्रदायक कम्पनी हो । मुम्बइमा मुख्यालय भएको यो बैंक सम्पत्ती र बजार पुँजीकरणका आधारमा भारतको दोस्रो ठूलो बैंक हो । भारतीय रिजर्भ बैंकले आईसीआईसीआईलाई एसबीआई र एचडीएफसीसँगै वित्तीय प्रणालीकै महत्वपूर्ण बैंकको सूचीमा राखेको छ ।

# मुक्तिनाथ विकास बैंक १४औं वर्षमा

काठमाडौं । मुक्तिनाथ विकास बैंक १४औं वर्षमा प्रवेश गरेको छ । बैंकले वार्षिकोत्सवको अवसरमा विद्यार्थीलाई छात्रवृतिदेखि वृद्धाश्रमलाई खाद्यान्नसम्म सहयोग गरेको छ । मुक्तिनाथ विकास बैंकले विभिन्न विद्यालयका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति, विद्यालयमा स्टेसनरीका सामग्री तथा फनिर्चर, विभिन्न अनाथालय तथा वृद्धाश्रममा खाद्यान्न तथा लत्ताकपडा वितरण गरेको छ । त्यस्तै गरी चेपाङ संरक्षण समितिलाई खाद्यान्न, विभिन्न ठाउँमा डस्टबिन र तराइका शीतलहरबाट प्रभावित क्षेत्रमा कम्बल तथा विभिन्न अस्पतालमा विरामी कुरूवा बस्ने कुर्सीसमेत सहयोग गरेको छ ।

# नेपाल-भारत पेट्रोलियम बैठक हुने

काठमाडौं । नेपाल-भारत पेट्रोलियम तथा ग्यास संयुक्त कार्यकारी समूहको बैठक नयाँ दिल्लीमा हुने भएको छ । बैठक पुस २७ र २८ गते नयाँ दिल्लीमा हुने तय भएको छ । बैठकमा पेट्रोलियमको आपूर्ति व्यवस्था, अन्तरदेशीय पेट्रोलियम पाइपलाइनको पूर्ण क्षमतामा सञ्चालन तथा नेपालमा पेट्रोलियम पदार्थको भण्डारण बिस्तारजस्ता विषयमा छलफल हुनेछ । यस्तै बैठकमा अन्तरदेशीय ग्यास तथा पट्रोलियम पाइपलाइन, हाल सञ्चालनमा आएको डिजेल पाईपलाईनबाट पेट्रोल ढुवानी जस्ता विषयमा छलफल हुने उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।





# दूतावाससँग छलफल

काठमाडौं । नेपाल उद्योग परिसंघका पदाधिकारीहरूले नेपालस्थित भारतीय दूतावासका सार्ज डे अफेयर्स डा. अजयकुमारसँग छलफल गरेको छ । छलफलका क्रममा परिसंघका अध्यक्ष सतीशकुमार मोरले नेपालमा भारतीय लगानी बढाउन दूतावास तथा परिसंघ मिलेर काम गर्नुपर्ने आवश्यकतामा जोड दिए । अध्यक्ष मोरले नेपालले मनाइरहेको भ्रमण वर्ष २०२० लाई सफल बनाउन पनि दूतावासको सहयोग आवश्यक रहेको बताए । त्यसक्रममा सार्ज डे अफेयर्स डा. अजयकुमारले नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन भारतमा यसको प्रचार-प्रसारलाई अझै तीव्र बनाउन आवश्यक रहेको जनाउँदै स्थलमार्गबाट नेपाल आउने भारतीय पर्यटकलाई सरलिकृत व्यवस्था भए भारतबाट नेपाल आउने पर्यटकको संख्यामा उल्लेख्य वृद्धि हुन सक्ने बताए ।

# पर्यटकको घुइँचो

काठमाडौं नेपाल भ्रमण वर्ष २०२० प्रारम्भ भएसँगै सुदूरपश्चिम प्रदेशमा आउने भारतीय पर्यटकको संख्यामा वृद्धि भएको छ । भ्रमण वर्ष सुरू भएपछिको ६ दिनमा सुदूरपश्चिमका तीनवटा नाकाबाट ५ हजार एक सय ५८ जना भारतीय पर्यटक नेपाल आएका छन् ।

# धर्म निरपेक्षता र राजनीतिबारे छलफल

काठमाडौं । नेपाल र भारतमा धर्म निरपेक्षता र राजनीति विषयमा त्रिविविमा छलफल भएको छ । नेपाल र एसियाली अनुसन्धान केन्द्र (सिनास) को आयोजनामा भएको कार्यक्रममा भारत हरियाणाको भगत पुल सिंह महिला विश्वविद्यालयकी उपकुलप्रति सुष्मा यादवले 'भारत र नेपालमा निरपेक्षता र हिन्दु परम्परा' बारे प्रस्तुति दिएकी थिइन । यस्तै, सिनासका कार्यकारी निर्देशक मृगेन्द्रबहादुर कार्कीले 'नेपालको सभ्यता : आधुनिकीकरण, राजनीति र संविधान' बारेको प्रस्तुति दिएका थिए ।

# चर्को ब्याजदरमा ऋण दिने यादव हिरासतमा

काठमाडौं । चर्को ब्याजदरमा ऋण दिने सर्लाही जिल्लाका एक जनालाई प्रहरीले पक्राउ गरेको छ । चर्को ब्याजदरमा ऋण दिने र ऋण तिर्न नसक्नेहरूको जग्गा कब्जा गर्ने रामबाबु राय यादवलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय, सर्लाहीले यादवलाई बुधबार पक्राउ गरेको हो । करिब एक दर्जन पीडितहरू न्याय खोज्दै काठमाडौं आएपछि प्रहरीले यादवलाई नियन्त्रणमा लिएको हो । यादवले सर्लाहीका रामप्रवेश महतो, सुरेश शाह, सहदेव राय, मोह शाह, पिताम्बर महतो, बिकाउ ठाकुर, राजुप्रसाद कुसवाह, कपुरी ठाकुर लगायतलाई चर्को ब्याजदरमा ऋण दिएका थिए । उनीहरूमध्ये सुरेशले ६० हजार रूपैयाँ ऋण लिएर ७ लाख ४२ हजार रूपैयाँ तिरिसकेका छन् । तर, अझै ऋण चुक्ता नभएको भन्दै जग्गा समेत कब्जा गरिएको पीडितको गुनासो छ । यादव राजपाका केन्द्रीय सदस्य पनि हुन् । उनी स्थानीय तहको निर्वाचनमा बरहथवा नगरपालिकाबाट मेयर पदका लागि उम्मेवार बनेका थिए ।

# गठबन्धनले...

दुई, अल्पसङ्ख्यक दुई र अन्य सात जना निर्वाचित हुनेछन् ।

संघीय संसद्को माथिल्लो सभाका रूपमा रहने राष्ट्रियसभामा समाजका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका प्रबुद्ध व्यक्तिको प्रतिनिधित्व हुने संविधानले परिकल्पना गरेको छ ।

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट राष्ट्रिय सभा सदस्यका लागि १६ जनाले उम्मेदवारी दिएका छन् । प्रदेश १ बाट इन्दु गौतम, देवेन्द्र दाहाल र गोपी अछामी, प्रदेश २ बाट तुलसा दाहाल र राधेश्याम पासवान, प्रदेश ३ बाट गंगा बेलवासे र डा. बेदुराम भुसालले उम्मेदवारी दिएका छन् ।

त्यस्तै गण्डकी प्रदेशबाट भगवती न्यौपाने र नारायणकाजी श्रेष्ठ, प्रदेश ५ बाट विमला घिमिरे, गोपाल भट्टराई र जगप्रसाद शर्मा, कर्णाली प्रदेशबाट सुमित्रा बिसी र मायाप्रसाद शर्मा उम्मेद्वार छन् । तारामान स्वाँर र शारदा भट्ट सुदूरपश्चिम प्रदेशबाट उम्मेदवार बनेका छन् ।

प्रतिपक्ष नेपाली कांग्रेसले प्रदेश १ बाट निरबहादुर विश्वकर्मा, मिना पुलामी मगर र राजेन्द्र घिमिरे प्रदेश २ बाट नागिना यादव र भोला पन्जियार प्रदेश ३ बाट हरिशरण श्रेष्ठ, छलीकुमारी शर्मा र सूर्यप्रसाद रेग्मी, कर्णाली प्रदेशबाट विमला गौचन, प्रदेश ५ बाट बालकृष्ण पाण्डे, गिरिजा न्यौपाने र मेराज हलवाई, कर्णाली प्रदेशबाट डिल्लिराम पाठक र सवित्रा पौडेल, सुदूरपश्चिम प्रदेशबाट प्रताप ठगुन्ना र तुलसी देवकोटालाई उम्मेदवार बनाएको छ ।

यस्तै, राजपा नेपालले प्रदेश २ बाट मृगेन्द्रकुमार सिंह यादव र शेखरकुमार सिंहलाई र संघीय समाजवादी पार्टीले रामप्रीत पासवानलाई उम्मेदवार बनाएको छ । प्रदेश २ मा नेकपाले राष्ट्रिय जनता पार्टी र कांग्रेसले संघीय समाजवादी पार्टीसँग तालमेल गरेका छन् ।

प्रदेश २ मा दलीय गठबन्धन

प्रदेश २ मा महिला एक, दलित एक, अल्पसंख्यक एक र अन्य एक गरी चार पदका लागि मतदान हुँदैछ । प्रदेशसभा सदस्यतर्फ १०७ र स्थानीय तहतर्फ अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख, उपप्रमुख २७२ गरी जम्मा ३७९ जना मतदाताले मताधिकार पाएका छन् । दलगत मत हेर्दा नेकपा ११५, नेका ९४, समाजवादी ८१, राजपा नेपाल ७९, नेपाल लोकतान्त्रिक फोरम ६ र र अन्य दलका तीनजना मतदाता कायम छन् । यस प्रदेशमा सत्तारूढ नेकपा र राजपाबीच निर्वाचनमा मिलेर जाने सहमति भएको छ । नेकपा र राजपा मिल्दा १९४ जना मतदाता कायम हुने छन् । उता, कांग्रेस र समाजवादी पार्टीबीच पनि मतदानमा सहकार्य गर्ने सहमति भएको छ । जसअनुसार यी दुई दल मिल्दा १७५ मत हुनेछ । नेपाल लोकतान्त्रिक फोरम ६ अन्य दलको जम्मा तीन मत गरी नौ मत रहेको छ । नेकपा र राजपाबाहेक सबै दलको मत १८५ छ । यस हिसाबले नेकपा गठबन्धन सबै दल एक ठाउँमा उभिए पनि नौ मतले अगाडि रहेको छ ।

# भ्रमण...

'५२ बिघा झरौखर पोखरा'ले पनि यसलाई थप रौनकता प्रदान गरेको छ । यस नगरकै हरिहरपुरमा अवस्थित एक विशाल पत्थरको बाकसको आफ्नै रहस्यमय सन्दर्भ छ । यस्तो ऐतिहासिक स्थल सिम्रौनगढलाई प्रदेश २ सरकारले राजनीतिक गर्ने थलोको रूपमा प्रयोग मात्र गर्ने गरिन्छ । पर्यटन वर्ष २०२० लाई ध्यानमा राखेर पर्यटन बोर्डले कात्तिकमा सार्वजनिक गरेको घुम्नैपर्ने स्थानहरूको सूचीमा सिम्रौनगढ पनि पर्दछ । सिम्रौनगढ जस्तो ऐतिहासिक ठाउँको विकास र प्रचारप्रसारमा कुनै कमि हुन दिनुहुँदैन ।

लहानमा रहेको फुलबारीमा एउटा यस्तो फुल छ जुन वैशाख १ गते मात्र फुल्ने गर्छ र त्यो दिन त्यहाँ ठूलो मेला लाग्ने गर्छ त्यो ठाउँको प्रचारप्रसार कहिल्यै भएको सुनिदैंन । यदि त्यो ठाउँको प्रचार हुने हो भने मधेशको पर्यटनको लागि एउटा कोशेढुंगा सावित हुनसक्छ । त्यही सप्तरीमा रहेको स्वम्भुनाथमा रहेको शिवको मुर्ती दिनानुदिन बढ्दै जान्छ भन्ने पनि किम्बदन्ती रहेको छ । त्यहाँ वैशाखको पहिलो सातादेखि एक महिना मेला लाग्छ ।

मधेशमा यस्ता धेरै स्थानहरू रहेका छन् जसको आजसम्म न कुनै प्रचारप्रसार भएको छ घुम्न चाहनेहरूले आफैं खोजेर वा आफन्तको सहायताले त्यस्ता ठाउँहरू पुग्ने गर्छन् । मधेशमा यस्ता धेरै पर्यटकीय स्थलहरू छन् जो पर्यटकको पर्खाइमा बर्षौदेखि बसिरहेका छन् अब त्यस्ता पर्यटकीय स्थनाहरूको खोजी गर्ने समय आएको छ । प्रचारप्रसारमा ध्यान दिने र पूर्वाधार विकासमा केही पहल गर्ने हो भने मधेशका पर्यटकीय स्थानहरूले नेपाल भ्रमण वर्ष २०२० मा ठूलो योगदान दिनसक्छ ।

प्रदेश २ ले आफूसँग भएको पर्यटकीय प्रचूरतालाई पनि ध्यान दिने हो भने यसबाट मनग्यै लाभ र फाइदा लिन सक्छ । अब 'अतिथि देवो भव'को मन्त्र जपेर मात्र नेपालमा पर्यटक भित्रिने छैनन् । हामी सबैले आफ्नो दैनिक व्यवहारमा पर्यटकलाई पृथक रूपमा नेपालीपनको सेवा दिने शैलीमा परिवर्तन गर्न जरूरी छ । अब हामीले पर्यटनको पनि संघीय संरचना तयार गर्न सक्नुपर्छ । यसमा जति ढिलाइ हुन्छ, क्षेत्रीय तथा विश्व प्रतिस्पर्धाबाट हामी त्यति नै पछि पर्न सक्छौं ।






## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल** : ९८४३१४६४८८

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं